साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क २३ ✪ १६ असार २०८३, मङ्गलबार ✪ 30 June 2026, Tuesday ✪ मूल्य रू. १०।-

## गुणस्तरीय शिक्षाको लागि परीक्षाको मर्यादा कायम गर्नुपर्नेमा जोड

भक्तपुर । भक्तपुरका सार्वजनिक मा.वि.हरूको संयुक्त परीक्षा समितिले एसईई २०८२ को नतिजामा ३.६ भन्दा बढी जीपीए हासिल गरेका विद्यार्थीहरू र शतप्रतिशत विद्यार्थी उत्तीर्ण गर्न सफल विद्यालयको सम्मान गरेको छ। नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले विद्यार्थीहरूलाई बधाई एवं शुभकामना दिँदै आगामी दिन जुनसुकै विषय लिएर पढे पनि गहन अध्ययन गर्न सुझाव दिनुभयो ।

गुणस्तरीय शिक्षाको लागि परीक्षाको मर्यादा कायम गर्नुपर्नेमा जोड दिँदै उहाँले परीक्षा भरपर्दो र विश्वसिलो हुनुपर्नेमा समितिले ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

परिस्थितिले मानिसको चाहना पनि फेर्न सक्ने चर्चा गर्दै उहाँले लेनिनको चाहना पत्रकार, माओको चाहना शिक्षक भए पनि देशको परिस्थितिले उहाँहरूलाई नेता बनाएको उदाहरण दिनुभयो । उहाँले भन्नुभयो, “परिस्थितिअनुसार जोसुकैले जेसुकै पेसा अपनाए पनि सबभन्दा मुख्य कुरा इमानदारी हुनुपर्छ ।”

मिलेर काम गर्ने सहकार्य संस्कार राम्रो भए पनि कहिलेकाहीँ सबैतिर सबैसँग मिलेर जान नसकिने पनि हुँदोरहेछ भन्दै उहाँले रवीन्द्रनाथ ठाकुरको एक्लै अघि बढ्ने भावको कवितांश सुनाउनुभयो ।

एक अर्को प्रसङ्गमा उहाँले राज्य र राष्ट्रको अर्थ एउटै होइन भन्ने कुरा पढेलेखेका बुद्धिजीवीहरूकै माझमा पनि भ्रम देखिन्छ भन्दै राष्ट्र जाति विशेषसँग सम्बन्धित भएकाले आफू राष्ट्रवादी नभई देशभक्त भएको प्रस्ट पार्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले विद्यार्थीको उच्च ग्रेडअनुसार संस्कार पनि उच्च हुनुपर्नेमा जोड दिँदै न्यून ग्रेड र फरक विषय लिई अध्ययन गर्ने अरू विद्यार्थीको पनि उच्च सम्मान गर्न जान्नुपर्छ भन्नुभयो ।

उच्च ग्रेडका विद्यार्थीको रोजाइ शिक्षा विषय किन नभएको भन्नेबारे चर्चा गर्दै उहाँले हालसम्मका कुनै पनि सरकारले शिक्षालाई प्राथमिकता नदिएको बताउनुभयो । उहाँले भन्नुभयो, “रास्वपाको निर्वाचन वाचापत्रमा ‘आगामी दुई दशकसम्म शिक्षामा उच्च लगानी वृद्धि गर्ने’ कुरा उल्लेख छ तर चालु आ.व.मा १०.७५ प्रतिशत शिक्षामा लगानी भइरहेकोमा आगामी आ.व.मा. शिक्षाको लागि १०.२८ प्रतिशत मात्र छुट्याएको छ । यसबाटै वर्तमान सरकारको शिक्षाप्रतिको दृष्टिकोण प्रस्ट हुन्छ ।”

**बाँकी पृष्ठ १२ मा**

## गैरदलीय स्थानीय तहको निर्वाचनले असोचनीय अन्तर्द्वन्द्व निम्त्याउने

भक्तपुर । नेपाल मजदुर किसान पार्टी कोसी प्रदेश समितिको आयोजनामा शनिबार अनलाइनमार्फत समसामयिक विषयमा प्रशिक्षण सम्पन्न भयो ।

कार्यक्रममा पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले अमेरिका र इरान युद्धमा अमेरिका ढलमलिएको विचार व्यक्त गर्नुभयो ।


उहाँले भन्नुभयो, “इजरायल र अमेरिकी सरकारले इरानमाथि हमला गरी इरानलाई नष्ट गर्न चाहेका थिए । तर, इरानको पूर्वतयारीले अमेरिका र इजरायल फर्किनुपरेको हो ।”

अध्यक्ष बिजुक्छेँले आफ्नो पार्टीको धारणा सञ्चारमाध्यममार्फत समयसमयमा जनतालाई प्रस्ट पार्दै आएको जानकारी दिँदै अहिलेको सरकारलाई भोलि के हुन्छ भन्ने थाहा नभएकोले त्यसको परिणाम राम्रो नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, “हामी हाम्रो देशप्रति बफादार हुनुपर्छ । जघन्य अपराध गर्ने र देशद्रोही काम गर्ने मान्छेलाई ज्यान सजायको बन्दोबस्त गर्नुपर्छ ।”

भदौ २३ र २४ गतेको उपद्रव विदेशीबाट सञ्चालित भएको बताउँदै उहाँले त्यसमा युवा विद्यार्थीलाई अगाडि मात्र सारिएको प्रस्ट्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले सरकारले गैरदलीय स्थानीय तहको निर्वाचन गर्नेलगायतका विषय उपयुक्त नभएको बताउँदै यसले देशमा अन्तर्द्वन्द्व निम्त्याउने खतरा बढ्ने विचार व्यक्त गर्नुभयो ।




पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, “रास्वपाको आर्थिक र वैदेशिक मामिला अघिल्ला सरकारहरूको जस्तै भएको सार्वजनिक संस्थानहरू केही व्यक्तिको हातमा बिक्री गर्ने, विदेशी ऋण र लगानी ल्याएर देशलाई नवउपनिवेश बनाउने हो । रास्वपाको विधानमा ‘शोषणरहित समाज’ उल्लेख गरिएको थियो । त्यो पञ्चायती भाषा थियो । ‘शोषणरहित समाजको लागि वर्गीय समाज अन्त्य हुनु आवश्यक छ । रास्वपाको निर्वाचन वाचापत्रमा ‘आर्थिक उदारीकरण’ उल्लेख गरियो भने बजेटमा गोरखकाली रबर उद्योगसहित सात ओटा सरकारी उद्योग केही व्यक्तिको हातमा बिक्री गर्ने उल्लेख गरियो ।”

“रास्वपाको सरकारले नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि, नेपाली युवालाई भाडाको सिपाहीँ बनाउने गोर्खा भर्ती र नेपाललाई भारतको प्रान्तजस्तै बनाउने एमसीसी सम्झौता खारेज गर्नेबारे बोलेन, उल्टो नेपालले भारतको भूमि मिचेको छ भनी भारतीय विस्तारवादको सेवा गर्‍यो । यसअघि रास्वपाले दक्षिण एसियामा ‘मोदी डक्ट्रिन’ को वकालत गरेको थियो”, सचिव सुवालले भन्नुभयो ।

भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि आगजनी गर्ने अपराधीहरूलाई कारबाही गराउन जनता एक भएर उठ्नुपर्ने आवश्यक भएको उहाँले बताउनुभयो ।

## विश्वव्यापी शासन पहलमा किन यति बलियो जीवन्तता ?

पेइचिङ, १५ असार (सीआरआई) । चीनको राज्य परिषद् सूचना कार्यालयले १७ जूनमा ‘थप न्यायपूर्ण र समतामूलक विश्वव्यापी सुशासन: चीनका सिद्धान्त, प्रस्ताव र कार्यहरू’ शीर्षकको श्वेतपत्र जारी गरेको छ । यस श्वेतपत्रले वर्तमान विश्व राजनीतिमा नयाँ बहसको सूत्रपात गर्‍यो ।

यो दस्तावेज चीन सरकारको नीतिगत घोषणा मात्र हैन । यो दोस्रो विश्वयुद्धपछिको स्थापित अन्तर्राष्ट्रिय प्रणालीमा देखिएका संरचनात्मक कमजोरीहरूलाई सुधार्न चीनले अघि सारेको विस्तृत र दीर्घकालीन रणनीतिक योजना हो ।

लगभग १६० देशहरू र अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्राप्त द्रुत समर्थन र प्रतिक्रियादेखि लिएर ‘फ्रेन्ड्स अफ ग्लोबल गभर्नेन्स ग्रुप’ मा ६० भन्दा बढी देशहरूको उत्साहजनक सहभागिता र हालै चीन भ्रमण गर्नुभएका धेरै विदेशी नेताहरूबाट यसको कार्यान्वयनको लागि उच्च प्रशंसा र पूर्ण समर्थनसम्म, सन् २०२५ को सेप्टेम्बरमा यसको प्रस्तावपछि विश्वव्यापी शासन पहलले किन यति उच्च चर्चा प्राप्त गरेको छ ?

चीन सरकारले १७ जूनमा जारी गरेको ‘अधिक न्यायिक र उचित विश्वव्यापी शासन प्रणाली निर्माण: चीनको अवधारणा, पहल र कार्यहरू’ श्वेतपत्रले बाहिरी संसारलाई यो घटना अवलोकन गर्न एउटा झ्याल प्रदान गर्दछ ।

विशेष गरी सन् २०२५ मा संयुक्त राष्ट्रसङ्घको स्थापनाको ८० औँ वार्षिकोत्सव र फासीवादविरुद्धको विजयको ऐतिहासिक सन्दर्भमा राष्ट्रपति सी चिनफिङले प्रस्ताव गरेको विश्वव्यापी सुशासन पहल (ग्लोबल गभर्नेन्स इनिसिएटिभ - जीजीआई) ले २१ औँ शताब्दीको परिवर्तित भूराजनीतिक र आर्थिक वास्तविकतालाई सम्बोधन गर्ने लक्ष्य राखेको देखिन्छ । त्यही पहललाई श्वेतपत्रमा विस्तृत व्याख्या गरिएको छ ।

वर्तमान विश्वमा व्याप्त एकपक्षीयवाद, संरक्षणवाद र अधिनायकवादलाई विस्थापित गरी बहुध्रुवीय विश्वको निर्माण गर्नु चीनको विश्वव्यापी सुशासन पहलको प्राथमिक उद्देश्य हो । श्वेतपत्रले स्पष्ट रूपमा उल्लेख गरेअनुसार, आजको विश्व शताब्दीमै नदेखिएको गहिरो परिवर्तनको मोडमा छ । अहिले शान्ति र विकासका चुनौतीहरू झन् जटिल बन्दै गएका छन् ।

युक्रेन सङ्कट पाँचौं वर्षमा प्रवेश गर्नु, पश्चिम एसियामा द्वन्द्वको विस्तार हुनु र विश्वका ५० भन्दा बढी देशहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा युद्धमा संलग्न हुनुले वर्तमान सुरक्षा संरचना असफल भएको सङ्केत गर्छ । यस्तो अवस्थामा जीजीआईले ‘शक्तिशालीले जे गर्छ, त्यो सही हुन्छ’ भन्ने ‘जङ्गलको कानुन’ लाई चुनौती दिँदै सार्वभौम समानतामा आधारित अन्तर्राष्ट्रिय सम्बन्धको वकालत गरेको छ ।

चीनको यस पहलले विश्वव्यापी शासन प्रणालीलाई केही सीमित शक्तिशाली राष्ट्रहरूको स्वार्थको बन्धक बन्नबाट जोगाई सबै राष्ट्रहरूको समान सहभागिता सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

अन्तर्राष्ट्रिय विधिको शासनलाई सुदृढ गर्नु जीजीआईको अर्को महत्त्वपूर्ण आयाम हो । चीनले संयुक्त राष्ट्रसङ्घको बडापत्रलाई विश्वव्यापी सुशासनको आधारस्तम्भ मानेको छ । आजको अन्याय र टकराव राष्ट्रसङ्घको बडापत्र पुरानो भएर नभई त्यसको प्रभावकारी कार्यान्वयन नभएर उत्पन्न भएको हो भनी श्वेतपत्रमा उल्लेख गरिएको छ ।

**बाँकी पृष्ठ १२ मा**

## आ.व. २०८३/८४ का लागि भक्तपुर नपाको बजेट सर्वसम्मतिबाट पारित

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको २० औँ नगरसभाको बैठकले आर्थिक विधेयक २०८३, विनियोजन विधेयकसहित आ.व. २०८३/८४ का लागि भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिले पारित गर्‍यो ।




उपप्रमुख रजनी जोशीले असार १० गते नगरपालिकाको लागि भक्तपुर नगरपालिकाको रु. २ अर्ब ५५ करोडको बजेट प्रस्तुत गर्नुभएको थियो ।

सभामार्फत नगर प्रमुख सुनिल प्रजापतिले आर्थिक वर्ष २०८३/८४ को बजेटमाथि भएको छलफलमा सक्रिय सहभागिता जनाई रचनात्मक सुझाव, जिज्ञासा तथा समर्थनमार्फत महत्त्वपूर्ण सहयोग पुर्‍याउनुभएका सम्पूर्ण सभासद्हरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

बजेटमाथिको छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले आदर निकेतन न्यून शुल्कमा सञ्चालन गर्ने तयारी गरेको बताउनुभयो । उहाँले राजस्व सङ्कलनलाई थप प्रभावकारी बनाउन विशेष ध्यान दिनुपर्ने, जनताबाट प्राप्त गुनासा र सुझावलाई सम्बोधन गर्दै बजेट तर्जुमा गरिएको तथा सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान क्रमश: घट्दै गइरहेको उल्लेख गर्नुभयो ।

उहाँले नागरिकलाई करसम्बन्धी सचेतना अभिवृद्धि गर्न आवश्यक रहेको र अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री वितरण कार्यक्रमअन्तर्गत झुल वितरण गरिएको जानकारी सभासमक्ष गराउनुभयो ।

सोमबारको सभामा भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को खरिद योजना, न्यायिक समितिको प्रतिवेदन र बेरुजु फछ्र्योटसम्बन्धी प्रस्ताव पेस गरिएको थियो ।


सोही सभाबाट ‘भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५’ मा तेस्रो संशोधन विधेयक २०८३ पारित भयो ।

‘भक्तपुर नगरपालिका, शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५ (तेस्रो संशोधन विधेयक, २०८३)’ अनुसार भक्तपुर नगरपालिकाभित्र स्थायी बसोबास गर्ने जेहनदार तथा विपन्न विद्यार्थीलाई दिइने शैक्षिक ऋणको सीमा रु. ५ लाखबाट बढाएर रु. ७ लाख पुर्‍याउने र शैक्षिक ऋणको वार्षिक ब्याजदर ६ प्रतिशतबाट घटाएर ४ प्रतिशत कायम गर्ने व्यवस्था रहेको छ ।

योग स्वस्थ जीवनको आधार

- ❖ तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- ❖ योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- ❖ शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- ❖ दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- ❖ स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- ❖ योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- ❖ सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- ❖ स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



यदि तीव्र आर्थिक विकास र सामाजिक विकाससँग जोडिएको छैन भने राजनीतिक स्वाधीनताको कुनै अर्थ छैन ।

-प्याट्रिस लुमुम्बा
(अफ्रिकी स्वतन्त्रताका नेता)

## सम्पादकीय

# राजनीतिक दलहरू सानातिना विषयमा नअल्झी इरानजस्तै देशको रक्षामा सोचौँ !

'प्रश्न सोध्ने सांसदलाई अर्थमन्त्री वाग्लेको चेतावनी', 'तपाईंहरूको काण्डबारे हामी अनभिज्ञ छौँ र ?' *(अन्नपूर्ण पोस्ट, २९ जेठ २०८३)*

'नपाउनेले के पायो बोक्रासमेत खायो' भन्ने उखान यहाँ चरितार्थ हुन्छ ।

अहिलेसम्मका अर्थमन्त्रीहरूमा जजसले देशका सेवाका संस्थान र उद्योगधन्धाहरू कौडीको मोलमा बेचेर देशलाई परनिर्भरतामा फसाए ती सबै विदेशी पुँजीका भरिया साबित हुँदै छन् - देशको निर्यात घटेर तथा आयात धेरै गुणा बढेर !

देशका नदीनालाहरूबाट जलविद्युत्को उत्पादन बढ्दै जानु र त्यही बिजुली विदेशसँग महँगोमा नेपालले किन्न पर्ने नीतिलाई के भन्ने ? निर्लज्जताको पनि एउटा सीमा हुन्छ ।

**योजना देशको आर्थिक नीति र क्रमहरू**

देशको अर्थनीति सत्तामा रहेको दलको राजनीतिको उद्देश्यअनुसार मेल खाने गर्छ । बीपी कोइरालाले पूर्व-पश्चिम राजमार्गलाई आर्थिक रूपले अनुपयुक्त ठाने । सुरुमा त्यस राजमार्गमा पाँच मिनेटमा पनि एउटा व्यापारिक गाडी गएको हुँदैनथ्यो ।

अर्को पक्षले सोच्यो - आफ्नै देशको कुनै जिल्ला वा प्रदेश जान विदेश वा परचक्रीको भूमि भएर जाने बाध्यतालाई के सार्वभौम देशलाई सुहाउला ? यो प्रश्नको उत्तरले बताउँछ - त्यो सोच एक राजनीतिक दृष्टिकोण हो तर आज त्यो राजमार्ग नेपालकै व्यापारको स्नायु केन्द्र बन्दै गयो ।

त्यो पाइला परचक्रीलाई मन परेन र 'जनयुद्ध' कै बेलामा जिल्ला-जिल्लामा राजमार्गभन्दा दक्षिणका सबै नेपाली भाषीलाई लखेट्ने अभियान चलाइयो । आर्थिक नीतिअनुसार योजना प्रधानमन्त्री र अर्थमन्त्रीहरूले बनाउँछन् कि विदेशी पुँजीका सूत्रधारहरूले ? 'समाजवादी' र 'वामपन्थी' भनिने अर्थमन्त्रीहरूकै पालामा बजेट बनाउने गुप्त कोठामा निर्वाचनको निम्ति आ-आफ्ना दललाई ठुलो रकम चन्दा दिने देशी वा विदेशी व्यक्तिहरूलाई प्रवेश दिएका थिए । साधारण फलफूलसमेत एकै दिनमा कुहिने होइन, बिस्तारै कुहिने हो । पटकपटक सरकारको नेतृत्व गर्ने दलहरूकै कारण भेदभाव, उद्देश्यहीन र पक्षपातकै कारण विदेशीको सुटकेश बोक्नेहरूको शासन र अर्थतन्त्रको हालीमुहाली छ ।

'सडक बनाउनासाथै समृद्धि आउने मन्त्र उच्चारण गरेर जनतालाई ढाट्ने काम गरे - शासक दलहरूले नै । हरेक परिवारका सदस्यलाई समेत एक दुई किलोमिटर बाँड्दा पनि पुग्ने अनकन्टार ठाउँमा सडक बनाएर प्रतिव्यक्ति करोड करोडौँ खर्च हुने सडक बनाइयो तर, दशौँ वर्षसम्म सडक मर्मत, भिर र खाल्डोबाट हुने दुर्घटनाबाट अर्बौं खर्च बेहोरिँदै गयो । एक प्रमले आफ्नै सरकारको पालामा झोलुङ्गे पुललाई बिदा दिने घोषणा गरे । तर, राससले १४ असार २०८३ को समाचारमा लेख्यो - 'आन्तरिक पर्यटकको घुइँचो' 'कर्णाली नदीमा झोलङ्गे पुल', 'कैलालीको टीकापुर र बर्दियाको राजापुर' जोड्ने पुल निर्माण सम्पन्न ।

देशका सबै जिल्ला र प्रदेश पुलले जोड्ने र झोलुङ्गे पुल 'इतिहास' बन्ने कल्पना गर्ने पूर्वप्रधानमन्त्री कसरी निदाए होलान् ! १५ असारको 'अन्नपूर्ण पोस्ट' ले तस्बिरसहित छाप्यो -'कर्णाली नदीमा झोलुङ्गे पुल, पर्यटकको बढ्यो आकर्षण' ।

हो, एकबेला काठमाडौँदेखि कर्णालीसम्म 'मध्यपहाडी राजमार्ग' चिनियाँहरूले बनाउने योजनाको ठुलो चर्चा चलेको थियो । तर, विदेशी विशेषज्ञहरूको अध्ययनबाट 'त्यो राजमार्ग' लामो हुने, आर्थिक रूपले उपयुक्त नहुने, मर्मत सम्हारमा धेरै खर्च हुने र सुरक्षाको दृष्टिले पनि व्यवहारिक नहुने ठहर गरिएको थियो ।

तर, अहिलेको सरकारले राष्ट्रिय दृष्टिकोणले मूल्याङ्कन गर्नुभन्दा 'स्थानीय कार्यकर्तालाई मतदानमा मत पाउने ढङ्गले' सोच्ने गरेको सबै दलमा कानेखुसी चलिरहेकै छ । कार्यकर्ता र आफ्ना समर्थक ठेकेदारलाई काम दिने उद्देश्यजस्तो सङ्कीर्ण दृष्टिकोणलाई खण्डन गर्न सिकाउन कुन शासक दलले आआफ्ना कार्यकर्ताहरूलाई तालिम दिने होला, भविष्यकै गर्भमा छ !

हिजोका सरकारहरूले एमसीसीलाई पारित गरेर 'हिन्द-प्रशान्त' भारत-अमेरिकी रणनीतिलाई सजिलो बनाउन पारित गरे । अब ती 'थाकेका घोडाहरू' आफ्ना मालिकहरूलाई आवश्यक भएन र 'नयाँ घोडाहरू' बाटै बाँकी नयाँ कामहरू लिने निश्चित छ । तर, पहिलो दोषी वा देशद्रोहीहरू प्रजातान्त्रिक 'समाजवादी' र 'कम्युनिस्ट' भन्नेहरू नै साबित हुनेछन् । आफ्नै खुट्टामा वञ्चरोले हान्ने काम नगर्न अडान लिनु आवश्यक छ ।

# राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंशको सार :

- २०८२ भदौ २३ गते काठमाडौँको माइतिघरमा प्रदर्शन सुरु गरेको 'हामी नेपाल' संस्थाका सुधन गुरुङ, अङ्कित मल्ल, खेमराज साउद, सबल गौतम र पुरुषोत्तम यादवसमेतको टोलीले संयुक्त निवेदन जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता गरी प्रदर्शन शान्तिपूर्ण हुने विश्वास दिलाएको देखिन्छ ।
- जेनजी प्रदर्शनका आह्वानकर्तासमेतका केही व्यक्तिले Wake up Nepal नामक टिकटक अकाउन्टबाट २०८२ भदौ २३ गतेभन्दा पहिले नै "Anything could happen in tomorrow's protest, so be ready with a Molotov cocktail…" भन्दै ७ सेप्टेम्बर २०२५ मा नै मोलोटोभ ककटेल (पेट्रोल बम) बनाएर आउनको लागि आह्वान गरेको, संसद् भवन, सिंहदरबारलगायत सार्वजनिक संरचना जलाइएको वा विध्वंस गरिएको एआई निर्मित फोटो/भिडियोहरू सो प्रदर्शनपूर्व नै सामाजिक सञ्जालमा साझा गरिएको तथ्य र परिस्थितिको विश्लेषण गर्दा २०८२ भदौ २३ गतेको विरोध प्रदर्शन शान्तिपूर्ण रूपमा गर्ने भन्ने एउटा समूह र अनलाइनमा विध्वंसात्मक बनाउने भन्ने अर्कोसमेत २ समूहले तयारी गरिरहेको सञ्चारमाध्यम र छलफल बयानको क्रममा खुल्न र पुष्टि हुन आएको देखिन्छ ।
- भदौ २३ गते लगभग ९ बजेतिर जेनजीका अगुवा भनिने आह्वानकर्ताहरू रक्षा बम, जस्मिन ओझालगायतका समूह पुगेपछि 'हामी नेपाल' का सुधन गुरुङले टेन्ट, स्वयम्सेवकहरूको व्यवस्था, ३ वटा एम्बुलेन्स र माइकिङ व्यवस्था गरेको देखेर रक्षा बम, जस्मिन ओझालगायतका समूहहरूले सुधन गुरुङसँग केही समय विवाद गरी सुधन गुरुङलाई प्रदर्शनबाट फर्कनसमेत आग्रह गरेको देखिन्छ ।
- गलत तत्त्वको घुसपैठ भएको भन्ने थाहा पाएका आयोजकहरूले त्यस्तो घुसपैठ रोक्नको लागि के कस्तो प्रयास वा क्रियाकलाप गरे ? भन्ने कहीँकतैबाट खुल्दैन । प्रदर्शन हिंसात्मक भई भएको जनधन क्षतिको जवाफदेहिता र जिम्मेवारी आयोजकको पनि रहन्छ ।
- 'हामी नेपाल' का सुधन गुरुङलगायतले किन माइतीघर मण्डलामा प्राथमिक उपचारको लागि टेन्ट, ३ वटा एम्बुलेन्स तथा स्वास्थ्य स्वयम्सेवकसमेतको व्यवस्था गरेको हो ? भन्नेतर्फ आयोजकले ठोस जवाफ दिन नसकेको अवस्था छ भने सुरक्षा निकायले पनि यस्तो परिस्थितिको सूक्ष्म विश्लेषण गरी सोहीअनुसारको तयारी गर्न नसकेको पाइन्छ ।
- प्रदर्शनकारीहरूको सङ्ख्या बढेर २०/२५ हजार भएको, सोही समयमा TOB लेखिएको कालो टिसर्ट लगाएका र हात तथा शरीरमा TOB ट्याटु खोपेका १५/२० जनाको बाइकर ग्रुपहरूले भिडलाई अगाडि बढ्न उत्तेजित बनाएको देखिन्छ । करिब १२ बजेतिर 'हामी नेपाल' संस्थाका सुधन गुरुङले भिडको नेतृत्व गरेको र गुरुङले नेतृत्व लिएपश्चात् सुरक्षाकर्मीसँग मुठभेड, झडप भई प्रदर्शन हुलदङ्गामा परिणत भएको देखिन्छ ।
- उक्त स्थानमा TOB लेखिएको कालो टिसर्ट लगाएका र हात तथा शरीरमा TOB ट्याटु खोपेका १५/२० जना बाइकर ग्रुपको भूमिका रहेको देखियो । विध्वंसात्मक कार्य गर्ने गराउने समूहले नवयुवा (जेनजी) को शान्तिपूर्ण विरोध प्रदर्शनलाई कब्जा गरी विद्यार्थीलाई ढाल बनाए । TOB लेखिएको कालो T–shirt लगाएका र हात तथा शरीरमा TOB लेखिएको ट्याटु खोपेका १५/२० जनाको बाइकर समूहको वास्तविक अवस्थाबारे थप अनुसन्धान गरी निष्कर्षमा पुग्नुपर्ने देखिन्छ ।
- विद्यार्थीलाई ढाल बनाई अर्कै समूहले विध्वंसात्मक कार्य गरेको, प्रहरी कर्मचारीउपर नै आक्रमण हुन थालेको र संसद् भवनको चारैतर्फबाट प्रदर्शनकारीहरू प्रवेश गरी तोडफोड तथा आगजनी सुरु गरेको देखिन्छ । प्रदर्शनकारीहरूले प्रहरीहरूलाई लखेटिरहेको जस्ता CCTV समेतका श्रव्य दृश्यहरूबाट देखिन्छ ।
- सरकारले आवश्यक मात्रामा सुरक्षाका उपकरणहरू उपलब्ध नगराएको भन्ने फिल्डमा खटिएका सुरक्षाकर्मीहरूको बयानबाट खुल्न आएको छ । प्रत्यक्षदर्शीको भनाइ CCTV फुटेज र Video हेर्दा संसद् भवनमा तोडफोड गर्ने व्यक्तिलाई गोली नलागी संसद् भवनको दक्षिण र पश्चिम सडक पारी हिँडिरहेका निर्दोष व्यक्तिलाई गोली लागेको यथार्थ नकार्न सकिएन । यस अर्थमा समानुपातिक बलको सिद्धान्तअनुसार "जनधनको क्षति हुनबाट जोगाउन बल प्रयोग गरेको" भन्ने सुरक्षा फौजको जिकिरसँग सहमत हुन सकिएन ।
- भदौ २४ गते बिहान करिब १० बजेदेखि देशैभरि विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ताका घर, निजी व्यावसायिक प्रतिष्ठान, डिपार्टमेन्ट स्टोर, नेपाल बार एसोसियसनलगायत पेसागत सङ्घ-संस्थाका कार्यालय, सरकारी तथा पुरातात्त्विक महत्त्वका संसद् भवन, सिंहदरबार, सरकारी तथा निजी सवारी साधनहरू तोडफोड र आगजनी गर्ने कार्य सुरु गरेको देखिन्छ ।
- प्रदर्शनकारीहरू विशेष गरी नेपाल प्रहरीका कर्मचारीहरूलाई खोजी खोजी कुटपिट गर्दा ३ जना प्रहरी कर्मचारीको हत्या भएको देखिन्छ ।
- रवि लामिछाने थुनामा रहेको ललितपुर नख्खुस्थित कारागारमा पनि राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा तत्कालीन् सांसदहरू मनिष झा र हरि ढकालसहितको भिडले कारागार घेरेपछि सुरक्षाको कारण देखाउँदै रवि लामिछाने कारागारबाट बाहिरिए । तत्पश्चात् सो कारागारका बन्दीहरू पनि कारागार तोडी बाहिर निस्किए । त्यसपछि काठमाडौँमा आगजनी झन् बढेको मिसिल प्रमाणबाट देखिन्छ । 'रवि लामिछाने कारागारबाट बाहिरिन हुने हामी छुट्न किन नहुने' भन्ने भाष्य निर्माण भयो ।
- रवि लामिछानेको सहयोगी र समर्थकले 'लामिछानेलाई छोड्नुपर्छ' भन्ने दबाब दिएपछि 'डर, त्रास र धम्कीका बिच पत्रमा सहीछाप भएको हो' भन्ने कारागार प्रशासक (जेलर) को बयान र "जेलरले मलाई बोलाई पत्र दिई तपाईँ बाहिर गए जेलको सुरक्षा हुन्छ भनी मलाई छोडेको हो" भनी रवि लामिछानेले बयान गरेको देखिन्छ । यसरी दुई बयान एक आपसमा बाझिएको देखियो ।३०,६४० जना कैदीबन्दीहरूमध्ये १३,५८५ कैदीबन्दी र बालसुधार गृहबाट ९७४ जना बाल बिझ्याइकर्ताहरू कारागारबाट भागेका छन् ।
- २४ गतेको घटनाको प्रकृति अवस्था एकै समयमा एकै उद्देश्य लिई देशैभरि भएको देखिन्छ । यसलाई सङ्गठित रूपमा गरिएको आपराधिक कार्य मान्न सकिन्छ । भदौ २४ गते जिउँदै जलाउने, निजी सम्पत्तिमा भएको आक्रमण, आगजनी र तोडफोड, समानताको हक, सम्पत्तिसम्बन्धी हक, ज्येष्ठ नागरिकको हकसमेत हनन भएको देखिन्छ ।
- यस्तो अवस्थामा 'मैले गोली हान्न आदेश दिएको होइन' भनी आफू मातहतका कर्मचारीहरूबाट भएको कार्यको जिम्मेवारी तथा दायित्वबाट तत्कालीन गृहमन्त्री, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक तथा राष्ट्रिय अनुसन्धानका प्रमुख विमुख हुन मिल्ने अवस्था हुँदैन ।
- तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ, तत्कालीन अतिरिक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्की, प्रहरी नायव महानिरीक्षक ओमविक्रम राणा, वरिष्ठ प्रहरी उपरिक्षक विश्व अधिकारी, तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, तत्कालीन अतिरिक्त सशस्त्र प्रहरी महानिरीक्षक नारायणप्रसाद पौडेल, सशस्त्र प्रहरी उपरिक्षक जीवन के. सी., काठमाडौँका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल, सरकारलाई समयमा प्रदर्शन र सुरक्षाको विश्लेषणसहितको सूचना उपलब्ध गराउन नसकी निष्कृय रहेका राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापा, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन निर्देशक कृष्ण खनाल तथा भदौ २३ गते बानेश्वर र संसद् भवन क्षेत्रको फिल्डमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका फिल्ड कमान्डरहरू मानव अधिकार उल्लङ्घनमा जिम्मेवार देखिएका छन् ।
- प्रदर्शनका आह्वानकर्ता, अभियन्ता, समर्थकहरू गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, रक्षा बम, कृष्ण कार्की, डा. तोषिमा कार्की, राजीव खत्री, सोम शर्मा, केपी खनाल, दीपक बोहरा, मनिष झा,

***बाँकी पृष्ठ १२ मा***

# स्थानीय बीउ संरक्षणमा सरकारको उदासिनता किन ?




शुक्र

आव २०८१/८२ मा कृषिप्रधान देश नेपालको लागि करिब १ लाख मेट्रिक टन कृषि बीउ आयात गर्न १५ अर्ब १० करोड ५१ लाख रुपैयाँ खर्च भएको समाचार छ । हाल देशभर ३ लाख ३२ हजार १३० हेक्टर क्षेत्रफलमा तरकारी खेती हुने गरेको छ । नेपाललाई वार्षिक करिब २ हजार ९ सय ८० टन तरकारी बीउ आवश्यक पर्छ । सोमध्ये स्वदेशी बीउले २३.५ प्रतिशत मात्रै माग धान्ने गरेको छ । नेपाललाई चाहिने अधिकांश बीउ भारतसहित अन्य देशबाट आयात हुन्छ ।

दाङको स्थानीय धानको चामल 'तिल्की' प्रतिक्विन्टल १६ हजार रुपैयाँसम्ममा बिक्री हुन्छ । हाइब्रीड धानको चामल करिब पाँच हजार चारसय रुपैयाँमा पाइन्छ । हाइब्रीडभन्दा स्थानीय चामल तीनगुणा बढी मूल्य पाइए पनि किसानहरूले हाइब्रीड बीउ नै रोज्छन् । किनभने, स्थानीय धानको उत्पादन कम हुने गर्दछ । यसकारण, स्थानीय धानको बीउ जोगाउन मुस्किल हुँदै छ । कृषिविज्ञका अनुसार सरकारी नीतिगत कमजोरी, सहरीकरण, बसाइँसराइ, जलवायु परिवर्तन तथा आधुनिक कृषि प्रविधिको विस्तारका कारण स्थानीय बीउ लोप हुँदै गएको हो ।

हाइब्रिड बीउले सामान्यतया स्थानीय जातको तुलनामा २० देखि ३० प्रतिशतसम्म बढी उत्पादन दिन्छ । केही तरकारी बालीमा उत्पादन दोब्बर वा तेब्बरसम्म हुने गर्दछ । हाइब्रिड प्रयोग बढेपछि किसानहरू हरेक वर्ष महँगोमा नयाँ बीउ किन्न बाध्य छन् । हाइब्रिडसँगै रोग, किराको प्रकोपसमेत बढिरहेको छ । यसले किसानलाई विषादी पसल र विदेशी कम्पनीमाथिको निर्भरता बढाएको छ ।

सन् १९८९ मा गरिएको एक सर्वेक्षणले नेपालमा दुई हजारभन्दा बढी स्थानीय जातका धान खेती हुने तथ्याङ्क सार्वजनिक गरेको छ । राष्ट्रिय कृषि अनुवंशिक स्रोत केन्द्र (जिन बैङ्क) मा विभिन्न बालीका करिब १३ हजार जात तथा फिल्ड जिन बैङ्कमा १८ हजारभन्दा बढी जात संरक्षण गरिएको छ ।

सरकारले कृषकको खेतबारीमै स्थानीय बीउको संरक्षण र उपयोगमा विस्तार गर्न सकेन । दीर्घकालीन रूपमा संरक्षण गरिए एकसय वर्षसम्म र मध्यकालीन रूपमा संरक्षण गरिए पन्ध्र वर्षसम्म स्थानीय बीउ टिक्ने विज्ञहरूको मत छ । किसानलाई स्थानीय बीउ उपलब्ध गराउने र उत्पादनपछि सोही परिमाणको बीउ फिर्ता लिने अभियान सञ्चालन गर्न सके स्थानीय बीउ संरक्षणमा सहयोग पुग्ने विज्ञहरूको मत छ ।

स्थानीय जातको धानका बोट अग्लो हुने भएकोले त्यसको परालबाट गुन्द्री, सुकुल बुन्ने, पिर्का बनाउने तथा घरको छाना छाउन प्रयोग गर्न सकिन्छ । हाइब्रिड धानको बोट छोटो हुने भएकोले पशुलाई खुवाउन वा कम्पोस्ट मल बनाउन मात्र प्रयोग हुन्छ । किसानहरूको दैनिक जनजीविकामा स्थानीय धानको बोटबाट आयआर्जन गर्न सकिने भएकोले स्थानीय जातको बीउ संरक्षणमा सरकार लाग्नु जरुरी छ ।

नेपाल कृषि अनुसन्धान केन्द्र (नार्क) लगायतका निकायलाई परिचालन गरी स्थानीय बीउको बिज वृद्धि गर्न सके वर्षको अर्बौं रुपैयाँ बिदेसिने क्रम रोकिने भएकोले यसतर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।

# गैरदलीय स्थानीय तह पञ्चायतको पुनरावृत्ति त होइन ?

✍ विवेक

राष्ट्रिय स्वतन्त्र पार्टीको चितवनमा सम्पन्न पहिलो महाधिवेशनले प्रदेश सभा खारेजी र स्थानीय तहमा गैरराजनीतिक निर्वाचन गर्ने प्रतिवेदन पारित गर्‍यो । नेपालको राजनीतिमा यस विषयमा चर्चा र बहस सुरु भएको छ । संसद्मा झण्डै दुईतिहाइ सांसद रहेको पार्टीको महाधिवेशनले नै पारित गरेको विषयलाई सामान्य रूपमा लिन मिल्दैन । संविधान संशोधनविना ती विषयहरूको सम्बोधन हुन सक्दैन । के रास्वपाले चाहेअनुसार संविधान संशोधन सम्भव छ ?

अहिले २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाको १८२ जना सांसद छन् । प्रतिनिधिसभाको दुईतिहाइ पुग्न रास्वपालाई थप दुईजना सांसदको आवश्यकता छ । स्वतन्त्र जितेको महावीर पुन विज्ञान तथा प्रविधिमन्त्री र श्रम शक्ति पार्टीका तर्फबाट जितेकी उपसभामुख रुबिकुमारी ठाकुर समेतको हिसाब गर्ने हो भने प्रतिनिधिसभामा रास्वपाको दुईतिहाइ पुग्छ । तर, संविधान संशोधनको लागि त्यति सङ्ख्या मात्र पर्याप्त छैन । नेपालको संविधानको धारा २७४मा संसद्को कुनै सदनमा संविधान संशोधन विधेयक पेश गर्नुपर्ने, त्यो विधेयक सहमतिका लागि प्रदेशसभामा पठाउनुपर्ने र प्रदेशसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्यहरूमध्ये स्वीकृत वा अस्वीकृत गरी पठाउनुपर्ने व्यवस्था छ । बहुमत प्रदेशहरूले अस्वीकृत गरेमा विधेयक निष्क्रिय हुने, बहुमतले स्वीकृत गरेको खण्डमा सङ्घीय संसद्को दुवै सदनमा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतबाट पारित गर्नुपर्ने व्यवस्था गरिएको छ ।

संवैधानिक व्यवस्थाअनुसार हालको अवस्थामा संविधान संशोधन चर्चाको विषय बने पनि संशोधन भइहाल्ने अवस्था देखिँदैन । संसदीय गणितमा रास्वपा १८२, नेका ३८, एमालेको २५, नेपाली कम्युनिस्ट पार्टीको १७, श्रमशक्ति पार्टीको ७ र राप्रपाको ५ छन् । महावीर पुन स्वतन्त्रबाट जितेका छन् । सङ्घीय सदनमा दुईतिहाइ पुर्‍याउन प्रतिनिधिसभामा १८४ र राष्ट्रियसभामा ४० गरी कुल २२३ सदस्य सङ्ख्या आवश्यक पर्छ । अहिले राष्ट्रियसभामा स्वतन्त्र पार्टीको कुनै सदस्य छैन । तत्काल कुनै पार्टीसित गठबन्धन गरी हाल्ने सम्भावना पनि न्यून छ ।

रास्वपा र नेकपाको सम्बन्ध नजिक देखिए पनि प्रदेश खारेजी र स्थानीय तहको गैरदलीय निर्वाचनमा नेकपा सहमत हुन सक्ने देखिँदैन । प्रदेशहरूको खारेजी भनेकै सङ्घीयता खारेजी हो । सङ्घीयता आफैले ल्याएको दाबी गर्दै जातीय राज्य घोषणा गर्दै हिँडेका माओवादीहरूले अहिलेकै अवस्थामा त्यो सहज रूपमा स्वीकार्लान् भन्न सक्ने अवस्था छैन । मधेस केन्द्रित दलहरूले त झनै सङ्घीयता मधेश आन्दोलनको उपज भनिरहेका छन् । उनीहरू सङ्घीयता खारेज गरेमा तराइमा आगो बल्ने बताउँदै छन् । नेका र एमालेले पनि स्वीकार्ने सम्भावना छैन । प्रदेशहरूमा रास्वपाका सांसदहरू नभएकाले प्रत्येक प्रदेशसभाबाट बहुमतले पारित गर्नुपर्ने र त्यस्तो प्रदेशको सङ्ख्या बहुमत हुनुपर्ने अर्थात् सातमध्ये चार वटा प्रदेशले प्रस्ताव परित गर्नुपर्ने प्रावधानले अन्य दलहरूसँग समन्वय र सहकार्यविना रास्वपाले मात्र चाहेर संविधान संशोधन नहुने प्रस्ट छ ।

निर्वाचनको बेला वर्तमान प्रधानमन्त्रीले अधिकार माग्न काठमाडौँ जान नपर्ने गरी प्रदेशलाई अधिकार सम्पन्न बनाउने बताएका थिए । त्यसको आधारमा तराईका अधिकांश मत पनि रास्वपाले पायो । दशकौँदेखि स्थापित मधेसी दलहरूलाई सून्य बनाई सबैजसो सांसदहरू रास्वपाले जित्यो पनि । अहिले प्रदेश खारेजीको विषय परस्पर विपरीत देखिन्छ । यो एक प्रकारको जनताप्रति धोका र विश्वासघात हो । यस्ता गैरजिम्मेवार अभिव्यक्ति र कार्य शैलीले रास्वपाप्रतिको जनविश्वास घट्ने निश्चित छ ।

रास्वपा सरकार गठनपछि संविधान संशोधनबारे छलफल गर्न एउटा समिति गठन गरिसकेको छ । समितिले विभिन्न पक्षसँग छलफल अगाडि बढाएका समाचारहरू पनि आइरहेका छन् । रास्वपाले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्र प्रमुखमा जोड दिएको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्र प्रमुख नेपाली कम्युनिस्ट पार्टीको पनि एजेण्डा हो । तर त्यत्तिकै आधारमा संविधान संशोधनमा नेकपाले पनि समर्थन गरी हाल्छ भन्ने देखिँदैन ।

### के स्थानीय तहमा गैरदलीय निर्वाचन सम्भव छ ?

पञ्चायती निरङ्कुश शासन कालमा स्थानीय पञ्चायतहरूका प्रतिनिधिहरूको निर्वाचन गैरदलीय हुने गर्थ्यो । त्यतिबेला राजनीतिक दलहरू प्रतिबन्धित थिए । दलको नाउँबाट कुनै प्रचारप्रसार गर्ने वा गतिविधि गर्ने अधिकार थिएन । सबै काम पञ्चायतकै नाउँबाट हुने गरिन्थ्यो । त्यतिबेला निर्दलीय भनिए पनि वास्तवमा पञ्चहरूको एक दलीय व्यवस्था थियो । पञ्चायतका सदस्यहरूले मात्र भाग लिन पाउने त्यो जनविरोधी व्यवस्थाको विरोधमा जनताले सङ्घर्ष गरे र २०४६ सालमा बहुदलीय प्रजातन्त्र स्थापना गरे । त्यस उपलब्धिको लागि धेरैले रगत बगाए, कति अपाङ्ग भए, कतिले भूमिगत, प्रवास जीवन र जेलनेलको कठोर सजाय भोगे । स्थानीय तहका प्रतिनिधिहरूको निर्वाचन गैरदलीय गर्ने विषयले कतै नेपालमा पञ्चायतकै पुनरावृत्ति हुन खोजिरहेको त छैन ? धेरैले आशङ्का गर्न थालेका छन् । सङ्घ र प्रदेश राजनीतिक विचारधाराको आधारमा चल्ने तर स्थानीय तहमात्र गैरराजनीतिक हिसाबले चल्नु राजनीतिक र व्यावहारिक दुवै दृष्टिले मिल्ने देखिँदैन ।

स्थानीय तहमा राम्रो उम्मेद्वार जितोस् भन्ने उद्देश्यले आएको भए पनि त्यसबाट राम्रो परिणामको आशा गर्न सकिँदैन । पालिकाका प्रमुख र उप प्रमुख बहुमतको निर्णयविना चल्न सक्दैनन् । निर्णयहरू सहज रूपमा स्वीकृत भएन भने प्रमुख, उपप्रमुखहरूले चाहेर पनि विकास निर्माणको कामलाई तीव्रता दिन सक्दैनन् । राजनीतिक दलहरूको तर्फबाट विचार र दृष्टिकोणसहितका उम्मेदवारहरू निर्वाचित हुने भएकाले बहुमत कायम गर्न सहज हुन्छ । निर्वाचनकै बेला दलले घोषणापत्र जारी गर्ने र जनताले पनि घोषणापत्रअनुसार मत दिने हुँदा निर्वाचनपछि प्रतिनिधिहरू वचनअनुसार काम गर्न बाध्य हुन्छन् ।

अहिले स्थानीय तहको आलोचना हुनुको मुख्य कारण स्थानीय तहमा पनि केन्द्र र प्रदेश सरकार परिवर्तनसँगै त्यसको प्रभाव पर्नु हो । स्थानीय तह जनताको नजिकको सरकार भएकोले सङ्घ र प्रदेश सरकारको प्रभावबाट मुक्त स्थानीय तह बनाउनु जरुरी छ ।

स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा गर्ने भन्नुभन्दा जुनसुकै पार्टीको उम्मेदवार जिते पनि इमानदार, जनताप्रति उत्तरदायी र असल चरित्र भएको व्यक्ति जितेर आउने कल्पना गरेको भए त्यो नराम्रो होइन । अहिले दलीय व्यवस्थामा इमानदारहरू जिताउन केले छेक्यो ? जहाँ इमानदार मान्छेहरूलाई जनताले जिताए, त्यहाँ राम्रो काम भएको छ । भक्तपुर नगरपालिका यसको ज्वलन्त उदाहरण हो ।

भक्तपुर नगरपालिका लामो समयदेखि नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू बहुमत जितेर काम गरिरहेको ठाउँ हो । पार्टी घोषणापत्रअनुसार काम गर्ने सिलसिलामा अहिले ख्वप कलेज, ख्वप इ. कलेज, ख्वप कलेज अफ इ., ख्वप कलेज अफ लसमेत गरी सातवटा शैक्षिक संस्थाहरूले देशभरका हजारौँ विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ भने ख्वप अस्पताल र वडा वडामा स्वास्थ्य केन्द्रहरू सञ्चालन गरेर सस्तो, सुलभ र गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गरिरहेको छ । अझ सस्तोमा चिकित्सक तयार गर्न मेडिकल कलेज सञ्चालन गर्ने प्रयास गरिरहेको छ । नेमकिपाको घोषणापत्रमा भएकै कारण जनप्रतिनिधिहरू निरन्तर त्यसरी आफ्नो उद्देश्य पूरा गर्न लागिरहेका हुन् । के गैर राजनीतिक निर्वाचन भएको भए त्यो सम्भव हुन्थ्यो ?

मधेसी दलहरू पनि स्थानीय तह गैरदलीय बनाउनुपर्छ भन्ने पक्षमा छन् । उनीहरू स्थानीय तह, प्रदेशअन्तर्गतका प्रशासनिक इकाइ हुनुपर्नेमा जोड दिन्छन् । त्यसको अर्थ सिंहदरबारको अधिकार प्रदेशसम्म मात्र पुर्‍याउने भन्ने हो । स्थानीय तह जति बलियो वा अधिकार सम्पन्न हुन्छ, त्यति नै जनताले छिटो छरितो सेवा, सुविधा पाउने गर्छन् । अहिले संविधानले तोकेअनुसार स्थानीय तहलाई झन्झन् जिम्मेवार बनाउँदै लानु उचित हुनेछ ।

प्रत्यक्ष निर्वाचित कार्यकारी भएमा एकजना प्रधानमन्त्री सन्की मान्छे जित्यो भने उसले देशलाई जे पनि गर्न सक्छ । अमेरिका हाम्रो सामु उदाहरण छ । ट्रम्पले जे बोल्छ त्यहाँ त्यही हुन्छ । उनले अरूलाई न मान्छे गन्छन् न कुनै देशको सार्वभौमिकता र स्वतन्त्र अस्तित्व स्वीकार्छन्, जे मनलाग्यो त्यो गर्दै छन् । हरियो बालीमा साढे पसेझैँ आफूभन्दा सानो र कमजोर देशमाथि आक्रमण, थिचोमिचो गर्दै छन् । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले देश निरङ्कुशतातर्फ पनि जान सक्छ । यसबारे नेपाली जनता सचेत हुनुपर्ने जरुरी छ ।

हो, नेपालमा पनि त्यस्ता व्यक्ति कार्यकारी प्रमुखमा निर्वाचित भएमा देश सिक्किमझैँ भारतमा मिलाउने निर्णय पनि गर्न सक्छन्, युक्रेनको राष्ट्रपतिले झैँ देश युद्धको आगोमा झोस्न पनि सक्छन् र देशलाई खरानी पार्न सक्छन् । प्रधानमन्त्री बालेन्द्र साहले नेपालले भारतको धेरै ठाउँमा सीमा मिचेको छ भनेर प्रतिनिधिसभामा बोलेर भारतलाई नेपालको सार्वभौमिकतामा हस्तक्षेप गर्न खुला आमन्त्रण गरेका छन् । यसर्थ प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसम्बन्धी पनि गम्भीरतापूर्वक छलफल चलाइनुपर्छ । रास्वपाको यो विचार देशमा भाँडभैलो मचाएर विदेशी शक्ति भित्र्याउने नयाँ चाल पनि हुन सक्छ ।

---

## सन्दर्भ : निलो क्रान्ति

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन - २९

✍ रामरतन चौधरी

**निलो क्रान्ति** (Blue Revolution)

समुद्र तथा नदीको रङ्ग निलो हुन्छ । निलो जलभित्र रहने जलीय खाद्य पदार्थको उपयोग गरेर आर्थिक वृद्धि गर्ने लक्ष्यलाई 'निलो क्रान्ति' भनियो । माछापालन, जलचरको सुरक्षा, जलस्रोतको दिगो विकास र व्यवस्थापन, तटीय क्षेत्रका मानिसहरूको निम्ति रोजगारीका अवसर सिर्जना गर्ने विषय यसभित्र पर्दछ । यो अवधारणाले विश्वव्यापी रूपमा बढ्दै गरेको जनसङ्ख्यालाई माछा र समुद्री खानाको बढ्दो माग पूरा गर्न नदी, ताल र समुद्रको प्रयोगमा जोड दिन्छ । जलस्रोतको संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम राख्न र जलीय स्रोतहरूको दिगो व्यवस्थापन गर्नको निम्ति 'निलो क्रान्ति' को अवधारणा अगाडि आएको हो ।

यो अवधारणा एसियाबाट सुरु भएर अहिले विश्वव्यापीजस्तै बन्यो । विश्वव्यापी जलीय खेती उत्पादनमा एसियाले ८९ प्रतिशत ओगटेको छ । जसमध्ये चीनले मात्र विश्वव्यापी उत्पादनको ५८ प्रतिशत ओगटेको छ । भारत पनि विश्वको दोस्रो ठूलो माछा उत्पादक देश हो । भारतीयहरू भारतका हिरालाल चौधरीलाई 'निलो क्रान्ति' का पिता मान्दछन् । सन् १९८५ र १९९० को बिचमा भारतले आफ्नो सातौँ पञ्चवर्षीय योजनामा पनि 'निलो क्रान्ति' लाई समेटेको थियो ।

'निलो क्रान्ति' जस्तै 'हरित क्रान्ति' शब्द पनि भारतमा आयो । यो शब्द १९९० को दशकको अन्त्यतिर भारतीय कृषि वैज्ञानिक डा. एमएस स्वामिनाथन (Mankombu Sambasivan Swaminathan) ले प्रयोग गरेका थिए । गहुँ र धानका उच्च उपज दिने जातहरू पहिचान र विकास गर्नमा उनको नेतृत्व र भूमिका रहेको मानिन्छ । यसरी 'निलो क्रान्ति' र 'हरियो क्रान्ति' शब्द जलीय उपज र कृषिसँग सम्बन्धित छन् ।

### रास्वपाले भनेको 'निलो क्रान्ति' के हो ?

रास्वपाले आफ्नो स्थापनाकालदेखि नै 'निलो क्रान्ति' शब्दलाई प्रचार गरिरहेको देखिन्छ । २०८३ असार ७-९ गते सम्पन्न राष्ट्रिय स्वतन्त्र पार्टीको पहिलो महाधिवेशनमा रास्वपाका सभापति रवि लामिछानेले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन तथा प्रस्तावमा चितवनलाई 'निलो क्रान्ति' को राजनीतिक राजधानी उल्लेख गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको झन्डाको रङ्ग 'निलो' छ । पार्टीको झन्डाको रङ्गअनुसार रास्वपाले आफ्नो पार्टीको गतिविधिलाई पनि 'निलो क्रान्ति' भनेर प्रचार गर्दैछ । रास्वपाको महाधिवेशनमा निलो रङ्गको व्यानर, निलो रङ्गको टिसर्ट, निलो रङ्गको झन्डा, फ्लेक्सले चितवनलाई निलो बनाउने प्रयास गरेको देखियो । रास्वपा नेतृत्वको सरकारले सातै प्रदेशमा महिलाहरूको निम्ति निलो रङ्गको बस सञ्चालन गर्ने तयारी गरेको समाचार पनि छ । संसद्को बैठकमा पनि रास्वपाका सांसदहरू पटक पटक निलो स्कार्फ बाँधेर उपस्थित भएका थिए । यसरी आफ्नो झन्डाको निलो रङ्गलाई रास्वपाले क्रान्तिसँग जोड्ने प्रयास गर्‍यो । यथार्थमा यो छलछाम हो ।

रास्वपाले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, डिजिटल शासन सञ्चालन, सामाजिक न्याय, सुशासन, पारदर्शितालाई ध्यान दिने भन्दै छ । मतदान प्रक्रियाबाट सरकार परिवर्तन गरेर अवस्था परिवर्तन गर्ने सपनालाई रास्वपाले 'निलो क्रान्ति' भन्यो । निर्वाचनमा आफ्नो जितलाई पनि उसले 'निलो क्रान्ति' भन्यो । कार्यकर्ता र समर्थक पनि त्यसको लहलहैमा लागे, परख गरेर हेरेनन् । रास्वपाको प्रतिवेदनमा सामाजिक लोकतन्त्रलाई पार्टीको मूल राजनीतिक सिद्धान्तका रूपमा अङ्गीकार गर्ने र प्रतिस्पर्धात्मक उदार अर्थतन्त्रलाई अवलम्बन गर्ने निष्कर्ष उल्लेख गरिएको छ । पार्टी स्थापनाको घोषणा गर्दा संवैधानिक समाजवादलाई पार्टीको सिद्धान्त बनाउने उल्लेख गरेको थियो । खासमा रास्वपाको सैद्धान्तिक विषय अझै स्पष्ट छैन । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले राष्ट्रिय स्वतन्त्र पार्टीले सुरु गरेको 'निलो क्रान्ति' को लहर लामो समयसम्म नटिक्ने दाबी गरे ।

यथार्थमा रास्वपाले फासीवादी चरित्र अवलम्बन गर्दै छ । एकजना विश्लेषक महादीप पोखरेलले यो पार्टीलाई "आफूलाई सर्वेसर्वा ठान्ने लोकतान्त्रिक आवरणको फासीवादी पार्टी" बताएका छन् । लोकतान्त्रिक निर्वाचनमा जित्ने अनि सत्तामा पुगेपछि विरोधी स्वरलाई दमन गरेर अन्य पार्टीलाई निषेध गर्ने फासीवादी चरित्र यो पार्टीले देखाउँदै छ । यो पार्टी अमेरिकी डिजाइन, बहुराष्ट्रिय कम्पनीका मालिकहरू, पूर्वराजा र नेपाली सेनाको संलग्नतामा अगाडि बढेको देखिँदै छ । अमेरिकी निर्देशनमा नेपाली सेनाले पनि यो पार्टीलाई निर्वाचनमा साथ दियो । यसकारण, शासन सत्तामा विस्तारै सैनिकीकरणको आभाष आउन थालेको छ । सरकारको नेतृत्व गर्ने प्रधानमन्त्री संसद्प्रति उत्तरदायी देखिन्न । रास्वपाभित्र राजतन्त्र ब्युँताउनुपर्‍यो भन्ने धार पनि सक्रिय रहेको देखिन्छ । ट्रेड युनियन, विद्यार्थी सङ्गठन खारेज गरेर स्थानीय तह पनि दलविहीन बनाउने हल्ला चलाउँदै छ । यसरी यो पार्टी क्रमश: निरङ्कुश निर्दलीय व्यवस्थातर्फ अगाडि बढ्दै गएको देखिन्छ ।

पार्टीका वरिष्ठ नेता बालेन्द्र साहले चितवनको महाधिवेशनमा "रास्वपा न दक्षिणपन्थी न वामपन्थी, विकास गर्न आएको पार्टी" बताए । यसको निश्चित विचार छैन । यो पार्टी बहुराष्ट्रिय कम्पनीहरूलाई स्रोत-साधन सुम्पिएर नेपालको अर्थतन्त्र कब्जा गर्न लगाउने नवउदारवादी पार्टी हो; गरिब, कामदार वर्गको पार्टी होइन । यो पार्टीको सरकारले भूमिहीन तथा सुकुमवासीहरूलाई थिचोमिचो गर्दै जनताको शिक्षा, स्वास्थ्यलगायत हरेक क्षेत्रमा कर थोपरेर नवधनाढ्यहरूलाई पोस्न खोज्दै छ ।

यो पार्टीको महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरूमा 'अमेरिकी युथ काउन्सिल', 'बारबरा फाउन्डेसन', 'हामी नेपाली' संस्था, 'स्टुडेन्ट्स फर फ्रि तिब्बत' जस्ता गैरसरकारी संस्थाका मान्छेहरू पनि निर्वाचित भए । यसकारण यो पार्टी प्रतिगमनकारी भएको स्पष्ट हुन्छ । रास्वपाको 'निलो क्रान्ति' साम्राज्यवादीहरूको पक्षपोषण गर्ने रङ्गीन क्रान्तिकै सिलसिला अर्थात् 'छद्म युद्ध' हो ।

### के हो क्रान्ति ?

समाजमा लामो समयदेखि प्रचलनमा रहेका नियम, कानुन, प्रथा, सोच र व्यवस्थामा एकैपल्ट परिवर्तन आउँछ भने त्यो 'क्रान्ति' हो । कसैले इच्छा गर्दैमा क्रान्ति भइहाल्छ भन्ने होइन । क्रान्तिको निमित्त निश्चित ऐतिहासिक अवस्थाहरू परिपक्व हुनु जरुरी छ । क्रान्तिको निम्ति वस्तुगत तथा मनोगत पूर्वाधारहरूको आवश्यकता हुन्छ । समाजको राजनीतिक, धार्मिक र वैचारिक जीवनमा आमूल परिवर्तन आउँछ भने त्यो सामाजिक क्रान्ति हो । क्रान्तिले सत्तामा बस्ने वर्गहरू बदलिन्छन्, राज्यको रूपमा परिवर्तन हुन्छ, पुराना उत्पादन सम्बन्धहरू बिलाउँछन् र नयाँ उत्पादन सम्बन्धहरूले तिनको स्थान लिन्छन् । भाद्र २३ र २४ गते जेनजीको नाममा भएको नयाँ पुस्ताको प्रदर्शनले यस्तो परिवर्तन ल्याएको होइन ।

शोषण, उत्पीडन, बेरोजगारी र गरिबीबाट मुक्ति पाउनको लागि सर्वहारा वर्गले पुँजीवादी व्यवस्थाको उन्मूलन गर्नुपर्दछ । समाजवादी क्रान्ति नै यस उद्देश्य प्राप्तिको लागि एक मात्र साधन हो । समाजवादी क्रान्तिभन्दा पहिलेका सबै क्रान्तिहरूले शोषणको अन्त्य गर्ने उद्देश्य राखेका थिएनन् । तिनले शोषणको रूपसम्म बदल्ने काम गर्‍यो । समाजवादी क्रान्तिले भने सबै प्रकारको शोषणको अन्त्य गरेर वर्गविहीन समाज स्थापनाको बाटो लिन्छ । समाजवादी क्रान्तिमा सर्वहारावर्गले पुँजीवादविरुद्ध सङ्घर्ष गर्न कामदार वर्गलाई एकजुट पार्दछ । समाजवादी क्रान्तिको मुख्य लक्ष्य समाजवादी अर्थतन्त्रको निर्माण गर्नु हो । यसर्थ समाजवादी क्रान्ति आवश्यक छ ।

प्रतिक्रियावादी र सुधारवादीहरूले सधैँ समाजवादी क्रान्तिको विरोध गर्छन् । उनीहरूले समाजवादी क्रान्तिको मार्क्सवादी-लेनिनवादी सिद्धान्तको खण्डन गर्ने प्रयास गर्छन् । पुँजीवादी व्यवस्थाको रक्षा गर्ने, मजदुरवर्गलाई क्रान्तिकारी सङ्घर्षबाट विचलित पार्ने सुधारवादीहरूको प्रयास रहन्छ । उनीहरू समाजवादी क्रान्तिको कुनै आवश्यकता नरहेको प्रमाणित गर्ने प्रयास गर्छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले भनेको 'निलो क्रान्ति' को उद्देश्य पनि यही हो । जनता भ्रममा पर्नु हुन्न ।

*२०८३ असार १४ गते ।*

# बालेन सरकारको अराजकता, माओवादीको भन्दा खतरा



रामप्रसाद प्रजापति

**बालेनको अराजकता**

यसअघि पनि हामीले 'माओवादी जनयुद्ध' को नाममा भएको राजनीतिक अराजकताको विरोधमा लामो सङ्घर्ष गरेकै हौं । व्यापक जनता र पार्टी कार्यकर्तालाई राजनीतिक सिद्धान्त र विचारबाट सचेत नपारी हुने जुनसुकै परिवर्तन स्थिर हुँदैन ।

राजनीतिक विचार र सिद्धान्तबाट परिपक्व नभएको मानिसको हातमा बन्दुक बोकाइदिँदा हुन सक्ने दुर्घटनाका बारेमा हामी सबै सचेत छौं ।

बम, बारुद, डरत्रास, धाक धम्कीका आधारमा चलेको 'माओवादी जनयुद्ध' लाई सुरुदेखि नै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले अराजकतावाद र भारतको 'ट्रोजन हर्स' (नेपालीको काँधमा बन्दुक बोकाएर नेपाल र नेपालीविरुद्ध आक्रमण गर्न प्रयोग भएको कठपुतली 'घोडा') को संज्ञा दिनुभएकै हो ।

आखिरमा दसवर्षे 'माओवादी जनयुद्ध' ले नेपाल र नेपालीको मानव विकास र भौतिक विकास निर्माणलाई दशकौंपछि धकेलिनुका साथै माओवादी आफै समाप्त हुन लामो समय लागेन ।

सत्तासीन रास्वपाका विज्ञहरू पनि त्यसैगरी चर्चा गर्ने गर्दछन् । रास्वपा स्थापना भएको राजनीतिक कारण, आधार, पार्टीको राजनीतिक सिद्धान्त विचार के हो ? भन्ने कुनै कुराको ठेगान नहुँदै अघिल्लो निर्वाचनमै करिब ११ लाख जनताले रास्वपालाई मत दिए । संसदमा चौथो ठूलो दल बनेको थियो । त्यसबेला निर्वाचन बाचापत्रमा 'हामी सरकारमा जाँदैनौं' भन्ने उल्लेख गऱ्यो तर निर्वाचन लगत्तै गठन भएको सरकारमा रास्वपा सामेल भयो । जनतालाई राजनीतिक धोखाको पनि कुनै पर्वाह रहेन । हुन त त्यसअघि स्थापित राजनीतिक पार्टीहरूले पनि व्यापक जनतालाई राजनीतिक रूपमा सचेत र सङ्गठित गर्न नसकेको प्रस्ट देखियो ।

संसदीय प्रजातान्त्रिक पद्धतिको धज्जी उडाउँदै प्रमुख प्रतिपक्षीमा बस्नुपर्ने राजनीतिक दलसमेत सरकारमा सहभागी भई करिब दुईतिहाइको एमाले-काङ्ग्रेसको गठबन्धन सरकार गठन भएको हो । त्यो सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगायो । सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध र भ्रष्टाचारविरुद्ध भाद्र २३ गते भएको युवाहरूको आन्दोलनलाई दबाउन खोज्दा १९ युवाहरूले ज्यान गुमाए ।

त्यसको भोलिपल्ट नियोजित रूपमा देशका मुख्य मुख्य सरकारी भवन तथा प्रहरी चौकी जलाउने काम भयो । तत्काल थाहा नपाए पनि विस्तारै खुल्दै गरेका तथ्य तथ्याङ्कहरूका आधारमा विदेशी शक्ति, नेपाली सेना र सामाजिक सञ्जालले फैलाएको अफवाह मुख्य कारक तत्त्वहरू भएकोमा अब दुईमत नहोला ।

तत्पश्चात् विकसित राजनीतिक सङ्कट र त्यसको निकासको रूपमा सुशीला कार्की नेतृत्वको सरकारले गत फागुन २१ गते सम्पन्न निर्वाचनबाट रास्वपाले करिब दुईतिहाइ मत प्राप्त गऱ्यो । मत रास्वपाले भन्दा बालेनले गर्दा आएको विश्लेषकहरू बताउँछन् ।

बालेनलाई निर्वाचनअघि नै रास्वपाले भावी प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरेको थियो । वाग्मती र मधेश प्रदेशबाट करिब करिब सबै सिट रास्वपाले नै जित्यो ।

बालेन प्रधानमन्त्री त भए, तर घमण्डी भए । बल, बुद्धि र विवेकले नेपाल र नेपाली जनताको लागि काम गर्ने प्रधानमन्त्रीको आशा व्यापक जनताले गरेका थिए । तर, नयाँ अराजक शासकको रूपमा बालेन सरकार अघि बढ्दै गरेको प्रस्ट देखियो ।

**१, हत्तारमा पूर्वविशिष्टहरूको पक्राउ**

बालेन सरकारले सपथ ग्रहण गरेको २४ घण्टा नपुग्दै पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ पर्ने क्रम चल्यो । तर, १२/१५ दिनमै उनीहरू छुटे । यो सरकारको केटाकेटीपन थियो । पक्राउ गर्नु नै थियो भने व्यापक अध्ययन, अनुसन्धान, प्रचुर मात्रामा तथ्यपरक सबुद प्रमाण सङ्कलन पछि कडाभन्दा कडा सजाय गराउन पक्राउ गर्नुपर्ने थियो । लहड र हिरोइज्म (नायक बन्ने होड) का लागि पक्राउ गर्दा पूर्वविशिष्टहरूको पक्राउ र मुद्दा फन् कमजोर हुनुका साथै बालेन सरकारको पहिलो असफलता साबित भएको मान्न सकिन्छ । बालेन सरकारको पहिलो गाँसमै ढुङ्गा परेझैं भयो ।

**२, अध्यादेशको शासन**

२०८३ वैशाख ८ गते बालेन सरकारले वैशाखको १७ गतेदेखि सङ्घीय प्रतिनिधिसभाको बैठक आह्वान गर्ने निर्णय गऱ्यो । तर, २ दिनमै उक्त निर्णय फिर्ता लिएर संसद्को बैठक स्थगित गरियो । संसद् बैठक बोलाउने निर्णयबाट पछि हटेको बालेन सरकारले ओली सरकारले झैं अध्यादेशको बाटो रोज्यो । अध्यादेश कुनै कार्य तत्काल गर्नै नहुने भएको अवस्थामा जारी गरिने अस्थायी कानुन हो । जनताले आफ्नो अमूल्य मतले रोजेका जनप्रतिनिधिहरू र जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाको उपहास गर्दै कार्यपालिकाले नै करिब आधा दर्जनभन्दा बढी कानुन जारी गऱ्यो ।

विगतमा ओली सरकारको निकै आलोचना भएको संवैधानिक परिषद्‌सम्बन्धी कानुनमा हेरफेर गर्ने अध्यादेश पुन: बालेन सरकारले पनि जारी गऱ्यो । एउटै अध्यादेशबाट देशका करिब १४/१५ सय जना विज्ञहरूको नियुक्ति बदर गरेर हालसम्म नियुक्ति नगरी अलपत्रै छोडियो ।

संवैधानिक परिषद्‌को बैठक बसेर सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा चौथौं वरियताका मनोज शर्मालाई नियुक्ति गरियो । सिफारिस गरिएका ६ जनामध्ये चौथौं वरियताका शर्माको नियुक्ति फट्ट हेर्दा सामान्य लागे पनि न्यायपालिकामा एमालेले बनाएको पकडलाई भत्काउने र आफ्नो अनुकूलको न्यायाधीशहरूको सेटलाई न्यायालय प्रवेश गराउने ग्रायण्ड डिजायनमा बालेन सरकार रहेको व्यापक चर्चा छ ।

सेना, प्रहरी, कर्मचारी प्रशासनलाई दबाबमा राखेर अराजक ढङ्गले अगाडि बढेको बालेन सरकारलाई आफ्नै सांसदहरूसँग कुनै थ्रेट (डर) नभएपछि आफ्नो अराजक गतिविधिलाई रोक्ने एउटै मात्र संस्था न्यायालय अर्थात् सर्वोच्च अदालत बाँकी थियो । सर्वोच्च अदालतलाई पनि आफ्नो अनुकूल बनाउन सकेपछि आफ्नो अराजकताको गाडी ब्रेक नलगाईकन हुइँक्याउन सक्ने अवस्था बन्यो ।

त्यो गाडीमा अनियमितता र नैतिकताको प्रश्नले राजिनामा गर्न बाध्य भएका गृहमन्त्री सुधन गुरुङबाहेक अरूलाई गृहमन्त्री बनाउन नसकिने लाचार प्रधानमन्त्री पनि बने, बालेन । करिब दुईतिहाइ बहुमत प्राप्त संसद्‌का अन्य रास्वपा सदस्यहरू गृहमन्त्रीका लागि अयोग्य ठहरिए ।

**३, ड्रेस कोडमा मनपरी**

प्रम बालेनको प्रतिनिधिसभा बैठकमा आगमन हुने शैली नेपाली संस्कृति, सभ्यता र परम्पराभित्रिमको देखिएन । प्रतिनिधिसभा बैठकमा सभामुखको आदरका लागि पोशाकसम्बन्धी, बोली बचन, व्यवहारसम्बन्धी आचरणका नियमहरू नबनाएका होइनन् । जनप्रतिनिधिमूलक सर्वोच्च संस्था संसद्‌को गरिमाको आदर गर्न बनाएका ती नियमहरू बालेनले भटाभट भङ्ग गर्न थाले ।

बालेन आफूलाई प्रधानमन्त्री बन्न समर्थन गर्ने संसद्प्रति उत्तरदायी हुनुपर्नेमा त्यो पनि देखिएन, जनताप्रति पनि उनी उत्तरदायी देखिएनन् । टिकटकरको परिवार टिकटकर बालेन सरकारको रूपमा चर्चा पाउँदै आएको देखिन्छ । जे लायो त्यो बिक्ने !

**४, "नेपालले पनि भारतको भूमि धेरै ठाउँमा जमिन मिचेको भनाइबारे**

संसद्मा आफ्खुशी आउने जाने गर्दै आएका बालेनलाई संसदहरूले जवाफ दिन पटक पटक प्रश्न उठाए तापनि संसद्मा जवाफ दिन उनी आएका थिएनन् । तर जब जवाफ दिन भनी कार्यक्रम नै नभएको दिनमा रोष्टममा उभिएर, म जवाफ दिन तयार छु, प्रश्न सोध्नुस् भने प्रश्नको जवाफमा नेपालको सार्वभौमसत्ता र नेपालको राष्ट्र प्रमुखको हैसियत नै बिर्सेर, त्यापरको शैलीमा जवाफ फर्काए कि "कहाँ भारतले मात्रै नेपालको भूमि मिचेको हो र, नेपालले पनि धेरै ठाउँमा भारतको भूमि मिचेको छ" सम्म भन्न भ्याए । त्यो पनि रास्वपा सभापति रवि लामिछाने भारत जाने सङ्घारमै आफू काठमाडौं महानगरको मेयर हुँदा आफ्नो कोठामा राखिएको चुच्चे नक्सा र ग्रेटर नेपालको नक्साको बालेन आफैले धज्जी उडाए ।

**५, अख्तियार प्रमुखलाई ११ घण्टा प्रधानमन्त्री कार्यालयमा थुनिए ।**

गत हप्ता पासपोर्ट छपाइमा भ्रष्टाचार गरेको आरोपमा पासपोर्ट विभागका प्रमुखलाई पक्राउ गरियो । पक्राउ गर्न अख्तियार दुरुपयोग तथा अनुसन्धान आयोगले कुनै अध्ययन अनुसन्धान, मेहेनत, दु:ख केही गर्नु परेन ।

अख्तियार प्रमुख प्रेमकुमार राई र अन्य आयुक्तहरूलाई सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा बोलाएर करिब ११ घण्टा थुनेर बाध्य पारी पक्राउ गर्न लगाइएको समाचार बाहिर आयो ।

प्रधानमन्त्री बालेनले अख्तियार प्रमुखलाई सिंहदरबार बोलाएर संवैधानिक अङ्गको गरिमा र सन्तुलन भत्काएको विज्ञहरूको तर्क छ । प्रधानमन्त्रीले अख्तियारको दुरुपयोग गरेका छन् वास्तवमा अख्तियार प्रमुखले प्रधानमन्त्रीलाई समेत बोलाएर बयान लिने र कारबाही गर्ने अधिकार राख्ने संवैधानिक व्यवस्था हो । संवैधानिक व्यवस्था र मूल्य मान्यताको बेवास्ता गर्दै अराजक ढङ्गमा बालेन सरकार अघि बढेका उदाहरणमध्ये एउटा काण्ड यो पनि हो ।

पहिले पटक पटक सरकारमा पुगेका राजनीतिक दलका नेताहरूले आफ्ना प्याडालाई संवैधानिक आयोगको पदमा नियुक्ति गर्दा यस्तो कमजोर अवस्था सृजना भएको विज्ञहरू बताउँछन् । अन्यथा प्रधानमन्त्रीले धम्की दिए आत्मगौरवका साथ राजिनामा दिन सक्ने हैसियत भएका मानिस अख्तियारमा हुन्थे ।

**६, रास्वपा महाधिवेशनमा बालेनको 'बेलगाम बोली'**

३ दिनका लागि भनी बोलाइएको महाधिवेशन ६ दिनमा पनि नसकिएपछि रास्वपा महाधिवेशनमा विभिन्न जिल्लाबाट आएका प्रतिनिधिहरू आर्थिक, मानसिक र शारीरिक रूपमा थाकेका मात्रै नभई रास्वपाको भद्रगोल शैली, अराजकतासँगसँगै आजित भएका भिडियो, समाचार सामग्री सामाजिक सञ्जाललगायतमा व्यापक बनेको छ ।

महाधिवेशनको उद्घाटनसत्रमै बालेन सरकारले आफैले बोलाएका अतिथिका सामान्य सुझावलाई सामान्य भावले स्वीकार्न सकेको देखिएन । हत्तारमा ती सामान्य सुझावको पनि आलोचना गर्दै आफूले चलाएको गाडी एक्सप्रेस वे (द्रुत मार्ग) मा भएको र गन्तव्यमा नपुगी ब्रेक नलाग्ने बताए । बालेनको त्यो वक्तव्य उनको अहङ्कार मात्र थिएन, उनको अराजकताको प्रतीक पनि हो ।

आफ्नो सही, गलत कुनै काम कुराको सिंहावलोकन पनि नगरी बेतोडमा दौडिने बालेन सरकारको चाहनाले नेपाल र नेपालीलाई सही गन्तव्यमा पुऱ्याउँछ भन्नेमा हामीले आँखा चिम्लेर पत्याइदिनुपर्ने ।

जबकि उनकै पार्टी रास्वपाकै राजनीतिक सिद्धान्त, विचार, नीति तथा कार्यक्रमको ठेगान, स्थिरता देखिएको छैन । बजेट भाषण मुट्ठीभरका धनी पुँजीपतिहरूका लागि मात्रै भएको प्रस्ट छ । बजेटमा न किसान छ, न मजदुर, न त वैदेशिक रोजगारीमा जीवन बाँच्न बाध्य श्रमिकको भविष्य ।

त्यसैले सत्ताको परिवर्तन जनताका लागि आमूल परिवर्तन हुन सक्दैन । 'सिसी मात्रै फेरियो, रक्सी उहीँ' भनेझैं विगतका सरकारहरू र बालेन सरकारमा कुनै तात्त्विक भिन्नता छैन ।

आमूल परिवर्तन व्यापक कामगरी खाने जनताले आफैले सत्ता हासिल गर्न सफलता प्राप्त गरेपछि मात्रै हुने पक्का हो । त्यसैले व्यापक जनता नै राजनीतिक रूपमा सचेत र सङ्गठित हुन जरुरी छ ।

*२०८३ असार १४*

# ६ सय वर्ष पुरानो भैरव नाचका गुरुहरू सम्मानित

भक्तपुर । तुछिमला युवा समूहको आयोजनामा २०८३ को अवसरमा तुछिमला भैल प्यांखंका गुरु, वाद्यवादक, नृत्य कलाकार तथा सहयोगीहरूलाई सम्मान तथा प्रमाणपत्र वितरण कार्यक्रम असार १३ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले ६ सय वर्ष पुरानो ऐतिहासिक भैल प्यांखं जोगाई हालसम्म निरन्तरता दिनु नै तुछिमला युवा समूहको महत्त्वपूर्ण उपलब्धि भएको चर्चा गर्दै यस्तो सराहनीय र गौरवपूर्ण कार्य गर्ने तुछिमला युवा समूहका साथीहरू, गुरु, वाद्यवादक, नृत्य कलाकार तथा सहयोगीहरू धन्यवादका पात्र भएको बताउनुभयो । उहाँले सांस्कृतिक मूल्य र मान्यता, चलन, संस्कार र सम्पदा हाम्रो नेवार समुदायको अमूल्य सम्पत्ति भएको हुँदा यसको संरक्षण गर्नु हरेक नागरिकको कर्तव्य हो भन्नुभयो । नेपाल मजदुर किसान पार्टीको नीति पनि कला, संस्कृति र सम्पदा जोगाउनु रहेको चर्चा गर्दै उहाँले नेमकिपाका अध्यक्ष बिजुक्छेंले भक्तपुरको कला संस्कृति जोगाउनकै लागि 'सय वर्षपछिको भक्तपुर' पुस्तक प्रकाशन गरेको चर्चा गर्नुभयो ।

हाम्रा पुर्खाको कला, संस्कृति र सम्पदालाई आज जोगाउने जिम्मा हाम्रो काँधमा आएको बताउँदै उहाँले यस्तो कार्यमा लाग्ने तुछिमलावासी दाजुभाइ, दिदीबहिनी धन्यवादका पात्र छन् भन्नुभयो ।

उहाँले इतिहासबाट पाठ सिकेर देशको सम्पत्ति जोगाउनु अत्यन्त महत्त्वपूर्ण भएको बताउनुभयो ।

नेपालभाषा नयाँ पुस्ताले बिर्सदै गएकोमा चिन्ता व्यक्त गर्दै उहाँले हरेक नेवारले नेपालभाषा बोल्नुपर्छ, आफ्नो भाषा बिर्सने नेवारले आफ्नो पहिचान र राष्ट्रियता पनि बिर्सने हुँदा यसतर्फ ध्यान दिनुपर्छ भन्नुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष डा. हरिराम सुवालले भक्तपुर नगरपालिकाले पेस गरेको आ.व. २०८३।०८४ को चर्चा गर्दै नगरपालिकाले भक्तपुर नगरवासीहरूको लागि शिक्षामा २१ प्रतिशत र स्वास्थ्यमा १३ प्रतिशत बजेट विनियोजन गरेर नगरवासीहरूको शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेको चर्चा गर्नुभयो ।

नगरपालिकाले शैक्षिक ऋण दिने कार्यविधि तेस्रो पटक संशोधन गर्दै शैक्षिक ऋण पाँच लाखबाट बढाएर सात लाख र ब्याज दर परिमार्जन गर्दै ४ प्रतिशत पुऱ्याएको उहाँले बताउनुभयो ।

ख्वप अस्पतालमा एमआरआई राख्ने र नगरवासीहरूलाई अक्सिजन, रगत र शववाहनको नि:शुल्क सेवालाई निरन्तरता दिएको उहाँले बताउनुभयो । नगरवासीहरूको लागि खानेपानीको अभाव हुन नदिन केयूकेएलसँग आवश्यक समन्वय गरी पाइप जडान कार्य भइरहेको पनि उहाँले बताउनुभयो ।

भनपा वडा नं. ६ का वडा सदस्य सिद्धिराम अवालले निकट भविष्यमै आदर निकेतन ६ वडामा सञ्चालन हुन गइरहेको चर्चा गर्दै आदर निकेतन ज्येष्ठ नागरिकहरूलाई आदरपूर्वक राख्न नगरपालिकाले बनाएको बताउनुभयो ।

कार्यक्रममा वर्ल्ड नेवार अर्गनाइजेसन वाग्मती प्रदेश सहसंयोजक तथा नेप इन्भेन्ट इन्टरटेन्मेन्ट, हेटौडाका सल्लाहकार शर्मिला श्रेष्ठले हेटौडामा तुछिमला युवा समूहले प्रस्तुत गरेको भैल प्याखंले युवाहरू कला संस्कृतितर्फ उत्सुक भएको बताउँदै भक्तपुरमा जस्तै हेटौडामा पनि नेवार कला, संस्कृति र सम्पदाहरू जोगाउन प्रयास भइरहेको बताउनुभयो ।

कार्यक्रममा अतिथिहरू सुरेन्द्रराज गोसाई, हरिराम सुवाल र वडा सदस्य सिद्धिराम अवाललगायतले भैल प्यांखंका गुरु, कलाकार, वाद्यवादक तथा सहयोगीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । जुजुभाइ अवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा साजन छावाले स्वागत मन्तव्य दिनुभएको थियो ।

# प्रजग कोरियाले क्षेप्यास्त्र र ड्रोन रक्षा प्रणाली सुदृढ गर्ने

प्योङयाङ, १२ असार (केसीएनए) । प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका सर्वोच्च नेता किम जोङ उनले देशको सैन्य क्षमतालाई अझ आक्रामक र सुदृढ बनाउने आह्वान गर्नुभएको छ । अमेरिकी र दक्षिण कोरियाबाट उत्पन्न बढ्दो सुरक्षा चुनौतीको सामना गर्न आफ्नो क्षेप्यास्त्र र ड्रोन युद्ध क्षमता व्यापक रूपमा विस्तार गर्ने योजना सार्वजनिक गरेको छ । यससँगै कोरियाली प्राय:द्वीपमा सैन्य तनाव थप चर्किने सङ्केत देखिएको छ ।

राज्य सञ्चारमाध्यम केसीएनएका अनुसार किमले बिहीबार विभिन्न हतियार परीक्षणको अवलोकन गर्दै सेनाको 'घातक र विनाशकारी आक्रामक क्षमता' सुदृढ बनाउन निर्देशन दिनुभएको हो ।

नेता किमले अवलोकन गर्नुभएको परीक्षणमा रणनीतिक ब्यालेस्टिक क्षेप्यास्त्रका लागि विशेष वारहेड, उन्नत बहु-रकेट प्रक्षेपण प्रणाली तथा स्वचालित होवित्जरका लामो दूरीका गोलाहरूको प्रहार क्षमता परीक्षण गरिएको छ । परीक्षणले दक्षिणी सीमावर्ती क्षेत्रमा प्रजग कोरियाको आक्रमण क्षमता बढेको देखाएको दाबी गरिएको छ ।

सर्वोच्च नेता किमले कुनै पनि शत्रुले आक्रमण गर्ने साहस नगर्ने गरी सेनाको आक्रामक क्षमता विकास गर्नुपर्ने बताउनुभएको छ । उहाँले शत्रु पक्षलाई निरन्तर भय र असुरक्षाको अवस्थामा राख्नु युद्ध रोकथामको महत्त्वपूर्ण उपाय भएको धारणा व्यक्त गर्नुभएको छ ।

परीक्षण गरिएको विशेष वारहेड शत्रुको हवाई क्षेत्र, बन्दरगाह तथा ऊर्जा पूर्वाधारजस्ता महत्त्वपूर्ण संरचनालाई लक्षित गरी ठूलो क्षति पुऱ्याउन सक्षम रहेको कोरियाली जनसेनाले जनाएको छ ।

यसैबिच दक्षिण कोरियाको रक्षा मन्त्रालयले उत्तर कोरियाबाट सैन्य चुनौती बढेको भन्दै आफ्नो पनि ड्रोन क्षमता विस्तार गर्ने योजना सार्वजनिक गरेको छ । योजनाअन्तर्गत लामो दूरीका विस्फोटक ड्रोन विकास गर्ने, २० हजारभन्दा बढी कम लागतका निगरानी तथा आक्रमण ड्रोन खरिद गर्ने तथा करिब पाँच लाख सैनिकलाई 'ड्रोन योद्धा' का रूपमा तालिम दिने लक्ष्य राखिएको छ ।

सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भएको उच्चस्तरीय वार्ता असफल भएपछि प्रजग कोरियाले आणविक तथा क्षेप्यास्त्र कार्यक्रमलाई तीव्रता दिएको छ । त्यसयता किमले आधुनिक परम्परागत हतियार विकासलाई पनि उत्तिकै महत्त्व दिँदै आउनुभएको छ ।

यसै साता प्रजग कोरियाले पाँच हजार टन क्षमताको नयाँ विध्वंसक युद्धपोतलाई औपचारिक रूपमा सेवामा समावेश गरेको थियो । किमले उक्त युद्धपोतलाई देशको बढ्दो नौसैनिक तथा आणविक क्षमताको प्रतीकका रूपमा व्याख्या गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले पटक-पटक वार्ताको प्रस्ताव गरे पनि किमले प्रजग कोरियाको आणविक नि:शस्त्रीकरणलाई पूर्वसर्त बनाउने नीति त्यागिएमा मात्र वार्ता सम्भव हुने सङ्केत गर्नुभएको छ । उहाँले दक्षिण कोरियालाई आफ्नो देशको प्रमुख शत्रुका रूपमा चित्रण गर्दै सीमावर्ती क्षेत्रमा थप सैन्य संरचना निर्माणलाई पनि निरन्तरता दिनुभएको छ ।

पछिल्ला वर्षहरूमा नेता किमले युक्रेन युद्धमा रुसलाई समर्थन गर्दै मस्कोसँग सम्बन्ध विस्तार गर्नुभएको छ । यसै महिनाको प्रारम्भमा चिनियाँ राष्ट्रपति सी चिनफिङले सात वर्षपछि पहिलोपटक उत्तर कोरियाको भ्रमण गर्दै किमसँग भेटवार्ता गर्नुभएको थियो ।

# लेखक चिनगिज आइतमातोभको ‘जमिला’ पढ्दा


✍ सुनीला

**_‘जमिला’ किरगिस्तानको एउटा सानो गाउँको कथा हो। किरगिस्तान पूर्वसोभियत समाजवादी गणतन्त्रको एउटा अङ्ग थियो। दोस्रो विश्वयुद्धको समयमा किरगिस्तानी लेखक चिनगिज आइतमातोभले लेखेको उपन्यास जमिला पाठकका लागि एउटा बेग्लै प्रेमकथा लाग्छ। यो व्यापक चर्चा कमाएको उपन्यासमध्ये एक हो।_**

‘जमिला’ किर्गिस्तानको एउटा सानो गाउँको कथा हो। किर्गिस्तान पूर्वसोभियत समाजवादी गणतन्त्रको एउटा अङ्ग थियो। दोस्रो विश्वयुद्धको समयमा किरगिस्तानी लेखक चिनगिज आइतमातोभले लेखेको उपन्यास जमिला पाठकका लागि एउटा बेग्लै प्रेमकथा लाग्छ। यो व्यापक चर्चा कमाएको उपन्यासमध्ये एक हो। लेखक जन्मेको किर्गिस्तान अत्यन्त दुर्गम गाउँ थियो। पछि त्यो गाउँले सोभियत रुसको छहारी पायो। उनले सोभियत विद्यालयमा अध्ययन गर्ने अवसर पाए। १४ वर्षकै उमेरमा एउटा गाउँको सचिव बनेर काम गरे। उनले म्याक्सिम गोर्की साहित्य संस्था मस्कोबाट साहित्य विषय अध्ययन गरे। उनले सोभियत रुसको महत्त्वपूर्ण पत्रिका ‘प्राव्दा’मा करिब आठ वर्ष काम गरे। किर्गिजमा उनको पहिलो कृति ह्वाइट रेन (White Rain, 1954) थियो भने सन् १९५८ मा प्रकाशित ‘जमिला’ उनको लोकप्रिय उपन्यासमध्ये एक हो। आइतमातोभका लघुकथा, उपन्यासहरूमा सोभियत सङ्घको, खास गरेर केन्द्रीय एसियाली गणतन्त्रहरूको जीवनको जिउँदो चित्रण पाइन्छ। उनी एक कम्युनिस्ट लेखकको रूपमा चिनिन्छन्। सोभियत सङ्घको विघटनअघि उनका नाटक, उपन्यासहरूले किर्गिजको सोभियत गणतन्त्रसम्म सोभियत सङ्घको आवाज या सन्देश पुऱ्याउने काम गर्थे।

उपन्यासका शूत्रधार जमिलाका देवर सेइत हुन्। सेइत एक कलाकार र चित्रकार हुन्। किर्गिस्तानको पहाड, पर्वत घाँसेमैदान र नदीहरूसँग सेइतको सामीप्यता उपन्यासको सुरुआतमै अनुभव हुन्छ। किर्गिस्तानको आकाश र धरतीप्रति उनको प्रेम महसुस हुन्छ। उनको स्मृति र संस्मरणमा उपन्यास अघि बढ्छ।

युद्धको समयमा गाउँको अवस्था कस्तो हुन्छ, मान्छेहरूको जीवन कसरी गुज्रन्छ भन्ने एकखालको शब्ददृश्य ‘जमिला’का पृष्ठहरूमा भेटिन्छन्। उपन्यासको घटना परिघटनामा सेइत किशोर थिए। युद्ध सुरु भएको तेस्रो वर्ष भएको थियो। कुर्स्क र आरेलामा सेइतका बुबा र दाजुहरू दुस्मनसँग लड्दै थिए। सेइतसँगै गाउँमा आमाहरू, महिलाहरू र किशोर-किशोरी सामूहिक खेतीपाती सम्हालिरहेका थिए। एउटा वयस्क पुरुषले बोक्ने अजङ्गको भारी भर्खरका किशोर-किशोरी र उमेर पुगेका आमा-बुबाले उठाउनुपर्थ्यो। थान्को - मुन्कोको समय त सबैभन्दा सकसको बेला हुन्थ्यो।




हप्तौँसम्म घरबाहिरै काम गर्नुपर्ने, सिङ्गो दिनरात खेत खलिहानमा बित्ने गर्थ्यो। धान या अन्न ओसारपसार गर्ने रेल्वे स्टेशन जाने कच्ची सडकमा दिनरात बिताउनुपर्ने समय हुन्थ्यो। दोस्रो विश्वयुद्धको समयमा सोभियत रुस र सोभियत गणातन्त्रलाई जर्मन फासीवादीबाट बचाउन, देश र माटोको निम्ति लड्न युवाहरू युद्धमैदानमा थिए। गाउँहरू झन्डै वयस्क या युवा विहीनताको अवस्थामा थियो। गाउँमा महिला, केटाकेटी र वृद्धवृद्धाहरूमात्रै थिए। अझ भनौं युवाहरू युद्धमैदानमा हुँदा महिला र किशोरहरू गाउँ सम्हाल्दै थिए।

सेइतकी आमाले घर सम्हाल्थिन्। ठूलाघरपतिबाट सेइतका दुई दाजुहरू युद्धको अघिल्लो मोर्चामा थिए। वृद्ध बुबा जसोतसो सिकर्मी काम गर्थे। आमालाई सघाउने बहिनी मात्रै थिइन्। सानाघरपति (सेइतको आफनै दाजुभाइ) पनि दुवै छोरा युद्धमा पठाइएका थिए। जेठो छोरो सादयाकले विवाहलगत्तै घर छोड्न परेको थियो। त्यहाँ पनि सानीआमाले घरव्यवहार हेर्थिन्। विवाहको चार महिनापछि युद्धमा गएका सादयाकका जहान थिइन् जमिला।

सेइतका सानीआमा र भाउजू जमिला सम्पूर्ण खेतीपातीदेखि स्टेशनसम्म अन्न पुऱ्याउने काम गर्थे। घर मात्र होइन सिङ्गो गाउँको अर्थतन्त्र महिला र केटाकेटीहरूले सम्हालेको दृश्य अनुभव गराउँछ, उपन्यासले। सेइतका आमा र महिलाहरू श्रमशक्तिको रूपमा विकास हुनु युद्धकालीन समयको आवश्यकता पनि थियो सायद।

> *युद्धको समयमा गाउँको अवस्था कस्तो हुन्छ, मान्छेहरूको जीवन कसरी गुज्रन्छ भन्ने एकखालको शब्ददृश्य ‘जमिला’का पृष्ठहरूमा भेटिन्छ। उपन्यासको घटना परिघटनामा सेइत किशोर थिए। युद्ध सुरु भएको तेस्रो वर्ष भएको थियो। कुर्स्क र आरेलामा सेइतका बुबा र दाजुहरू दुस्मनसँग लड्दै थिए। सेइतसँगै गाउँमा आमाहरू, महिलाहरू र किशोर-किशोरी सामुहिक खेतीपाती सम्हालिरहेका थिए। एउटा वयस्क पुरुषले बोक्ने अजङ्गको भारी भर्खरका किशोर-किशोरी र उमेर पुगेका आमा-बुबाले उठाउनुपर्थ्यो। थान्को - मुन्कोको समय त सबैभन्दा सकसको बेला हुन्थ्यो। हप्तौँसम्म घरबाहिरै काम गर्नुपर्ने, सिङ्गो दिनरात खेत खलिहानमा बित्ने गर्थ्यो। धान या अन्न ओसारपसार गर्ने रेल्वे स्टेशन जाने कच्ची सडकमा दिनरात बिताउनुपर्ने समय हुन्थ्यो। दोस्रो विश्वयुद्धको समयमा सोभियत रुस र सोभियत गणतन्त्रलाई जर्मन फासीवादीबाट बचाउन, देश र माटोको निम्ति लड्न युवाहरू युद्धमैदानमा थिए। गाउँहरू झन्डै वयस्क या युवा विहीनताको अवस्थामा थियो। गाउँमा महिला, केटाकेटी र वृद्धवृद्धाहरूमात्रै थिए। अझ भनौं युवाहरू युद्धमैदानमा हुँदा महिला र किशोरहरू गाउँ सम्हाल्दै थिए।*

जमिला त दह्रो, फुर्तिली र असाध्यै सुन्दरी पनि थिइन्। उनी घोडचढीमा अब्बल थिइन्। सादयाकसँग विवाह गर्नुअघि जमिलाले घोडा दौडमा सादयाकलाई हराएको प्रसङ्गले सोभियत गाउँमा महिलाहरूको अवस्था दर्साउँछ। उनी साह्रै राम्री भएकोले गाउँका निकम्मा पुरुषहरू पछि लाग्थे, युद्धमा गएका श्रीमान् नकुर्न भन्थे, अन्तै विहे गर्न भन्थे र जमिलाको हृदयमा प्रहार गर्थे। युद्धको बखत गाउँमा थोरै लोग्नेमान्छे हुन्थे। यसैको फाइदा उठाउँदै केही उद्दण्ड युवाहरू हर्कत देखाउँथे। छोरीमान्छेमाथि दुर्व्यवहार पनि गर्न खोज्थे। ती लोग्नेमान्छेहरूको आँखा जमिलामाथि पनि थियो। एकपटक खलिहानमा काम गरिरहेकी जमिलामाथि परको आफन्त पर्ने ओस्मनले घृणित व्यवहार देखाउँदा जमिला रिसले आगो भएकी थिइन्। उनले घृणासहित खबरदारी गरेकी थिइन् - “सय वर्षसम्म एउटा सिपाहीकी विधवा बनुँला तर तँ जस्तालाई मेरो शरीर छुन चाहिँ दिन्न म। मलाई एकदम घिन लाग्छ। यदि युद्ध मात्र हुन्नथ्यो भने म पनि हेर्थे तँ जस्ता कुकुरलाई कसले चाहिँ हेर्ने थियो।” श्रीमान् युद्धमा गएका आइमाईहरूको मनोविज्ञानलाई उपन्यासले जमिलामार्फत बताएको महसुस हुन्छ। मान्छेको मन न हो समयसँगै एक्लोपनको अनुभूति स्वाभाविक हो, त्यस्तो बेला सासूले जमिलालाई सम्झाउँथिन् - “चित्त बुझाउनुको साटो किन पिर लिन्छेस् ? तेरो बुढो मात्र युद्धमा हिँडेको जस्तो लाग्छ ? तेरो मात्र यस्तो भएको होइन। सिङ्गै मुलुक रगतमा डुबेको छ। अरूलाई पनि त हेर। तँलाई लाग्छ ? आफ्नो बुढोलाई सम्झिएर नटोलाउने र नएक्लिएको कुनै पनि केटी छ यो मुलुकमा ?” जमिलाको उदासी र निरीह भाव अस्वाभाविक थिएन। यद्यपि, आमाहरूको अनुभव र भोगाइ जमिलाको अवस्थाभन्दा निकै बुढो थियो।

गाउँमा एकदिन दानियार अर्थात् एउटा घाइते सिपाही आए। उनको आगमनले गाउँमा हल्लीखल्ली मच्चिएको थियो। कोही युद्धबाट फर्कियो भने सबै गाउँलेले उनलाई घेर्न कुदिहाल्थे। तीन वर्षकै उमेरमा बुबाआमा गुमाएको टुहुरो मात्र होइन युद्धका घाइते पनि थिए, दानियार। पीडा र वेदनाको पहाड मनमा लिएर फर्केका दानियार अन्तरमुखी थिए, खुल्दैनथे। गाउँका बुढा मुखियाले दानियारलाई स्वागत गर्दै भनेका थिए - “दुष्ट जर्मनहरूलाई हामी हराउनेछौँ, अनि एकपटक शान्तिसँग बस्नेछौँ। अरूको जस्तै तिम्रो पनि परिवार हुनेछ।”

दानियार गाउँको लयमा मिसिए। गाउँको रङ्गमा रङ्गिए। युद्ध मोर्चाबाट एक्लै हिँड्न पनि नसक्ने भएर फर्केको दानियारको हृदयमा एक किसिमको सकस थियो। के त्यो युद्धमा अन्तिमसम्म लड्न नसक्नुको सकस या पीडा थियो ? पाठकको मनमा यो प्रश्न उठ्छ। सामूहिक खेतीपातीमा दानियारले पनि भाग लिए। ठूलठूला धानका बोरा उचाल्न उनलाई गाह्रो थियो। जमिलाले उठाउने जति पनि धानका बोरा पनि उचाल्न सकेनन्, जबर्जस्ती उचाल्न खोज्दा उनको खुट्टा खोचिएको थियो, गोलीको घाउ खुट्टैमा थियो क्यारे। स्टेशनमा बढी तौलका धानका बोरा उचाल्न पर्दाको मनस्थिति बेग्लै हुन्थ्यो। आइमाईहरू लस्करै बोरा बोक्थे। यदि युद्ध नहुँदो हो त महिला र केटाहरूलाई त्यत्रो बोझ उठाउन कसले दिन्थ्यो ? छोरीमान्छेहरू अस्वाभाविक ढङ्गले शारीरिक श्रममा जोतिन किन पर्थ्यो ? यी प्रश्नहरू उपन्यासले सोधेको छ।

> *उनी साह्रै राम्री भएकाले गाउँका निकम्मा पुरुषहरू पछि लाग्थे, युद्धमा गएका श्रीमान् नकुर्न भन्थे, अन्तै विहे गर्न भन्थे र जमिलाको हृदयमा प्रहार गर्थे। युद्धको बखत गाउँमा थोरै लोग्नेमान्छे हुन्थे। यसैको फाइदा उठाउँदै केही उद्दण्ड युवाहरू हर्कत देखाउँथे। छोरीमान्छेमाथि दुर्व्यवहार पनि गर्न खोज्थे। ती लोग्नेमान्छेहरूको आँखा जमिलामाथि पनि थियो। एकपटक खलिहानमा काम गरिरहेकी जमिलामाथि परको आफन्त पर्ने ओस्मनले घृणित व्यवहार देखाउँदा जमिला रिसले आगो भएकी थिइन्। उनले घृणासहित खबरदारी गरेकी थिइन् - “सय वर्षसम्म एउटी सिपाहीकी विधवा बनुँला तर तँ जस्तालाई मेरो शरीर छुन चाहिँ दिन्न म। मलाई एकदम घिन लाग्छ। यदि युद्ध मात्र हुन्नथ्यो भने म पनि हेर्थे तँ जस्ता कुकुरलाई कसले चाहिँ हेर्ने थियो।” श्रीमान् युद्धमा गएका आइमाईहरूको मनोविज्ञानलाई उपन्यासले जमिलामार्फत बताएको महसुस हुन्छ। मान्छेको मन न हो समयसँगै एक्लोपनको अनुभूति स्वाभाविक हो, त्यस्तो बेला सासूले जमिलालाई सम्झाउँथिन् - “चित्त बुझाउनुको साटो किन पिर लिन्छेस् ? तेरो बुढो मात्र युद्धमा हिँडेको जस्तो लाग्छ ? तेरो मात्र यस्तो भएको होइन। सिङ्गै मुलुक रगतमा डुबेको छ। अरूलाई पनि त हेर। तँलाई लाग्छ ? आफ्नो बुढोलाई सम्झिएर नटोलाउने र नएक्लिएको कुनै पनि केटी छ यो मुलुकमा ?” जमिलाको उदासी र निरीह भाव अस्वाभाविक थिएन। यद्यपि, आमाहरूको अनुभव र भोगाइ जमिलाको अवस्थाभन्दा निकै बुढो थियो।*

दानियार जमिलाको परिश्रम, व्यवहार, स्वरूपप्रति बेग्लै अनुभव गर्थे भन्ने ठम्याइ सेइतको थियो। दानियार केही नबोल्ने आफैमा हराउने स्वभावको भएका कारण उनलाई बुझ्न मुस्किल थियो। स्टेशनमा धान पुऱ्याएर गाडामा फर्कंदै गर्दा एउटा शरदको रात दानियारले गीत गाएको थियो -

*“ए मेरा पर्वतमाला*
*निला सेता पहाडहरू*
*मेरो जीवनको शैशवकाल*
*ए मेरा पहाडहरू*
*मेरा फाँट पठारहरू।”*

उनको स्वर र शब्दहरूमा प्रेमको अनुभूति थियो। सेइतले अनुभव गरे - “यो कुनै खास व्यक्तिसँग परेको प्रेम थिएन, त्यो प्रेम फरक थियो, भव्य थियो। त्यो त जीवनप्रतिको प्रेम थियो, धरतीप्रतिको प्रेम। हो, उसले उसको प्रेम आफूसँग सुरक्षित राख्यो, आफ्नो अन्तरहृदयको झङ्कारमा। यो नै उसको जीवनको जीवनज्योति थियो।”

जमिला, दानियार र सेइतको यात्रा त्यो शरदको रातमै टुङ्गिएन, निकै अगाडि बढ्यो। जमिला र सेइतले दानियारको स्वरमा पितापुर्खा र आफ्नो धरतीप्रतिको प्रेमसँगै युद्धको त्रासद र उत्तेजक यात्राले हृदयभित्र कारुणिक मर्म भरिदिएको पनि अनुभव गरे, युद्ध सुन्दर हुने कुरै भएन, युद्ध स्वाभाविक रूपले आक्रामक हुन्छ, युद्ध विनाशकारी हुन्छ। युद्धबारे दानियार किन मौन थिए, सोचनीय विषय जरुर थियो।

दानियार र जमिलाबीच फुलेको प्रेमलाई सेइत नजिकबाट नियालिरहेका थिए। दानियार गीतहरूबाट जमिलालाई आफूतिर तानिरहेको र जमिला आफै पनि दानियारको काँधमा एक्लोपनले भारी बिसाउन चाहन्थिन्। तर, जमिलालाई ज्ञात थियो उनी विवाहित थिइन् र उनको श्रीमान् युद्धमैदानमा थिए। विवाहको चार महिना नबित्दै हिँडेका श्रीमान्को सम्झना मानसपटलबाट धमिलिनु के अस्वाभाविक थियो ? यो मनोविज्ञानलाई लेखकले शब्दचित्रमा उतारेका छन्। सेइतले भने जमिला र दानियारको प्रेमलाई क्यानभासमा पोतिसकेका हुन्छन्। त्यो प्रेमलाई रङ्ग दिइसकेका हुन्छन्। यो नै उपन्यासको कथानक हो।

यो उपन्यास कसैको प्रेमकथाभन्दा ज्यादा समयको एउटा यथार्थ चित्रण लाग्छ। उपन्यासले कुनै बाटो देखाउन नसके पनि एउटा गाउँको आर्थिक, सामाजिक र सांस्कृतिक परिवेश युद्धले कसरी प्रभावित बन्छ भन्ने सानो दृष्टान्त पस्कन्छ। त्यतिमात्र होइन युद्धले मान्छेको जीवन र आइमाईहरूको जीवन कसरी प्रभावित बन्छ ? तिनको भूमिका कसरी फेरिन्छ ? त्यसको सानो लेखाजोखा उपन्यासमा छ। यद्यपि, उपन्यासको गति र विषयवस्तुको प्राथमिकताबारे आलोचनात्मक धारणा राख्न सकिन्छ। समग्रमा युद्ध, र परिवेशबिच मान्छेको जीवनको एउटा बेग्लै अन्तरकथा नै ‘जमिला’ को स्वरूप हो।

# सुन र सित्री : तिब्बतको यात्रा विवरण - २

✍ फेलिक्स एब्ट

यो भाँडभैलो र अस्थिरताबाट तिब्बती इतिहासको सबैभन्दा परिवर्तनकारी बौद्धिक आन्दोलन उठ्यो। विलक्षण विद्वान र समाज सुधारक जे सोङ्खापा (सन् १३५७–१४१९) ले मठ प्रणालीलाई नयाँ जीवन दिन खोजे। यो प्रणालीमा राजनीतिक पुँजी हुने उनको विचार थियो। उनले गेलुग परम्परा (सदाचारी पथ) को स्थापना गरे। यसलाई 'पहेँलो टोपी' धारा पनि भनिन्छ। सोङ्खापाले ब्रह्मचर्य र मठको आचारसंहितालाई कठाइसाथ लागु गरे। साथमा जीवन्त दार्शनिक बहस र थकानपूर्ण तर्क प्रणालीको अध्ययनलाई जोडियो।

गेलुग परम्पराले योग्यता र शैक्षिक प्रतिभामा जोड दियो। विकासको नौलो लहर सुरु भयो। ल्हासानजिकै यसका तीन प्रसिद्ध विश्वविद्यालय स्थापना भए - गेन्देन, सेरा र द्रेपुङ। तिनलाई मिलाएर 'तीन महायान' भनिन्छ। यी तीन नगर विश्वविद्यालयमा तिब्बती पठारका हजारौँ भिक्षुको घुइँचो लाग्न थाल्यो। यसले गर्दा ल्हासा आसपास बलियो सांस्कृतिक र आध्यात्मिक शक्ति केन्द्रित भयो। बिस्तारै नयाँ राजनीतिक व्यवस्थाको भूराजनीतिक आधार तयार भयो।

**ल्हासाको राजगद्दी : दलाई लामाको धर्मतन्त्रको उदय (१६-१७ औँ शताब्दी)**

तिब्बती पठारको भाग्य कोर्ने घटना सन् १५७८ मा भयो। सोनाम ग्यात्सो फैलिँदो गेलुग धाराका प्रतिभाशाली गुरु थिए। उनी तुमेद मङ्गोल शासक अल्तान खानलाई भेट्न लामो यात्रामा गए। विगतमा जस्तै उनी मङ्गोल दरबारसँग गुरु-संरक्षक सम्बन्ध जोड्न चाहन्थे। अल्तान खान धर्मगुरुको आध्यात्मिक शक्ति देखेर औधि प्रभावित भए। फर्किने बेला राजाले सोनाम ग्यात्सोलाई 'दलाई' पदवी दिए। मङ्गोल भाषामा यसको अर्थ 'महासागर' हुन्छ। असीम विवेक भएको बुद्धिलाई दलाई भनियो। सोनाम ग्यात्सोले आफ्ना अघिल्ला दुई अवतारलाई जनाउन यो पदवीको प्रयोग गरे। यसरी गेलुग परम्पराको आध्यात्मिक रक्षकका रूपमा दलाई लामाको औपचारिक वंश सुरु भयो।

वास्तविक भूराजनीतिक मोड गवाङ लोब्साङ ग्यात्सोको पालामा आयो। इतिहासमा उनलाई 'महान् पाँचौँ' दलाई लामा (सन् १६१७–१६८२) भनिन्छ। उनी काग्यु परम्पराको आड पाएका राजा त्साङसँग तितो र घमासान गृहयुद्धमा थिए। यत्तिकैमा उनले एउटा साहसी कूटनीति अपनाए। उनले मङ्गोल सरदार गुशरी खानसँग सैन्य गठबन्धन बनाए।

मङ्गोल घोडचढी सेनाको बलमा गुशरी खानले त्साङको फौजलाई हराए। यसरी योजनाबद्ध रूपमा गेलुग परम्पराका प्रतिद्वन्द्वी गुटहरू सखाप भए। सन् १६४२ मा गुशरी खानले तिब्बती पठारको सार्वभौम नियन्त्रण पाँचौँ दलाई लामाको हातमा सुम्पे। दलाई लामा एकीकृत तिब्बतका दुवै लौकिक र अलौकिक शासक बने। यो नयाँ व्यवस्थालाई संस्थागत गर्न पाँचौँ दलाई लामाले गादेन फोद्राङको स्थापना गरे। यो एक अति नै केन्द्रीकृत धार्मिक सरकार थियो। उनले ल्हासाको पोताला दरबारको शिलान्यास गरे। प्राचीन राजधानीमा एउटा भव्य किल्लाबन्द विहारको निर्माण भयो। पोताला दरबार सर्वोच्च राजनीतिक र धार्मिक सत्तालाई जनाउने ठोस स्मारक बन्यो।

**साम्राज्यका छायाँहरू : छिङ वंशको प्रभाव (१८-१९ औँ शताब्दी)**

पाँचौँ दलाई लामाले हासिल गरेको निरङ्कुश सत्ताको आयु छोटो रह्यो। १८ औँ शताब्दीको आरम्भमा तिब्बत पुनः सङ्कटमा पऱ्यो। उत्तराधिकारीको अभाव, राजनीतिक हत्याकाण्ड र बाह्य आक्रमणका कारण तिब्बत सङ्कटको भुमरीमा फस्यो। जुङ्गर मङ्गोलहरूले ल्हासामा लुटपाट मच्चाए। त्यसको दस वर्षपछि नेपालका गोर्खालीहरूले प्रमुख विहार र मठमा लुटपाट गरे। यसपछि तिब्बती नेतृत्वले क्षेत्रीय महाशक्तिसँग सैन्य सहायता माग्यो। मन्चु वंशको शासन रहेको छिङ साम्राज्यले ठुलो र सफल प्रत्याक्रमण गऱ्यो; तिब्बतमा रहेका आक्रमणकारीहरूलाई भगायो। यसपछि उसले तिब्बती पठारमा बलियो राजकीय अधिकार जमायो।

संरक्षकको आफ्नो भूमिकालाई बलियो बनाउन छिङ दरबारले तिब्बतको ल्हासामा दुई राजकीय दूत वा अम्बा राख्यो। यी अम्बाको रक्षार्थ त्यहाँ स्थायी सैन्य छाउनी थिए। तिब्बतको विदेश नीति, व्यापार र सीमा रक्षालाई उनीहरू नजिकबाट नियाल्थे।

गोर्खाली युद्धपछि चीनका सम्राट छियनलोङले तिब्बती कुलीनहरूबिच मौलाइरहेको भ्रष्टाचारलाई तारो बनाए। सन् १७९३ मा उनले सुनौलो ठेकी प्रणाली लागु गरे। यसको लागि चिनियाँ माटोको ठेकीमा विभिन्न नाम राखेर दलाई लामालगायत उच्च अवतारहरू छनोट गरिन्थ्यो। चिनियाँ अम्बाको रोहोबरमा यो छनोट हुन्थ्यो। यो छत्रछायाँका आफ्नै सीमा थिए। छिङ वंशले भूराजनीतिक र कतिपय प्रतीकात्मक मामिलामा बलियो पकड राख्थ्यो। तर, तिब्बतको वास्तविक आन्तरिक राजकाज अथवा त्यहाँका विशालकाय मठ, मौजा, कर सङ्कलन, कानुन र प्रशासन गान्देन फोद्राङ र तिब्बती कुलिनहरूको स्वतन्त्र नियन्त्रणमा चल्थ्यो।

**विस्मृत स्वतन्त्रता : २० औँ शताब्दीको आरम्भ (सन् १९१२-१९५०)**

सन् १९११ मा भूराजनीतिमा बदलाव आयो। सिनहाइ क्रान्तिले छिङ वंशको शासन समाप्त भयो। लगत्तै तिब्बती पठारमा पेकिङको राजकीय पकड खुकुलो भयो। यही ऐतिहासिक अवसर छोपेर १३ औँ दलाई लामाले पूर्ण स्वतन्त्रता दाबी गर्ने कार्यमा लागिपरे। उनले छिङ सरकारका अम्बा र फौजलाई राजधानीबाट निकाला गर्ने चाँजो मिलाए। सन् १९१३ को फेब्रुअरी १३ गते उनले तिब्बत पूर्णतः स्वतन्त्र भएको फर्मान जारी गरे। यसको लागि उनले चीन दरबारसँगको 'गुरु-संरक्षक' सम्बन्ध तोडेको औपचारिक घोषणा गरे।

त्यसपछिका ३८ वर्ष तिब्बतले एक सार्वभौम राष्ट्रका रूपमा पूर्ण स्वायत्तताको अभ्यास गऱ्यो। ल्हासा सरकारले पासपोर्ट जारी गऱ्यो, आफ्नै टक चलायो, हुलाक सेवा सञ्चालन गऱ्यो, ससानो स्थायी सेना राख्यो र हिउँ चितुवाको तस्बिरयुक्त झन्डा फहरायो। *(यी यावत कार्यमा तिब्बतको व्यापारमा आँखा गाढिबसेका अङ्ग्रेजहरूको उक्साहटले काम गरेको थियो। अनु.)*

बल्लतल्ल हात परेको स्वतन्त्रताले भूराजनीतिक आधार पाएन। किनभने, कुनै पनि विदेशी शक्तिले औपचारिक कूटनीतिक सम्बन्ध र अन्तर्राष्ट्रिय समर्थनका लागि हात बढाएन। *(लेखकले यहाँ तत्कालीन तिब्बतलाई मान्यता दिलाउन बेलायतले गरेको भरमग्दुर प्रयासलाई बेवास्ता गरेका छन्। अनु.)* तिब्बतको एकान्त नीतिको वास्तविक कारण तिब्बती नेतृत्व आफै थियो। शक्तिशाली र रुढीवादी मठाधीश शासकहरू आधुनिकीकरणका कडाविरोधी थिए। उनीहरू वैदेशिक गठबन्धनको विरोधमा थिए। विदेशीहरूले परम्परागत बौद्ध मूल्यमान्यतालाई बिथोल्लान् र आफ्नो विशेष सेवासहुलियत खोस्लान् भन्ने डर थियो। अन्तर्राष्ट्रिय सम्बन्ध जोड्नुको साटो उनीहरूले तिब्बतलाई भित्रभित्रै खुम्च्याए। वरिपरिका साम्राज्यहरू बदलिइरहेको स्थितिबिच वास्तविकता उल्टिँदै थियो। खासमा उनीहरू एकदम खुला र असुरक्षित हुँदै थिए।



**जनगणतन्त्र चीनको आँधीबेहरी आयो (सन् १९५०-१९५९)**

सन् १९४९ मा जनगणतन्त्रको स्थापना भयो। यसले क्षेत्रीय राजनीतिको मुहार नै फेऱ्यो। सन् १९५० को अक्टोबर महिनामा जनमुक्ति सेनाले जिनशा नदी तऱ्यो। उसले चाम्दोमा तिब्बती फौजलाई हरायो। स्थिति असन्तुलित भएको देखेर युवा उमेरका १४ औँ दलाई लामाले समयभन्दा अगावै राजाधिकार पूर्णतः आफ्नो हातमा लिए।

सन् १९५१ मा एक तिब्बती प्रतिनिधि मण्डल पेइचिङ पुग्यो। १७ बुँदे सम्झौतापत्रमा हस्ताक्षर भयो। तिब्बतलाई औपचारिक रूपमा जनगणतन्त्र चीनमा समाहित गरियो। चीन सरकारले तिब्बतको परम्परागत प्रणाली, दलाई लामाको स्थान र धार्मिक स्वतन्त्रता जोगाइदिने भयो।

तर, तनाव बढ्दै गयो। भूमिसुधार र भूदासप्रथा उन्मूलन गर्दा ठुलो प्रतिरोध भयो। प्रतिरोधले सशस्त्र द्वन्द्वको रूप लियो। सशस्त्र प्रतिरोधमा बाह्य शक्तिले भूमिका खेलेका थिए। खासगरी अमेरिकाको गुप्तचर निकाय 'सीआईए' यसमा सक्रिय थियो। ल्हासामा भएको विद्रोहलाई जनमुक्ति सेनाले अन्ततः दबायो। गञ्जागोल स्थितिबिच १४ औँ दलाई लामा आफ्ना हजारौँ भक्तजनसहित हिमालय छिचोलेर भारत पुगे।

**आधुनिक मोर्चा : सन् १९५९ देखि आजसम्म**

सन् १९५९ को विद्रोहपछि भूराजनीतिक परिदृश्य सदाका लागि फेरियो। सयौँ वर्ष पुरानो तिब्बतको परम्परागत सरकार पूर्णतः विघटन भयो। यसले गर्दा सन् १९६५ मा औपचारिक रूपमा तिब्बत स्वायत्त क्षेत्र स्थापना गर्ने बाटो खुल्यो।

यो पुनः संरचनाले तिब्बतको सामाजिक पदानुक्रमलाई जरैबाट उल्ट्याइदियो। अघिका भूदासहरूले कानुनी रूपमै चिनियाँ नागरिकको दर्जा पाए। इतिहासमै पहिलोपल्ट उनीहरूले मतदानमा भाग लिए। यो सामाजिक आर्थिक रूपान्तरणलाई विभिन्न ऐतिहासिक तस्बिरहरूमा देख्न सकिन्छ। चिनियाँ अधिकारीहरूले खाली खुट्टा मतदानस्थलसम्म आएका महिलाहरूका तस्बिरहरू आज पनि उत्तिकै जीवन्त लाग्छन्।

सांस्कृतिक क्रान्ति (सन् १९६६-१९७६) ताका विभिन्न मठ, धर्मग्रन्थ र धार्मिक स्मारकहरूमाथि तिब्बतभरि नै क्षति पुगेको साँचो हो। तर, यस्ता घटना चीनभरि नै भइराखेका थिए।

अध्यक्ष माओको शासनपछि चीनले भौतिक पूर्वाधारको निर्माण र विकासमा ठुलो लगानी गऱ्यो। सन् २००६ मा छिङ्घाइ-तिब्बत रेलमार्ग खुल्यो। यसले ल्हासालाई चीनको राष्ट्रिय रेल सञ्जालसँग जोड्यो। यसले गर्दा आर्थिक वृद्धि, सहरीकरण र पर्यटनमा ठुलो उभार आयो।

आज तिब्बत अन्तर्राष्ट्रिय भूराजनीतिक बहसको एक केन्द्र बनेको छ। चीनका राजनीतिक विपक्षीहरूले यो बहसको लगाम समाएका छन्। चीन सरकारले जनताको जीवनस्तर, स्वास्थ्य पहुँच, गरिबी निवारण र सांस्कृतिक सम्पदाको संरक्षणमा जोड दिएको छ। पोताला दरबारलाई जीर्णोद्वार गर्ने काम भइरहेको छ।

**दलाई लामाको विलास र साधारण तिब्बतीको कठिनाइ**

पोताला दरबार १४ जना दलाई लामाहरूमध्ये धेरैको शीतकालीन आवास थियो। आज यसको स्याहार सम्भार गरिएको छ। ५० युआनको नोटमा यही दरबारको चित्र अङ्कित छ। चीनका आलोचकहरूलाई थाहा छ कि छैन!

पोताला दरबारको सुनौलो काया देखेर म अचम्मित भएँ। अरबौँ मूल्य पर्ने सुनले पोताला दरबारका भित्ताहरू रङ्ग्याइएको छ। दुःखको कुरा त्यहाँ तस्बिर लिन नपाइने रहेछ। त्यो झिलिमिली देखेर म कायल भएँ।

तैपनि, मनमा कतै अँध्यारो छाइरह्यो। इतिहासको संग्रहालयमा राखिएका तस्बिरहरू एकदम सजीव थिए। खाली खुट्टा हिँडिरहेका भूदासहरू निर्मम जाडोमा लुगलुग कामेजस्ता लाग्थे। लाग्यो, मालिकका नजरमा तिनीहरू फगत किराफट्याङ्ग्रा थिए। मालिकहरूको सनकले उनीलाई बजारमा किन्न, बेच्न र अपमान गर्न सकिन्थ्यो। यो 'पवित्र' स्वर्णपुरी र खुला आकाशमुनि छटपटाइरहेको जीवनबिच ठुलो खाडल थियो। मैले यी दुई दृश्यलाई एक ठाउँमा राख्नै सकिन।

**ग्रामीण तिब्बतमा परिवार, आवश्यकता र बहुपति प्रथा**

अब म तीन पतिकी पत्नी र पाँच सन्तानकी आमामा फर्किन चाहन्छु। चीन सरकारले बहुपति प्रथालाई उत्साहित गर्दैन। तैपनि, आधिकारिक रूपमा चीनले यो प्रथालाई विकट क्षेत्रको कठोर यथार्थबाट जन्मेको पारिवारिक संरचना मान्छ। प्रतिबन्ध लगाएर यो प्रथा नहट्ने बरु जनताको जीवनस्तर उकासेर मात्र यो यथार्थ बदल्न सकिने चीन सरकारको आधिकारिक बुझाइ हो।

ती महिलासँग बिहे गर्न चाहने पुरुष परिवारले उनलाई दाइजोमा २० वटा चौरी गाई दिनुपरेको रहेछ। सामान्य परिवारका लागि यति खर्च धान्न हम्मेहम्मे थियो। किनभने, त्यो परिवारका अरू छोरा पनि थिए। त्यसैले सबै छोराका लागि दाइजो तिर्न सकिन्नथ्यो। त्यसैले एउटा व्यवहारिक उपाय निकालियो। परिवारले २० वटा चौरी त तिऱ्यो। तर, बदलामा महिलाले जेठो छोरा मात्र नभई बाँकी दुई भाइसँग पनि बिहे गर्नुपर्ने भयो।

यसरी तीन छोरा भएको परिवारले आफ्ना ४० चौरी बचत गऱ्यो। अर्कोतिर, सबै छोराको बिहे पनि भयो र वंश चल्ने भयो। बिहेको तीन वर्षभित्र उनले एउटा सन्तान जन्माउनुपर्ने हुन्थ्यो। नत्र उनलाई माइतीघर नै फर्काइने थियो। माइत फर्केपछि उनले कुनै बौद्ध मठमा गएर आजीवन भिक्षुणीको जीवन बाँच्नुपर्ने थियो।

उनका सन्तानले सबैभन्दा जेठा पतिलाई 'बाबा' भन्छन् भने बाँकी दुई पतिलाई 'काका' भन्छन्। प्रत्येक पतिको आआफ्नै सुत्ने कोठा छन्। रातमा पत्नीले जुन पतिसँग सुत्ने हो, उसको ढोकाबाहिर आफ्नो जुत्ता छोड्छिन्। त्यो चिन्ह देखेपछि अन्य पतिले उनलाई बिथोल्नुहुँदैन भन्ने बुझ्छन्। मैले उनलाई कुन सन्तान कुन लोग्नेको हो भनेर कसरी छुट्याउनुहुन्छ भनी सोधेँ। उनले 'थाहा छैन' भनिन्। यद्यपि, उनले परिवारमा सबैजना शान्तिपूर्वक बाँचिरहेको बताइन्। आमाबुबाहरू काममा व्यस्त भइरहनुपर्ने हुनाले सन्तानको हेरचाह हजुरआमाले गर्छिन्।

आवश्यकता नै आविष्कारकी आमा हुन्। परिवारसँग फ्रिज नहुनाले उनीहरूले दूधलाई चाँदीको हाँडीमा राख्छन्। त्यसलाई हप्तौँसम्म जोगाउन सकिन्छ। यी हाँडी र चाँदीका अन्य भाँडा उनका लोग्नेहरूले बनाएका हुन्। खेतीपातीबाहेक यो परिवारले हस्तकलाको काम पनि गर्छ। आगन्तुकहरूको चासो दिएको हुनाले उनीहरूले नयाँ काममा हात हालेका हुन्। फ्रिज र अन्य आधुनिक सरसुविधाहरू अब उति टाढा छैनन्।

साना कृषकहरूसँगै मैले ठुला आधुनिक गतिविधि पनि देखेँ। झट्ट हेर्दा साना किसानहरू साधारण देखिन्छन्। तर, उनीहरूको जीवन दरिद्र नै भने छैन। बरु उनीहरू स्वाबलम्बी देखिन्छन्। ठुला आधुनिक खेती गर्नेहरू बढी समृद्ध हुने नै भए।

साना हुन् वा ठुला खेतीपातीमा मेसिनको प्रयोग तीव्र गतिमा बढ्दै छ। ट्याक्टर र अन्य कृषि औजारको पर्याप्त प्रयोग भइरहेको छ।

कृषिका नौला विधिहरूले कुनैबेला एकदम सकसपूर्ण र असम्भव लाग्ने खेतीपातीलाई सहज तुल्याएको छ। खेतको उत्पादकत्व बढेको छ। प्रविधिको सहाराले कुनै बेला बाँझा रहेका खेतहरू हरियापरिया भएका छन्।

तिब्बतले कृषि र व्यापारमा बढोत्तरी देख्दै छ। साथमा त्यहाँ साना उद्योगधन्दा र नयाँ औद्योगिक क्षेत्रको निर्माण पनि बढ्दै छ। यिनकै आसपास नयाँ आवासीय क्षेत्रहरूको विकास हुँदै छ।

तिब्बतको ग्रामीण श्रम, उद्योग र आवास क्षेत्रले मलाई अचम्मित पारे। तर, सँगै मलाई तिब्बतको अर्को पाटोले झनै कायल बनायो। तिब्बतको दैनिक जीवनमा सर्वत्र आध्यात्मिकता पोखिएको पाउँदा म चकित भएँ।

मैले विश्वका धेरै ठाउँ घुमेको छु। तर, तिब्बती जनताको गहिरो धार्मिक आस्था देखेर म स्तब्ध भएँ। यस्तो आस्था मैले अन्त कतै देखेको थिइन।

सयौँ वर्षसम्म तिब्बतमा धर्म, कठोर वातावरण र धार्मिक शासन आपसमा गाँसिएर एउटा सग्लो जीवनको निर्माण भएको थियो। त्यसैले तिब्बतीहरूको भक्तिभाव असाध्यै गहिरो छ। यी तीन पक्षलाई तिब्बतमा अलग्गै मानिन्न। बौद्ध जीवन पद्धति उनीहरूको दैनिक जीवनमा पग्लेको छ। तिब्बतीहरू यथार्थलाई यही चस्माले हेर्छन्। उनीहरू मन्त्र जप्दै माने घुमाउँछन्, पवित्र मार्गहरू (कोरा) मा हिँडडुल गर्छन्। पूर्ण शरीरले यात्रा गर्ने चलन पनि छ।

आस्था विभिन्न कर्मकाण्डमार्फत प्रकट हुन्छ। तर, यी कर्मकाण्डहरू दैनिक जीवनसँग अभिन्न छन्। पाको उमेरका महिलाहरू सुस्तरी मन्त्र भट्याउँदै घन्टौँसम्म मठमन्दिरको परिक्रमा गर्छन्। तीर्थयात्रीहरूले पहाड र मठमन्दिरलाई फेरो मारी बनाइएका कोरामार्गको यात्रा गर्छन्। यसरी दुवै लामो र छोटो दूरीको तीर्थयात्रा गर्न सकिन्छ। कोही भक्तजन एकदिने यात्रामा जान्छन् भने कसैले सयौँ र कहिलेकाहीँ हजारौँ दिनको यात्रा पनि गर्छन्। पूरै शरीर पसारेर गरिने यस्ता यात्रालाई शुद्धी र विनम्रताको अभिव्यक्ति मानिन्छ। लामो परम्पराका कारण यी अभ्यासहरू आज गतिमान प्रार्थनाको स्वरूप बनेका छन्। शरीर, श्वास र आस्था एउटै भक्तिधारामा उनिएका छन्।

तिब्बतीहरू प्राचीन आत्मवादमा विश्वास गर्छन्। आसपास प्रकृतिमा सर्वत्र कुलदेवता र आत्माहरू देख्छन्। यसले उनीहरूको आध्यात्मिक पाटो बलियो बनाएको छ। त्यहाँको धार्मिक वातावरण विदेशमा पनि चर्चा र आशङ्काको विषय बन्ने गरेको छ। चीन सरकारले उनीहरूका कर्मकाण्डमा कुनै दबाब दिएको मैले त पाइन। आधुनिक युगमा यी विश्वासको सचेत संरक्षण आफैमा सांस्कृतिक पहिचान बनेको छ। तीव्र सामाजिक परिवर्तनबिच तिब्बती पहिचान कायम छ।

म जस्तो विदेशी यात्रीका लागि तिब्बती भिक्षुहरूबिच हुने बहस अनौठो लाग्यो। मठमन्दिर र विहारका पटाङ्गिनीमा हुने यी बहस भिक्षु शिक्षाका मूल आधार रहेछन्।

एक भिक्षुले उठेर भटाभट दार्शनिक प्रश्नहरू तेर्स्याउँदै जोडजोडले ताली पिटे। तल बसेका भिक्षुले फटाफट जवाफ दिनुपऱ्यो। विभिन्न तर्क र उदाहरण दिएर उनले आफ्ना जवाफलाई बलियो पारे। बलियो अडान, हातको चाल र चर्को ताली आक्रामकताका चिन्ह होइनन्। बरु बहसलाई ऊर्जावान र तर्कलाई जोडदार बनाउन तथा प्रतीकात्मक रूपमा अन्योल 'चिर्न' बनाइएका उच्च प्रविधि हुन्। यी बहस देखावटी वा नाटकीय होइनन्। बरु यिनले तर्कशक्ति तिखार्छन्, दार्शनिक बुझाइ गहिरो पार्छन् र बुद्धिलाई एकदम स्पष्ट बनाउँछन्।

*(बाँकी अर्को अङ्कमा।)*

***स्रोत : कोभर्ट एक्सन म्यागेजिन***
***अनुवाद : सम्यक***

# क्युवाको आर्थिक सुधार र समाजवादी नवीकरणको सम्भावना

**• कार्लोस मार्टिनेज**

यस महिना क्युवाले ६० वर्षभन्दा बढीको अवधिमा आफ्नो आर्थिक मोडेलमा सबैभन्दा दूरगामी परिवर्तनहरूको घोषणा गऱ्यो । क्युवाको कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको असाधारण पूर्ण प्लेनमद्वारा अनुमोदित र नेसनल एसेम्बलीद्वारा सर्वसम्मतिले पारित यस कार्यक्रममा २३ वटा रणनीतिक अक्षहरू र १७६ वटा ठोस उपायहरू समावेश छन् । अनुमान गरिएझैं, अधिकांश पश्चिमी सञ्चारमाध्यमहरू र पश्चिमी वामपन्थीहरूको एउटा ठुलो हिस्साले पनि यसलाई नाकाबन्दीले अन्ततः क्रान्तिलाई घुँडा टेकाएको क्षणका रूपमा र हवाना पुँजीवादी बाटो रोज्न बाध्य भएको प्रमाणका रूपमा व्याख्या गर्न हतारिएका छन् ।

यस्तो बुझाइले यी उपायहरूका अन्तरवस्तु र तिनलाई निम्त्याएको इतिहास दुवैलाई गलत रूपमा बुझ्दछ । यी सुधारहरूलाई क्युवाले यसअघि अन्य धेरै घेराबन्दीमा परेका समाजवादी राज्यहरूले गर्नुपरेको प्रयासकै रूपमा बुझ्नु सबैभन्दा उपयुक्त हुन्छ । अर्थात्, आफ्नै सर्तहरूमा, तर आफ्नो नियन्त्रण बाहिरका परिस्थितिहरूमा आफ्ना उत्पादनशील शक्तिहरूको विकास गरेर आफ्नो रक्षा गर्नु । क्युवा मामिलाका विशेषज्ञ आइज्याक सानेका अनुसार, यी उपायहरू "पछि हटेको सङ्केत हुनु त परै जाओस्, बरु अथक बाह्य दबाब र अभूतपूर्व आर्थिक चुनौतीहरूको सामना गर्दै क्रान्तिका सामाजिक उपलब्धिहरूलाई जोगाउने र सुदृढ गर्ने एउटा रणनीतिक प्रयास" हुन् ।

चीनको विकासलाई नजिकबाट नियाल्नेहरूका लागि हवानामा देखिएको यो रूपरेखा तुरुन्तै चिन्न सकिने खालको छ । क्युवाले चरम दबाबका बिच सन् १९७८ देखि चिनियाँ क्रान्तिलाई मार्गनिर्देशन गरिरहेको रणनीतिक तर्कको सहारा लिइरहेको छः कम्युनिस्ट पार्टीले राजनीतिक सत्ता र अर्थतन्त्रका प्रमुख अङ्गहरूमा सार्वजनिक स्वामित्व कायम राख्दै उत्पादनशील शक्तिहरूको विकासका लागि बजार र वैदेशिक लगानीको नियन्त्रित प्रयोग गर्ने । यसले आफ्ना पुराना मित्रहरूको सहयोग पनि खोजिरहेको छ । वर्तमान घेराबन्दीको सामना गर्न चीन र भियतनाम क्युवाका सबैभन्दा महत्त्वपूर्ण साझेदार रहँदै आएका छन् र तिनीहरूका पार्टीहरूबिचको गहिरिँदो सम्बन्ध नै यी सुधारहरूको आवश्यक पृष्ठभूमि हो ।

### सुधारहरूले वास्तवमा के गर्छन्

नयाँ प्याकेज अन्तर्गत, क्युवाले वैदेशिक लगानीकर्ताहरूले सरकारी स्वामित्वको कम्पनीसँग साझेदारी गर्नुपर्ने पुरानो अनिवार्यतालाई खारेज गर्नेछ । यसले ठुला निजी कम्पनीहरूलाई अनुमति दिनेछ, निजी बैङ्कहरूलाई सञ्चालन गर्न दिनेछ, निजी रियल एस्टेट विकासको अनुमति दिनेछ, र स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई सरकारी उद्योगहरूमा सेयर खरिद गर्ने बाटो खोल्नेछ, जसमध्ये केहीलाई ज्वाइन्ट-स्टक कम्पनीहरूमा परिणत गरिनेछ ।

विदेशमा बस्ने क्युवालीहरूलाई स्वदेशमा लगानी गर्न, चन्दा दिन, प्रविधि आयात गर्न र व्यवसायहरू स्थापना गर्न सक्रिय रूपमा प्रोत्साहित गरिनेछ । सरकारी स्वामित्वका उद्योगहरू जुन अझै पनि अर्थतन्त्रको मुख्य स्तम्भका रूपमा रहेका छन् तिनीहरूलाई लगानी, कर्मचारी भर्ना, मूल्य निर्धारण र वित्तीय व्यवस्थापनमा धेरै ठुलो स्वायत्तता दिइनेछ, जबकि म्युनिसिपल सरकारहरूले स्थानीय विकासका लागि विस्तारित अधिकारहरू पाउनेछन् । ठुलो सङ्ख्यामा दक्ष पेशेवरहरूलाई देश छोड्न बाध्य पार्ने पारिश्रमिकको अधिकतम सीमालाई हटाइनेछ ।

वर्तमान सङ्कटले सबैभन्दा ठुलो धक्का दिएको कृषि क्षेत्रलाई विशेष ध्यान दिइएको छ । खेती गर्न इच्छुकहरूलाई बाँझो जमिन हस्तान्तरण गरिनेछ, जसमा 'भोगचलनको व्यवस्था' (usu-fruct arrangements) लाई थप विस्तार गरिनेछ र उत्पादकहरूलाई आयातित बीउ, उपकरण र मलमा राम्रो पहुँचका साथै निर्यातमा सिधै सहभागी हुन पाउने अधिकार दिइनेछ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, जमिन राष्ट्रिय स्वामित्वमै रहनेछ । यहाँ खुकुलो बनाइएको पक्ष जमिनको उपयोग र त्यसमा लगानी गर्ने अधिकार मात्र हो, जमिन थुपार्ने अधिकार होइन । वित्तीय क्षेत्रलाई राज्यको नियमनअन्तर्गत ठुलो निजी र विदेशी सहभागिताका लागि खुला गरिनेछ । ऊर्जा क्षेत्रलाई नवीकरणीय ऊर्जातर्फ तीव्र रूपमा केन्द्रित गरिनेछ; र डिजिटल प्रविधि, सफ्टवेयर तथा आर्टिफिसियल इन्टेलिजेन्सलाई कृषि, स्वास्थ्य सेवा, लजिस्टिक, पर्यटन र व्यापारमा लागू गरिनेछ ।

धनी र गरिब दुवैलाई समान रूपमा फाइदा पुऱ्याउने सामान्यीकृत अनुदानहरूलाई हटाएर सबैभन्दा जोखिममा रहेका समूहहरू जस्तै अवकाशप्राप्त वृद्धवृद्धा, दीर्घकालीन रूपमा बिरामी परेका बालबालिका भएका परिवार र विपन्न समुदायहरूलाई लक्षित गरी सहायता प्रदान गरिनेछ । यद्यपि, स्वास्थ्य सेवा, शिक्षा, सामाजिक सुरक्षा र कल्याणका लागि राज्यको जिम्मेवारी भने यथावत् रहनेछ ।

यसको मूल भावनालाई राष्ट्रपति मिगुएल डियाज-कानेलको एउटा भनाइले प्रस्ट पार्छ, जहाँ उनले निषेधको सट्टा नियमन ल्याएर "उत्पादनशील शक्तिहरूलाई खुला छोड्नुपर्ने" आवश्यकता औँल्याएका छन् । क्युवालाई "थप प्रतिबन्धको सट्टा थप उत्पादन" चाहिएको तर्क उनले गरे । खाद्य सङ्कटको सवालमा उनी अझ बढी स्पष्ट सुनिए: "खाली थाल लिएर सार्वभौमसत्ता जोगिन सक्दैन ।" तत्काल कदम चाल्नुपर्ने आवश्यकतामाथि जोड दिँदै उनले भने: "क्युवालाई अब थप ढिलाइ होइन, समाधान चाहिएको छ ।"

### घेराबन्दीको अवस्था



यसमध्ये कुनै पनि कुरालाई अहिले यस टापु राष्ट्रले भोगिरहेको असाधारण दबाबबाट अलग राखेर बुझ्न सकिँदैन । क्युवाले कुनै सहज परिस्थितिमा रहेर सुधार गरिरहेको छैन । यसले आधुनिक इतिहासकै सबैभन्दा व्यापक आर्थिक घेराबन्दीको सामना गर्दै सुधारका कदमहरू चालिरहेको छ । ६४ वर्ष पुगिसकेको र अझै जारी रहेको अमेरिकी नाकाबन्दीलाई दोस्रो ट्रम्प प्रशासन र विदेशमन्त्री मार्को रुबियोको नेतृत्वमा अभूतपूर्व स्तरमा पुऱ्याइएको छ । इन्धन आयात ठप्प पारिएको छ । यस वर्षको एउटा लामो अवधिमा केवल एउटा मात्र रुसी तेल ट्याङ्कर बन्दरगाहमा अवतरण गर्न सफल भयो । दैनिक २० घण्टासम्मको लोडसेडिङले यातायात, अस्पताल, विद्यालय र खानेपानी आपूर्तिलाई तहसनहस पारेको छ । भोकमरी र असन्तोष पैदा गर्ने स्पष्ट उद्देश्यका साथ लगाइएको प्रतिबन्धको चक्रले खाद्यान्न, औषधि र स्पेयर पार्ट्सहरू सबैको आपूर्तिलाई कसिलो बनाएको छ ।

डियाज-कानेलले यसलाई "विश्वको सबैभन्दा शक्तिशाली राष्ट्रद्वारा लादिएको सबैभन्दा क्रूर, नरसंहारकारी, र लामो आर्थिक, वित्तीय, ऊर्जा र व्यापारिक नाकाबन्दी" को रूपमा वर्णन गरेका छन् ।

नाकाबन्दीको मारमा कोभिडको दीर्घकालीन असर पनि थपिएको छ, जसले क्युवाको विदेशी मुद्रा आर्जनको सबैभन्दा महत्त्वपूर्ण स्रोतमध्ये एक रहेको पर्यटन क्षेत्रलाई ध्वस्त पारिदियो । क्षेत्रीय सहयोगीहरूको घाँटी थिच्ने काम, विशेष गरी भेनेजुएलाको तेल आपूर्ति बन्द गरिनु; र सैन्य कारबाहीको खुला धम्की, जसमा वासिङ्टनले बल प्रयोगको सम्भावनालाई नकार्ने गरेको छैन र ट्रम्पले यस टापु राष्ट्रको मैत्रीपूर्ण कब्जाको बारेमा सार्वजनिक रूपमा सम्भावनाबारे टिप्पणी गरेका छन् ।

सन् १९९० को दशकसँगको यो समानता सान्दर्भिक र शिक्षामूलक छ । जब सोभियत सङ्घको पतन भयो, क्युवाले रातारात आफ्नो अधिकांश व्यापार गुमायो र विशेष अवधिमा प्रवेश गऱ्यो । यो एक यस्तो निर्मम आर्थिक सङ्कुचनको चरण थियो, जसबाट पार पाउन क्युवाले केही निश्चित क्षेत्रहरू विदेशी पुँजीका लागि खुला गऱ्यो र शून्यबाट पर्यटन उद्योगको स्थापना गऱ्यो । फिडेल क्यास्ट्रोले सधैं स्पष्ट रूपमा भनेका थिए कि ती खुलापनहरू बाध्यताले निम्त्याएका थिए, न कि समाजवादी दृढतामा आएको कुनै विचलन वा नरमपनका कारण । क्युवाले अहिले सामना गरिरहेको परिस्थिति वास्तवमा अर्को एउटा नयाँ विशेष अवधि नै हो तर यसपटकको क्रूर फरक के छ भने, अघिल्लो सङ्कट पार लगाउन मद्दत गरेको पर्यटनरूपी निकासको बाटो यसपटक ऊर्जा सङ्कट र अमेरिकी शत्रुताका कारण धेरै हदसम्म बन्द छ । यी सुधारहरू त्यही आपत्कालीन परिस्थितिको उपज हुन् ।

### क्युवाको सुधारको लामो यात्रा

यदि यो घोषणाको मात्रा वा स्तर नयाँ हो भने पनि, यसको यात्राको दिशा भने नयाँ होइन । क्युवा विगत झन्डै दुई दशकदेखि सुधारको मार्गमा बिस्तारै अघि बढिरहेको छ, र वर्तमान उपायहरूलाई लामो समयदेखि चलिरहेको प्रक्रियाको बढोतरीको रूपमा बुझ्नु सबैभन्दा उपयुक्त हुन्छ ।

क्युवाली नेतृत्वले यस्तो घेराबन्दीमा परेको अर्थतन्त्रको उत्पादकत्व सम्बन्धी समस्याहरूसँग अझ धेरै पहिलेदेखि सङ्घर्ष गर्दै आएको छ । सन् १९७९ जतिबेलै, राउल क्यास्ट्रोले आफ्नो विशेषता झल्किने स्पष्टवादिताका साथ नेसनल एसेम्बलीलाई कमजोर मापदण्ड र फितलो अनुशासनको क्षयकारी असरबारे चेतावनी दिँदै भनेका थिए:

"कार्य अनुशासनको अभाव, कामबाट बिनाकारण अनुपस्थित हुनु, मापदण्डहरू ननाघ्नका लागि जानीजानी सुस्त गतिमा काम गर्नु, जुन मापदण्डहरू पहिले नै कम छन् र व्यवहारमा राम्ररी लागू भएका छैनन् ताकि तिनलाई परिवर्तन नगरियोस्.. पुँजीवादको विपरीत, जहाँ ग्रामीण क्षेत्रका मानिसहरूले दिनको १२ घण्टा वा सोभन्दा बढी थकाउने काम गर्थे, आज विशेष गरी कृषि क्षेत्रमा मानिसहरूले चार वा छ घण्टाभन्दा बढी काम नगरेका धेरै उदाहरणहरू छन् ... हामीलाई थाहा छ कि धेरैजसो अवस्थामा ब्रिगेड प्रमुख र फोरम्यानहरूले कामदारहरूसँग आधा दिनमा मापदण्ड पूरा गर्ने र बाँकी आधा दिन अतिरिक्त आम्दानीका लागि नजिकैको कुनै सानो निजी किसान कहाँ गएर काम गर्ने सम्झौता गर्छन् ... कृषि क्षेत्रका यी सबै 'धूर्तता र दाउपेचहरू' उद्योग, यातायात सेवा, मर्मत सम्भार पसल र अन्य धेरै ठाउँहरूमा पनि पाइन्छ, जहाँ व्यापक नातावाद, 'तिमी मलाई गुन लगाऊ, म तिमीलाई गुन लगाउँछु' भन्ने प्रवृत्ति र सरसामान चोर्ने काम मौलाएको छ ।"

– माइकल प्यारेन्टी (१९९७), ब्ल्याकसर्ट्स एन्ड रेड्सः ऱ्यासनल फासिज्म एन्ड द ओभरथ्रो अफ कम्युनिज्म, सिटी लाइट्स बुक्स, पृष्ठ ७९ बाट उद्धृत ।

स्पष्ट छ, क्युवाली नेतृत्वले धेरै पहिलेदेखि नै के बुझेको थियो भने अत्यधिक केन्द्रीकरण र कडा प्रशासनिक विधिहरूले मानिसको प्रोत्साहनलाई मार्न सक्छन् र अक्षमता पैदा गर्न सक्छन् । सन् १९७८ को दशकको उत्तरार्धमा चीनका सुधारकहरूलाई पनि यस्तै किसिमको निदानले प्रेरित गरेको थियो ।

सन् २००८ मा फिडेलपछि राष्ट्रपतिका रूपमा कार्यभार सम्हालेका र २०१८ सम्म क्युवाको नेतृत्व गरेका राउल क्यास्ट्रो नै त्यस्ता व्यक्ति थिए, जसले पहिलोपटक उक्त निदानलाई व्यवस्थित सुधारमा परिणत गरे । सन् २०१० देखि उनको सरकारले अर्थतन्त्रमा राज्यको प्रत्यक्ष भूमिकालाई कटौती गर्न सुरु गऱ्यो, जसको उद्देश्य सरकारी जागिरबाट करिब १० लाख कामदारहरूलाई हटाएर उनीहरूलाई विस्तारित निजी र सहकारी क्षेत्रमा स्थानान्तरण गर्नु थियो । जुन समयमा करिब ९५ प्रतिशत क्युवालीहरू सरकारका लागि काम गर्थे ।

सन् २०११ को छैटौं पार्टी कांग्रेसमा पारित गरिएका दिशानिर्देशहरूले घर र कार बिक्रीलाई वैधानिकता दिए, यात्रा प्रतिबन्धहरूलाई खुकुलो बनाए, अनुमति प्राप्त स्वरोजगारका श्रेणीहरूलाई विस्तार गरे, र लाखौं स्वरोजगार कामदारहरूलाई लाइसेन्स दिए । पारिवारिक रूपमा सञ्चालित रेस्टुरेन्टहरू, जसलाई प्रसिद्ध 'पालादारेस' (paladares) भनिन्छ, र साना पसलहरूको सङ्ख्या ह्वात्तै बढ्यो । यहाँसम्म कि सरकारी कपाल काट्ने सैलुन र ब्युटी पार्लरहरू समेत वास्तवमा त्यहाँका कर्मचारीहरूलाई नै हस्तान्तरण गरियो । सन् १९६८ मा साना व्यवसायहरूको राष्ट्रियकरण गरिएयता खुद्रा पसलहरू कामदारहरूलाई सुम्पिएको यो पहिलोपटक थालनी थियो ।

यस आधुनिकीकरण कार्यक्रमको मुख्य केन्द्रबिन्दु मारियल विशेष आर्थिक क्षेत्र (Mariel Special Economic Zone) थियो । जुन सन् २०१३ मा एक नयाँ गहिरो समुन्द्री कन्टेनर बन्दरगाह वरिपरि खोलिएको थियो । कम कर, खुकुलो भर्ती नियमहरू र संयुक्त लगानीको अनिवार्यताबाट छुट दिइएको मारियल क्षेत्रलाई सचेत रूपमा चीन र भियतनामको अर्थतन्त्रलाई गतिशील र खुला बनाएका विशेष आर्थिक क्षेत्रहरूको मोडेलमा आधारित बनाइएको थियो । यसको अन्तर्निहित विधि- अर्थात् यसलाई राष्ट्रिय स्तरमा विस्तार गर्नुअघि नियन्त्रित स्थानीय वातावरणमा आर्थिक खुलापनको परीक्षण गर्नु थियो । जुन चिनियाँ र भियतनामी सुधार अभ्याससँग ठ्याक्कै मेल खान्थ्यो ।

त्यसो भए, पन्ध्र वर्षपछि पनि यति धेरै काम अझै अधूरै रहँदा, क्युवा किन यस्तो गम्भीर सङ्कटको क्षणमा आइपुग्यो ? यसको जवाफको एउटा हिस्सा, डियाज-कानेलले स्वीकार गरेझैं, "बाहिरबाट वा नाकाबन्दीबाट नआएका व्यवधानहरू" सँग सम्बन्धित छ जस्तै "ढिलासुस्ती, कर्मचारीतन्त्र र उत्पादन गर्न चाहनेहरूलाई बाधा पुऱ्याउने मापदण्डहरू"। लगातारका सुधारहरू कागजमा त स्वीकृत भए तर तिनको कार्यान्वयनमा ढिलाइ भयो । कर्मचारीतन्त्रात्मक जडता र संस्थागत सतर्कताले तिनलाई भुत्ते बनाइदियो, जसले अक्सर निजी अग्रसरतालाई उपयोग गरिनुपर्ने शक्तिका रूपमा भन्दा पनि नियन्त्रण गरिनुपर्ने खतराका रूपमा हेर्ने गर्दथ्यो । नयाँ प्याकेजको ठुलो हिस्सा त्यही गतिरोधलाई तोड्ने एउटा सचेत प्रयास हो, जसमा डियाज-कानेलले प्रत्येक उपायका लागि जिम्मेवार व्यक्तिहरूको नाम, समयसीमा र अनुपालन सूचकहरू तोकिने कुरामा जोड दिएका छन् ।

तर आन्तरिक व्यवधानहरूलाई बाह्य घेराबन्दीबाट अलग राखेर हेर्न सकिँदैन । चीनले अपनाएजस्तो क्रमिक र प्रयोगात्मक सुधारका लागि ठ्याक्कै त्यही कुराको आवश्यकता पर्दछ जसबाट क्युवालाई वञ्चित गर्नका लागि नाकाबन्दी रचिएको हो: अर्थात् केही हदसम्मको स्थिरता, पुँजी र प्रविधिमा पहुँच र राहतको सास फेर्ने वातावरण । चीनले सन् १९७० को दशकको उत्तरार्ध र १९८० को दशकको तुलनात्मक रूपमा अनुकूल बाह्य वातावरणमा आफूलाई खुला गरेको थालनी थियो (प्रसङ्गवश, यो राजनीतिक परिस्थिति सुधार-पूर्वको माओ त्सेतुङ र चाउ एनलाईको नेतृत्वमा सिर्जना भएको थियो) । यसको विपरीत, क्युवाले भने घाँटी निमोठिएको अवस्थामा सुधार गर्ने प्रयास गरिरहेको छ, जहाँ वासिङ्टनले लगानीकर्ताहरूलाई तर्साउन र इन्धन तथा वित्तीय प्रवाहलाई रोक्न सक्रिय रूपमा काम गरिरहेको छ ।

लन्डनमा रहेका एक क्युवाली अर्थशास्त्रीले उल्लेख गरेझैं, चीन र भियतनामले तुलनात्मक रूपमा शान्त वातावरणबाट वर्षौंसम्म कृषिलाई प्राथमिकता दिँदै बिस्तारै सुधार गरेका थिए; क्युवा भने अर्थतन्त्र सङ्कटमा परेको "आफ्नो सबैभन्दा खराब समयमा" खुलापनतर्फ जाँदैछ ।

### चिनियाँ बाटो, सोभियत बाटो होइन

एउटा समाजवादी अर्थतन्त्रमा बजार र वैदेशिक लगानी भित्र्याउने एकभन्दा बढी तरिकाहरू छन्, र तिनीहरूबिचको भिन्नता नै यस परियोजनाको जीवन वा मरणबिचको भिन्नता हो । यही पाठ चीनले झन्डै आधी शताब्दी लगाएर प्रमाणित गरेको छ र आज क्युवाका लागि यो सबैभन्दा सान्दर्भिक पाठ हो ।

सुधारप्रतिको चीनको दृष्टिकोण गोर्बाचोभको नेतृत्वमा सोभियत सङ्घले अपनाएको भन्दा मौलिक रूपमा फरक थियो । उत्तरार्धको सोभियत सङ्घले हतार-हतार प्रमुख क्षेत्रहरूको निजीकरण गऱ्यो र रातारात आफ्ना योजना तर्जुमा गर्ने निकायहरू भत्कायो । जसले अदूरदर्शी आर्थिक उपायहरूलाई यस्तो राजनीतिक उदारीकरणसँग मिसायो जसले सत्ता मजदुर वर्गबाट नवजात पुँजीपति वर्गमा हस्तान्तरण गऱ्यो र परिणामस्वरूप येल्तसिनका वर्षहरूको अराजकता र लुटपाटमा पुगेर टुङ्गियो । तर, चीन भने सतर्कतापूर्वक र व्यावहारिक रूपमा अघि बढ्यो । यसले अर्थतन्त्रका प्रमुख अङ्गहरूलाई सार्वजनिक स्वामित्वमै राख्दै निजी पुँजीमाथिका प्रतिबन्धहरूलाई खुकुलो बनायो । यसले आफ्नो योजना प्रणालीलाई कायम राख्यो र निरन्तर सुधार गऱ्यो; सरकारी स्वामित्वको क्षेत्रलाई विघटन गर्नुको सट्टा थप सुदृढ गरियो; र सबैभन्दा महत्त्वपूर्ण कुरा, राजनीतिक सत्तालाई कहिल्यै पनि दाउमा लगाइएन । देङ सियाओपिङले आफ्ना चार आधारभूत सिद्धान्तमा जोड दिएझैं, कम्युनिस्ट पार्टीको नेतृत्व र समाजवादी बाटो सम्झौताहीन सर्तहरू थिए, र यही रूपरेखाभित्रै बजारलाई

*बाँकी पृष्ठ ८ मा*

# आदर्श गुरुको अनुभव भावि पुस्ताको लागि मार्गनिर्देशन



भक्तपुर । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले एक कार्यक्रमबिच वरिष्ठ शिक्षाविद् बाबा सरको योगदानसँग सम्बन्धित पुस्तक The Soul of Teaching पुस्तक असार १३ गते विमोचन गर्नुभयो ।

विद्या विकास आवासीय विद्यालयद्वारा आयोजित 'बाबा सर विशेषाङ्क' पुस्तक विमोचन गर्दै प्रमुख प्रजापतिले भक्तपुरमा अङ्ग्रेजी शिक्षाको आवश्यकता महसुस भएको समयमा स्थापित विद्यालयहरूमध्ये विद्या विकास स्कूलले पनि भक्तपुरको शैक्षिक विकासमा उल्लेखनीय भूमिका खेलेको स्मरण गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले अङ्ग्रेजी शिक्षक बाबा सर अघिल्लो पुस्ताका आदर्श गुरु रहेको उल्लेख गर्दै राम्रो काम गर्ने व्यक्तिलाई समाजले सधैँ चिन्ने बताउनुभयो । उहाँले यस्ता व्यक्तिका अनुभव र योगदानलाई पुस्तकमार्फत अभिलेखीकरण गर्नु भावी पुस्ताका लागि मार्गनिर्देशक हुने बताउनुभयो ।

बाबा सरले नेपालभाषा सिक्ने प्रयास गर्नु प्रशंसनीय रहेको उल्लेख गर्दै भक्तपुरको शिक्षा विकासमा उहाँको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले अघि सार्नुभएको 'एक घर, एक स्नातक' अभियानलाई भक्तपुर नगरपालिकाले कलेज सञ्चालनमार्फत सार्थक बनाएको उल्लेख गर्दै नगरपालिकाले दक्ष जनशक्ति उत्पादनमा महत्त्वपूर्ण भूमिका खेलेको र भक्तपुरलाई देशकै शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्न योगदान पुऱ्याएको उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले निजी क्षेत्रबाट सञ्चालित भक्तपुरका विद्यालयहरूले पनि शैक्षिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै विद्यालयको थप प्रगति र उन्नतिको कामना गर्नुभयो । उहाँले बाबा सरले विद्यार्थीप्रति देखाएको माया, अङ्ग्रेजी शिक्षामा पुऱ्याएको योगदान तथा शिक्षण यात्रा प्रेरणादायी भएको बताउनुभयो ।

सांसद गोसाईंले बाबा सर विद्यार्थीप्रति माया गर्ने, समर्पित र प्रेरणादायी शिक्षक भएको उल्लेख गर्दै शिक्षा क्षेत्रमा उहाँले छोडेको छाप दीर्घकालसम्म स्मरणीय रहने बताउनुभयो । जीवनमा नाम र पहिचान छोड्ने गरी काम गर्नु नै साँचो सफलता भएको उल्लेख गर्दै उहाँले बाबा सरको शैक्षिक यात्रा नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत रहेको धारणा व्यक्त गर्नुभयो ।

पूर्वशिक्षक सूर्य राईले बाबा सरसँगको आफ्नो सहकार्य र शिक्षाप्रतिको समर्पणबारे चर्चा गर्नुभयो ।

सरस पाठशालाका निर्देशक इन्द्रप्रसाद खाइतुले विद्यालयमा बाबा सरको योगदान, शिक्षण अनुभव तथा पुस्तकको विशेषताबारे प्रकाश पानुभयो ।

कार्यक्रममा विद्यालयका अङ्ग्रेजी शिक्षिका दिप्ती थापाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल प्रदीप क्षेत्रीले धन्यवाद ज्ञापन गर्नुभयो ।

## प्यालेस्टिनी बालबालिकाहरू दुर्व्यवहारको उच्च जोखिममा : संयुक्त राष्ट्रसङ्घ

न्युयोर्क (क्युएनए) । मानव अधिकारवादीहरू तथा मानवीय संस्थाहरू गाजा र वेस्ट बैङ्कलगायत इजरायलले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा इजरायली दमन र दबाबका कारण आफ्नो काम रोक्न वा घटाउन बाध्य भएकाले प्यालेस्टिनी बालबालिकाहरू असुरक्षित र दुर्व्यवहारको उच्च जोखिममा रहेको चेतावनी बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिले दिएको छ ।

विज्ञप्ति जारी गर्दै समितिले मानव अधिकार रक्षकहरू र अन्य नागरिक समाजलगायतका सङ्गठनहरूलाई आतङ्ककारीको आरोप लगाउने इजरायलको दमनकारी रणनीतिको कडा शब्दमा निन्दा गरेको छ ।

सैन्य छापा, यात्रा प्रतिबन्ध, व्यक्तिगत वित्तीय प्रतिबन्ध, गिरफ्तारीको धम्की, र उनीहरूको कामलाई समर्थन गर्ने साझेदारहरूविरुद्ध प्रतिबन्धको धम्कीलगायतका कारणहरूले मानव अधिकारवादी संस्थाहरूलाई सुरक्षित रूपमा मानवीय सेवा सञ्चालन गर्न असम्भव बनाएको जनाइएको छ ।

समितिले यस क्षेत्रमा चलिरहेको उत्पीडन, धम्की, प्रतिबन्ध र उनीहरूको प्रतिष्ठामा आक्रमणका कारण बालबच्चाहरूलाई समर्थन गर्ने संस्थाहरूले आफ्नो सेवा सुविधा रोक्न वा घटाउन बाध्य भएकोमा गहिरो चिन्ता व्यक्त गर्दै तीन दशकभन्दा बढी समयदेखि यी संस्थाहरूले प्यालेस्टिनी बालबालिकाको रक्षा गर्न, भूमिका खेलेको बताएको छ ।

यी संस्थाहरूको सक्रियताबिना, प्यालेस्टिनी बालबालिकाहरू असुरक्षित हुनुका साथै उनीहरूको अधिकारको उल्लङ्घन दण्डहीनताका साथ जारी रहने जोखिम उच्च हुने कुरामा समितिले जोड दिएको छ । यसले इजरायललाई गाजा र वेस्ट बैङ्कलगायत कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रहरूमा बाल अधिकार रक्षकहरू र मानवीय संस्थाहरूले सामना गर्ने सबै प्रतिबन्धहरू र अवरोधहरू तुरुन्तै हटाउन र उनीहरूलाई सुरक्षित र स्वतन्त्र रूपमा आफ्नो काम गर्न अनुमति दिन आह्वानसमेत गरेको छ ।

प्यालेस्टिनी मानव अधिकार रक्षकहरूलाई लक्षित गरी गरिएका आक्रमण र दमनका लागि इजरायली अधिकारीहरूलाई जवाफदेही बनाउन र प्यालेस्टिनी बालबालिकाको जीवन र अधिकारलाई प्राथमिकता दिन अन्तर्राष्ट्रिय समुदायलाई सबै उपलब्ध माध्यमहरू प्रयोग गर्न पनि समितिले आग्रह गरेको छ ।

गम्भीर जोखिम र सीमित स्रोतका बाबजुद, बाल अधिकार रक्षकहरूले असाधारण खतरनाक अवस्थामा प्यालेस्टिनी बालबालिका र परिवारहरूसँग उभिएर उनीहरूलाई संरक्षण गर्नुपर्ने जनाउँदै थप सजाय दिन नहुने बताइएको छ ।

**क्युबाको...**

सञ्चालन गर्ने अनुमति दिइएको थियो । सुधारका कामहरू परीक्षणको माध्यमबाट अघि बढे–जसलाई "ढुङ्गा छाम्दै नदी तर्ने" शैलीमा । जसमा सफल भएका परीक्षणहरूलाई देशव्यापी रूपमा विस्तार गरियो र असफल भएकाहरूलाई खारेज गरियो ।

यो समाजवादी परम्परामा गहिरो जरा गाडिएको एउटा तर्क हो । यो सिधै सन् १९२१ को लेनिनको 'नयाँ आर्थिक नीति' (NEP) बाट साभार गरिएको हो । जसले युद्धले जर्जर बनेको अर्थतन्त्रलाई पुनर्जीवित गर्न बजार र निजी अग्रसरताको प्रयोग गरेको थियो । जबकि बोल्सेभिकहरूले राज्यको सत्ता र उद्योगका प्रमुख अङ्गहरूमाथि आफ्नो नियन्त्रण कायम राखेका थिए । लेनिनले तर्क गरेका थिए, "हामी साना पुँजीपति वर्ग र साना पुँजीको वृद्धिबाट डराउनु हुँदैन; बरु हामी दीर्घकालीन भोकमरी, अभाव र खाद्यान्नको सङ्कटबाट डराउनुपर्छ । " देङको सुधार र खुलापनको नीति यही अन्तर्दृष्टिको अझ बढी महत्त्वाकांक्षी प्रयोग थियो । झन्डै आधी शताब्दी बितिसक्दा यसको परिणाम स्पष्ट भइसकेको छ । चीन अझै पनि कम्युनिस्ट पार्टीको नेतृत्वमा रहेको एक समाजवादी देश हो, यसले करोडौँ मानिसहरूलाई गरिबीबाट मुक्त गरेको छ, र आज यो विश्वव्यापी बहुध्रुवीय र साम्राज्यवादविरोधी अभियानको सबैभन्दा शक्तिशाली हिमायतीका रूपमा खडा छ ।

चीनको सुधार प्रक्रियाका उपलब्धिहरूले यसलाई अत्यन्तै जोखिमपूर्ण मान्ने कतिपयलाई समेत आश्वस्त तुल्याए । सन् २००२ मा मन्थली रिभ्युका सम्पादकहरूलाई पठाइएको एउटा पत्रमा, चीनको यस मोडप्रति पत्रिकाले गरेको एकपक्षीय कभरेजको आलोचना गर्दै क्रान्तिकारी शिक्षाविद् इसाबेल क्रुक, जसले आफ्नो लामो जीवनको अधिकांश समय चीनमा बिताइन् र यी सुधारहरूप्रति धेरै हदसम्म सशङ्कित थिइन् वस्तुगत परिस्थितिले नै यसलाई आवश्यक बनाएको कुरा व्यक्त गरेकी थिइन् । सन् १९७० को दशकको उत्तरार्धमा चीन बाह्य रूपमा समाजवादी खेमाको विभाजनले र आन्तरिक रूपमा सांस्कृतिक क्रान्तिको उथलपुथलले कमजोर भएको थियो; "घर त्यहाँ उपलब्ध भएका ढुङ्गाहरूबाटै बनाइएको थियो ।" र त्यसैले, "मैले माओको रणनीतिबाट देङको रणनीतितर्फको यो मोडप्रति खेद व्यक्त गरे पनि," उनले लेखिन्, "यदि चीनले आफ्नो कमजोर अवस्थामा आफ्नै सुरक्षाका लागि द्रुत आर्थिक विकासको माग गर्‍यो भने, देङको छनोट वैध थियो ।" अहिले क्युबाको सुधारलाई लिएर वामपन्थी वृत्तमा व्यक्त भइरहेका धेरैजसो निराशाले नाकाबन्दीमा परेको एउटा टापु राष्ट्रलाई यस्तो आदर्शको कसीमा राखेर मूल्याङ्कन गरिरहेका छन्, जसलाई पछ्याउन क्युवा कहिल्यै स्वतन्त्र थिएन ।

क्युवाका लागि निर्णायक प्रश्न त्यही नै हो जसले बेइजिङ र मस्कोलाई अलग गराएको थियो: अर्थात् राजनीतिक सत्ता कसको हातमा छ ? क्युवाको कम्युनिस्ट पार्टीको नेतृत्व जुन समाजवादी व्यवस्थाको आखिरी ग्यारेन्टीकर्ता हो – कमजोर हुने वा यसको वैधानिकता गुम्ने कुनै पनि सङ्केत देखिँदैन । राज्यले बैङ्किङ प्रणाली, अर्थतन्त्रका प्रमुख अङ्गहरू र कर लगाउने, नियमन गर्ने तथा पुनर्वितरण गर्ने शक्ति आफ्नो हातमा सुरक्षित राखेको छ । नेतृत्वले गरिरहेको यो दाउ ठ्याक्कै त्यही हो जुन चीनले सफलतापूर्वक गऱ्यो र सोभियत सङ्घले गर्न सकेन । अर्थात् भर्खरै उदयमान भइरहेको निजी तप्कालाई एक उदाउँदो प्रतिस्पर्धी बन्न दिनुको सट्टा राज्यको एक कनिष्ठ र आश्रित साझेदारका रूपमा मात्र सीमित राख्न सकिन्छ । जबसम्म यो स्थिति कायम रहन्छ, क्युवाले सोभियत सङ्घको पेरेस्त्रोइका र ग्लासनोस्तको बाटो होइन, बरु चीनको सुधार र खुलापनको बाटो तय गरिरहेको हुनेछ । यो कुरा सचेत मनसायका साथ भइरहेको हो भन्नेमा कुनै शङ्का छैन । वर्तमान क्युवाली राष्ट्रपति डियाज-कानेलले स्पष्ट रूपमा भनेका छन् कि यी उपायहरू चीन र भियतनाममा समाजवाद निर्माणको अनुभवबाट प्रेरित छन् र क्युवा तथा चीनले वर्षौंदेखि त्यस अनुभवको सँगैसँगै अध्ययन गरिरहेका छन् ।

**चीनको ऐक्यबद्धता: परिदृश्यको एक अनिवार्य हिस्सा**

चिनियाँ मोडेल क्युवाका लागि केवल एउटा अमूर्त सन्दर्भ बिन्दुमात्र होइन । यो ऐक्यबद्धताको एक जीवन्त सम्बन्धमा जेलिएर आएको छ । वासिङ्टनले क्युवाको घाँटी झन्-झन् कस्दै लग्दा, चीनले पटक-पटक अघि बढेर त्यो सङ्कट व्यवस्थापनमा मद्दत गरेको छ ।

यो कुरा ऊर्जा क्षेत्रभन्दा प्रस्ट अन्य कतै देखिँदैन–जुन मोर्चामा नाकाबन्दी सबैभन्दा बढी घातक साबित भएको छ । चिनियाँ सहयोगमा क्युवाले कुल विद्युत् उत्पादनमा सौर्य ऊर्जाको हिस्सालाई एकै वर्षमा ६ प्रतिशतभन्दा कमबाट तीन गुणाले बढाएर २० प्रतिशतभन्दा बढी पुऱ्याएको छ र दर्जनौं नयाँ सोलार पार्कहरू ग्रिडमा जोडेको छ । चीनले सन् २०२८ सम्ममा क्युवाको दिउँसोको झन्डै आधा माग धान्ने प्रक्षेपण गरिएको करिब ९२ वटा सोलार पार्कहरूको कार्यक्रमलाई वित्तीय सहयोग गरिरहेको छ, र ऊर्जा क्षेत्रमा उसको सहयोग ग्रिड उपकरण, ब्याट्री स्टोरेज र प्राविधिक सहयोगसम्म विस्तारित छ । क्युवाले सूर्यबाट उत्पादन गर्ने प्रत्येक किलोवाट ऊर्जा यस्तो किलोवाट हो जसलाई ऊर्जा नाकाबन्दीले छुन सक्दैन । यस अर्थमा नयाँ सुधारहरूको केन्द्रमा रहेको नवीकरणीय ऊर्जाको अभियान साम्राज्यवादविरोधी प्रतिरोधको एउटा औजार हो र चीन यसको केन्द्रमा छ ।

यो ऐक्यबद्धता ऊर्जा क्षेत्रभन्दा धेरै अगाडि फैलिएको छ । हालैका महिनाहरूमा चीनले लगातार आपत्कालीन खाद्य सहायताका खेपहरू पठाएको छ, जसमा दशौं हजार टन चामल समावेश छ । यसका साथै उच्च तहबाट स्वीकृत अन्य चरणका सहायताहरू पनि प्रदान गरिएको छ भने वैज्ञानिक र कृषिसम्बन्धी सहकार्यलाई विस्तार गरिएको छ । दुवै सरकारले साझा भविष्यसहितको चीन-क्युवा समुदाय भनी वर्णन गर्ने गरेको सम्बन्धको व्यावहारिक अन्तरवस्तु यही नै हो ।

भौतिक सहयोगको जगमा दुई पार्टीबिचको सम्बन्ध झन्-झन् प्रगाढ बन्दै गइरहेको छ । चीनको कम्युनिस्ट पार्टी र क्युवाको कम्युनिस्ट पार्टीले हालसम्म सातवटा संयुक्त सैद्धान्तिक सेमिनारहरू आयोजना गरिसकेका छन् । जसमध्ये सबैभन्दा पछिल्लो सेमिनार वैज्ञानिक विकास योजना मार्फत समाजवादी आधुनिकीकरणलाई अघि बढाउने विषयमा केन्द्रित थियो–ठीक यही प्रश्नमा क्युवाले अहिले सङ्घर्ष गरिरहेको छ ।

जब सेप्टेम्बर २०२५ मा बेइजिङमा सी चिनफिङ र डियाज-कानेलबिच भेटवार्ता भयो, उनीहरूले माओ र फिडेलको पालादेखि चलिआएको मित्रतालाई पुनर्जीवित गरे र यसलाई नयाँ युगमा अझ प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गरे । आफ्ना क्युवाली समकक्षीसँगको भर्खरैको एक भिडियो संवादमा चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका प्रमुख लिउ हाइसिङले चिनियाँ सहयोगलाई स्पष्ट शब्दमा परिभाषित गर्दै भने: अन्तर्राष्ट्रिय परिदृश्यमा जस्तोसुकै परिवर्तन आए पनि, क्युवासँगको मित्रताप्रतिको चीनको प्रतिबद्धता बदलिने छैन, क्युवालाई आफ्नो राष्ट्रिय परिस्थिति सुहाउँदो समाजवादी बाटो पछ्याउन सहयोग गर्ने उसको सङ्कल्प "बदलिने छैन", र क्युवाली जनताको जीवनस्तर सुधार्न मद्दत गर्ने उसको प्रतिबद्धता "बदलिने छैन" ।

त्यो समर्थन आर्थिक मात्र नभई कूटनीतिक पनि हो । चीनले लगातार नाकाबन्दी अन्त्य गर्न माग गर्दै आएको छ, संयुक्त राष्ट्र सङ्घमा क्युवाको पक्षमा उभिएको छ र राउल क्यास्ट्रोविरुद्ध वासिङ्टनले लगाएको अवैध आरोपको निन्दा गरेको छ । भर्खरै गत महिना मात्रै, विदेश मन्त्री वाङ यीले आफ्ना क्युवाली समकक्षीलाई बेइजिङले "न्यायको पक्षमा उभिन र क्युवाका लागि आवाज उठाउन जारी राख्ने... र क्युवाको आर्थिक विकास तथा जनताको जीविकोपार्जनमा योगदान पुऱ्याउने" बताएका थिए भने यसै हप्ता विदेश मन्त्रालयका प्रवक्ताले चीनले "क्युवाली आफ्नो राष्ट्रिय परिस्थिति अनुकूलको समाजवादी विकासको बाटो अन्वेषण गर्न दृढतापूर्वक समर्थन गर्ने" कुरा दोहोऱ्याएका छन् । घेराबन्दीमा परेको र एक संवेदनशील तथा जोखिमपूर्ण आर्थिक सङ्क्रमणको प्रयास गरिरहेको देशका लागि इन्धन, खाना, प्रविधि, लगानी र कूटनीतिक सहयोग प्रदान गर्न इच्छुक शक्तिशाली समाजवादी साझेदारहरूको अस्तित्व कुनै गौण विषय होइन । यो नै निर्णायक साबित हुन सक्छ ।

**ट्रम्पका लागि एक प्रतीकात्मक विजय ?**

यी सुधारहरूको एउटा भू-राजनीतिक आयाम पनि छ, जसलाई इमानदारीपूर्वक स्वीकार गरिनुपर्छ । यसलाई ट्रम्प प्रशासनले आफ्नो एउटा विजयका रूपमा प्रस्तुत गर्न सक्छ अर्थात् अधिकतम दबाबको नीतिले नै हवानालाई आफ्नो अर्थतन्त्र खुला गर्न बाध्य पार्यो भन्ने प्रमाणका रूपमा । परिणामभन्दा बढी जीतको देखावालाई सधैँ महत्त्व दिने शासनका लागि त्यो प्रतीकवादको ठूलो मूल्य हुन्छ । यसले ट्रम्पलाई आफ्नो प्रतिष्ठा जोगाउने एउटा यस्तो जीत दिन्छ जसले गर्दा उनले सैन्य दुस्साहसबाट बच्न पाउँछन् । सैन्य कारबाही स्वदेश र विदेश दुवैतिर अत्यधिक अलोकप्रिय हुने निश्चित छ, किनकि लगभग सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायले संयुक्त राष्ट्र सङ्घमा वर्षौंदेखि नाकाबन्दीको विरुद्धमा मतदान गर्दै आएका छन् । क्युवाको नेतृत्व यस कुराबारे पूर्ण रूपमा सचेत छ । तर, समय थप्न, लगानी आकर्षित गर्न र सैन्य आक्रमणको ढोका बन्द गर्नका लागि गरिने एउटा सम्झौता र आत्मसमर्पण बिचमा धेरै ठूलो फरक हुन्छ ।

**निष्कर्ष: संरक्षण, परित्याग होइन**

क्युवाका लागि अहिले दाउमा लागेका कुराहरू योभन्दा बढी महत्त्वपूर्ण हुन सक्दैनथे । यस क्रान्तिले अझै पनि अमेरिकाको भन्दा राम्रो औसत आयु र कम शिशु मृत्युदर, ९९ प्रतिशतभन्दा माथिको साक्षरता दर प्रदान गरिरहेको छ र डब्लुएचओ (WHO), युनिसेफ (UNICEF) र 'मेडेसिन्स सान्स फ्रन्टियर्स' (Doctors Without Borders) ले संयुक्त रूपमा पठाउनेभन्दा बढी डाक्टरहरू विदेशमा सेवाका लागि पठाइरहेको छ । वासिङ्टनले क्युवालाई दिने विकल्प कुनै उपभोक्तावादी लोकतन्त्र होइन, बरु क्रान्ति-पूर्वको व्यवस्थाको पुनरागमन हो अर्थात् वैदेशिक पुँजीका लागि एउटा क्रिडास्थल र नाम मात्रको बाहेक हरेक कुरामा एउटा उपनिवेश बनेको बाटिस्टाकालीन क्युवा ।

यी सुधारहरूले निस्सन्देह जोखिमहरू बोकेका छन् । घरजग्गा बजार, निजी बैंकहरू, ठूला कम्पनीहरू र रेमिट्यान्सबाट प्राप्त लगानीले एउटा सम्भ्रान्त वा जमिनदार तप्का जन्माउने जोखिम रहन्छ र क्युवाको सन्दर्भमा यो विदेशी मुद्रा र विदेशमा रहेका परिवारसम्मको पहुँचका पुराना विभेदका रेखाहरूमा आधारित हुन सक्छ । यीमध्ये कुनै पनि कुरालाई बेवास्ता गर्न मिल्दैन । यो यस नीतिको वास्तविक मूल्य हो । तर, यो दाउ निकै सोचविचार गरेर लगाइएको हो र यो यस्तो प्रस्तावमा आधारित छ जसलाई चीनले झन्डै ५० वर्षदेखि परीक्षण गरिरहेको छ: अर्थात् राजनीतिक सत्ता, अर्थतन्त्रका प्रमुख अङ्गहरूमा सार्वजनिक स्वामित्व र योजना तथा पुनर्वितरणका साँचोहरू आफ्नै हातमा राख्ने एउटा समाजवादी राज्यले बजार र वैदेशिक पुँजीको चङ्गुलमा नफसी आफ्नो विकासका लागि तिनको प्रयोग गर्न सक्छ ।

त्यसैले, क्युवाको सुधारलाई समाजवादी परियोजनाको परित्यागका रूपमा होइन, बरु यसको संरक्षण र नवीकरणको प्रयासका रूपमा बुझ्नुपर्छ । जुन सन् १९५९ देखि चलिआएको घेराबन्दी भित्रको समाजवादको कथाको पछिल्लो अध्याय हो । यो दाउ सफल हुन्छ कि हुँदैन भन्ने कुरा यसको कार्यान्वयनमा, कर्मचारीतन्त्रात्मक जडतालाई तोड्न सक्ने पार्टीको क्षमतामा, र ऐक्यबद्धतामा निर्भर हुनेछ – क्युवाली जनता र विदेशमा रहेका मित्रहरू, जसमा चीन अग्रपंक्तिमा छ, तिनीहरूको ऐक्यबद्धता । डियाज-कानेलले आफ्ना देशवासीहरूलाई भनेझैं: "हामी केवल प्रतिरोध गर्नका लागि मात्र एकजुट हुन गइरहेका छैनौं । हामी सिर्जना गर्नका लागि एकजुट हुन गइरहेका छौं । उत्पादन गर्न । निर्णय गर्न । रेखदेख गर्न । समृद्ध हुन र रूपान्तरण गर्न ।"

*- Socialistchina.org बाट*

# एक सय पाँच जनालाई छात्रवृत्तिको सिफारिस




भक्तपुर । भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि सञ्चालन गरेको छात्रवृत्ति छनोट परीक्षामा सफल भएका विद्यार्थीहरूलाई छात्रवृत्ति सिफारिस पत्र वितरण कार्यक्रम असार ११ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले छात्रवृत्ति छनोट परीक्षामार्फत छनोट भएका विद्यार्थीलाई सिफारिस पत्र वितरण गर्नुका साथै छात्रवृत्ति कार्यक्रमको उद्देश्य, विद्यार्थीको जिम्मेवारी, अध्ययनमा अनुशासन तथा उपलब्ध अवसरहरूको प्रभावकारी उपयोगबारे जानकारी दिनुभयो ।

छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुरको शैक्षिक गुणस्तर अग्रज पुस्ताको त्याग, समर्पण र निरन्तर मेहनतको परिणाम भएको बताउनुभयो । उहाँले छात्रवृत्ति कार्यक्रम जनताले तिरेको कर तथा अग्रजहरूको सङ्घर्ष र मेहनतको प्रतिफल भएको उल्लेख गर्दै भक्तपुर नगरपालिकाले वार्षिक ४ करोड रूपैयाँभन्दा बढी रकम छात्रवृत्तिमा खर्च गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले कक्षा ११ मा विषय छनोट गर्ने समय नै उच्च शिक्षाको बलियो जग हाल्ने समय भएकाले विद्यार्थीहरूले आफ्नो रुचि, क्षमता र भविष्यको लक्ष्यअनुसार विषय छनोट गर्नुपर्नेमा जोड दिनुभयो ।

अभिभावकको चाहना पूरा गर्नका लागि मात्र नभई आफ्नै रुचि र उद्देश्यअनुसार अध्ययन गर्नुपर्ने विचार व्यक्त गर्दै उहाँले सजिलो कामको मात्र खोजी नगरी चुनौतीहरू सामना गर्दै अघि बढ्न आग्रह गर्नुभयो ।

प्रमुख प्रजापतिले परीक्षामा धेरै अङ्क ल्याउनु मात्र सफलताको मापन नभएको उल्लेख गर्दै आगामी दिनमा शिक्षाको गुणस्तर र सिकाइ उपलब्धिलाई अझ उत्कृष्ट बनाउन विद्यार्थीहरूले मेहनत गर्नुपर्ने बताउनुभयो ।

उहाँले असल सङ्गतले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले खराब सङ्गतबाट टाढा रही सकारात्मक सोच र व्यवहार भएका व्यक्तिहरूसँग सम्बन्ध विस्तार गर्न सुझाव दिनुभयो । शिक्षित हुनु भनेको व्यक्तिगत उन्नतिमा मात्र सीमित नभई देश र समाजका लागि योगदान गर्न सक्षम हुनु भएको बताउँदै प्रमुख प्रजापतिले समाज परिवर्तन र राष्ट्र निर्माणको भावना लिएर अध्ययन गर्न विद्यार्थीहरूलाई प्रेरित गर्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले छात्रवृत्ति प्राप्त विद्यार्थीहरूलाई अध्ययनमा निरन्तर मेहनत गरी उत्कृष्ट नतिजा हासिल गर्न प्रेरित गर्दै विद्यार्थीहरूले पाठ्यपुस्तकमा सीमित नभई व्यवहारिक ज्ञानसमेत हासिल गर्नुपर्नेमा जोड दिनुभयो । प्राप्त अवसरको सदुपयोग गरी सक्षम र जिम्मेवार नागरिक बन्न आग्रह गर्दै उहाँले विद्यार्थीहरूले आफ्नो धरातल, संस्कृति र समाजप्रतिको जिम्मेवारी कहिल्यै बिर्सन नहुने र सभ्य समाज निर्माणमा आफ्नो भूमिका पहिचान गरी योगदान गर्नुपर्ने उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले गुणस्तरीय उच्च शिक्षाको पहुँच विस्तारका लागि ख्वप विश्वविद्यालय स्थापनाको उद्देश्यसहित निरन्तर सङ्घर्ष गरिरहेको चर्चा गर्दै नगरपालिकाले शिक्षा क्षेत्रको विकास र विद्यार्थीहरूको उज्ज्वल भविष्यको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको पनि जानकारी दिनुभयो ।

अभिमुखीकरण कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, ख्वप माविका प्रधानाध्यापक लक्ष्मीप्रसाद कर्माचार्य, नगर शिक्षा शाखा प्रमुख साधुराम फुँयालले नगरपालिकाले प्रत्येक वर्ष योग्य तथा जेहनदार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले छात्रवृत्ति छनोट परीक्षा सञ्चालन गर्दै आएको विचार व्यक्त गर्दै छात्रवृत्ति आर्थिक सहयोग मात्र नभई विद्यार्थीको क्षमता विकास, शैक्षिक उत्कृष्टता र जिम्मेवार नागरिक निर्माणको आधार भएको उल्लेख गर्दै प्राप्त अवसरको सही सदुपयोग गर्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो । भक्तपुर नगरपालिकाले सञ्चालन गरेको छात्रवृत्ति छनोट परीक्षामा सहभागी ७१५ जना विद्यार्थीमध्ये विज्ञानमा ३६, व्यवस्थापन सङ्कायमा ५४, मानविकीमा ४ जना, शिक्षामा ७ र कानुन सङ्कायमा ४ जना गरी १०५ जना विद्यार्थी सफल भएका थिए ।

# पुरानाको सुस्केरा र नयाँको टाइँफुइँ

काठमाडौँ । २००७ र २०१९ सालको 'क्रान्ति' र 'विद्रोह', 'झापा विद्रोह' र 'जनयुद्ध' नाउँको 'गृहयुद्ध' को रापताप एवम् बहुमत र दुईतिहाइको अहम्को पराजयकै सुस्केरा तथा गैरसरकारी विदेशीहरूको संस्थाहरूबाट प्रकाशमा आएका अनेकरूपी रास्वपाको प्रथम महाधिवेशनको अन्योलको अज्ञात भविष्यको लम्काइको उत्साहको मिश्रित प्रतिध्वनित तस्बिरबारे बजार, गल्ली, चिया पसल, पाटी-पौवा र चौतारीहरूमा देशको इतिहास र भविष्यबारे जनता चिन्तित देखिन्छन् ।

बन्दुकको गोलीले जित्न नसक्नेहरूलाई 'चास्नी पोतेको गोलीले जित्न सक्छ' भन्ने कहावत नेपालको वर्तमान राजनीतिक परिणाममा प्रतिबिम्बित भएको प्रस्ट छ ।

डलर र भारुको 'चास्नी' पोतिएका काठमाडौँ र विदेशका तारे होटलमा भएका सर्वदलीय प्रतिनिधित्व भएका 'बुद्धिजीवी' र जनप्रतिनिधिहरूले पश्चिमी 'होली वाइन' खाँदै नेपालका संविधानका खेस्राहरूमा 'मनोनितका' प्रावधान, 'महिला, युवा र समावेशिता' को प्रगतिशील देखिने 'गणतन्त्र' देखि निर्वाचनमा करोडौँ र अर्बौं रकम चन्दा दिने, साहुमहाजन, ठेकेदार, मारवाडी र ठगहरू सिंहदरबार, संसद्, शीतल निवास र न्यायपालिकाको टुप्पोमा पुगेकै कारण 'जेन-जी' नाउँका 'नयाँ पुस्ता' को विदेशी भाषा, उपकरण र शैली प्रयोग गरी सबै राजधानी प्रदेश, जिल्ला, सहर र गाउँ-गाउँ र सरकारका अनेक संस्थाहरूको दहन भएका छन् - काठमाडौँ उपत्यकामा घण्टाकर्णको दहनजस्तै !

'सित्तैमा पाए चुक पनि एक पाथी खाने' उखानसँग सत्तामा पुगेका सबै रङ्गका दलका नेताहरू आफ्नो गाउँ, नगर, जिल्ला र प्रदेश बिर्सेर काठमाडौँमा सके भवन र दरबार बनाउने न सके वाग्मती, विष्णुमती, मनोहरा र नदी-नाला र खोलाले छोडेका हरेक किनारा र बालुवामा टहरा बनाएर 'सुकुमवासी' बने र बनाइए । तर, ती नेताहरू, ठेकेदार, व्यापारी, सामन्त र सम्पन्न परिवारलाई आफ्नै ठाउँमा काठमाडौँ बनाउने ध्याउन्ना कहिले भएन । राष्ट्रपतिदेखि पिउन वा तल्लो सरकारी कर्मचारीमा पनि त्यो चेत कहिल्यै आएन । हो, काठमाडौँलाई राजधानीकै रूपमा राख्ने चेत उपत्यका विकास' का विविध नाउँका ठुलठुला इन्जिनियर र जानकारहरूले कहिल्यै सोचेनन् र भएका सबै बजेट 'स्वाहा' गर्दै गए ।

ती ठुलाबडाहरूको मनमा कहिले पनि 'दाङलाई नयाँ राजधानी' बनाउने र देशलाई 'सन्तुलित विकास' गर्ने चेत आएन । नेपालको 'एकीकरण' मा छुटेका कामहरू २० लाख पुराना काठमाडौँ उपत्यकाबासीहरूले गर्ने हो र ४० लाख बाहिरबाट आएकाहरूले 'घर बनाएर बस्ने हो' भन्ने मानसिकतालाई बदल्न सकेनन् । सदनमा एकपटक 'सिंहदरबारमा बाँदर पसे' भन्दा व्याख्या मागेनन् - सभामुख हुनेहरूले ।

संसद् र माथिल्ला सदनमा आएका सबै सांसदहरू बडो आ-आफ्नै उद्देश्यबाट उत्साहित भएर चम्कन्थे र पछिपछि आ-आफ्ना थैली छनछन गनेर फूर्तिसाथ वा अँध्यारो मन लिएर घर फर्कन्थे । काठमाडौँमै घर बनाउन भ्याएकाहरूले मनमा राखे - 'भर्खर नेपालको एकीकरण भयो !'

तर, देशलाई आफ्नै खुट्टामा उभ्याउने कल्पना कहिल्यै गरेनन् - सत्तामा धेरै वर्ष र धेरै पटक सरकारमा बस्नेहरूले ।

एउटा अचम्मको कुरा त अर्कै छ - नगरको खानेपानीको रिजरभ्वायर, गल्ली र चोक, ढल र उपचार पोखरी, दमकल, शौचालय र घर-घर तथा सामूहिक शौचालयहरूको बन्दोबस्तको विषय राजनैतिक दल र कार्यकर्तालाई कहिले आएन र चित्त बुझाउन 'दुर्गम गाउँलाई' समेत नगर घोषणा गरियो । जनसङ्ख्याको एउटा मानक राखेर चालीसौँ माइल पनि नगर घोषणा गर्न पछि परेन । 'नगर घोषणा गर्नु' बाटो लान घुस खाने मेसो बन्यो । गाउँका जनता दोषी होइनन् बरु घोषणा गर्ने र गराउने नेताहरू नै दोषी हुन् । बरु 'गाउँपालिकाहरू' लाई प्राथमिकता दिएको खण्डमा आजभन्दा बढी सेवा प्रवाह हुन्थ्यो भन्ने सबैको मनमनमा छ । नगरको सङ्ख्याको वृद्धिले भ्रष्टाचार बढ्यो, जनप्रतिनिधिहरूको जानकारीमा प्रश्न उठ्यो, नगरहरूको प्रतिष्ठा झन्झन् बदनाममा बदलियो र 'प्रजातन्त्र' र 'गणतन्त्र' माथि समेत प्रश्न उठ्न थाल्यो ।

यसकारण, हिजोका सरकारमा बसेका सबै नेताहरू पश्चातापको सुस्केरा हाल्दै आ-आफ्ना नेता र कार्यकर्तालाई आपसमा दोष पन्छाउँदै छन् ।

गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सिंहावलोकन
## राजनीतिमा एक शिक्षा हो

काठमाडौँ । अन्तर्राष्ट्रिय सहयोगी देशहरूको अनुकम्पा र जनतालाई राजनैतिक चेतना जगाएर नेपाललाई एक आत्मनिर्भर देश बनाउनुको सट्टा आफ्ना छोराछोरी र दिदीबहिनीहरू एवं युवाहरूलाई पढाइको नाममा अरबौं डलर दिएर विदेशी बहुराष्ट्रिय कम्पनीहरूको शोषण र अन्याय र अत्याचारबाट पीडित बनाउने काम गरियो । अन्तर्राष्ट्रिय ज्यामी बेच्ने कम्पनीहरूमार्फत देशको कृषि अर्थतन्त्र र मित्रराष्ट्रहरूले दिएका कलकारखाना र सेवालाई कौडीको मोलमा निजीकरण गर्दै विदेशमा बेच्ने नीति लिइयो । विदेशी पुँजीका एजेन्ट, अर्थशास्त्री र अर्थमन्त्रीहरू अनि 'संवैधानिक समाजवाद' र 'प्रजातन्त्र' का हिमायती सरकारहरूले नेपाली जनतालाई टुहुरा-टुहुरी बनाउने काम गरे । साम्राज्यवादी र विस्तारवादीहरूको षड्यन्त्रलाई नेपाललाई सबै रोगको उपचार भन्दै पहिले भारतबाट ल्याएर बेचिने 'दर्दशान्ति तेल' जस्तै नेपालको बेचबिखनलाई सबै समस्याको समाधान बताइयो ।

नेपाली हरेक विषयमा परनिर्भर बन्दै गएको परिणामले देखायो - देशमै विदेशी विश्वविद्यालयका कलेजहरूलाई स्वीकृति दिँदै नेपाली विश्वविद्यालयका सबै शिक्षाविद् र प्राध्यापकहरूलाई विदेशी शिक्षाको लाचार छाया बनाइयो ।

प्रजातन्त्रको पुन:स्थापना र गणतान्त्रिक आन्दोलनबाट आएका सबै उपलब्धिहरूलाई राणा शासनकै बाँकी रहेका सामन्तहरूको सहयोगमा एक एक गरी भ्रष्टाचार र अनियमितता गरियो । ठुलो भड्खालोमा देशलाई डुबाउँदै जाँदा विदेशबाट जेन्जीको नाममा 'नयाँ पुस्ता' निर्यात गर्ने परिस्थिति तयार गर्दै बहुमतको लोकप्रिय दलहरूको ठुलठुला धरोहर सम्झिने नेताहरूलाई २०८२ भदौ २३ र २४ को आगजनी र विध्वंशको अगुल्टोले झोसिँदै हामी 'नेपाली सेनाको शरणमा पुग्यौँ । जुन कुरो 'प्रजातन्त्र', 'जनयुद्ध' र 'विद्रोहहरू' का दावेदार आजसम्म मानसिकरूपले राजनैतिक मुर्छामा छन् । अब के गर्ने भनी जङ्गलमा राति बाटो बिराएका बटुवाहरूझैँ पुराना दलहरूका नेता र कार्यकर्ताहरू रणभुल्लमा छन् !

अरूको बन्दोबस्तबाट विजयी बनाइएका रास्वपाको प्रथम महाधिवेशनको भद्रगोल र गञ्जागोलले सबैको आँखा खोल्ने काम गऱ्यो । शासनको घोडा चढ्नेहरू आफै रणभुल्लमा छन् - सिद्धान्त र सरकारको नाम के हो, थाहा छैन । नेपालभाषाको भनाइअनुसार भोजको भण्डार कोठामा भोकाएको कुकुर पस्दा खानेकुराको परिकार छान्दाछान्दै रित्तिँदै जाँड बनाउने भिउँटमा पुगी एकैछिनमा जाँड खाँदै त्यहीँ थल्ला पऱ्यो भनेजस्तै रवि लामिछाने र बालेन साहलाई अर्थमन्त्रीले बिगार्नुबाहेक जोगाउनु धेरै टाढाको विषय हो ।

भन्ने गरिन्छ, बैङ्कको रकम र पुस्तकको ज्ञान तत्काललाई काम आउँदैन । विदेशमा पढेको अर्थशास्त्र नेपालमा उल्टो हुन्छ । आजका अर्थमन्त्रीले हिजोका अर्थमन्त्रीले जस्तै देशलाई एकपछि अर्को पासोमा पार्नेछन् । यस रास्वपाको सरकारलाई पतन गराउन अर्थमन्त्री एक जना नै पर्याप्त छ ।

XXX

रास्वपाको पाइला गल्तीले पनि सही ठाउँमा टेक्ने छैन । जसरी नेका, नेपाल कम्युनिस्ट पार्टी (प्रचण्ड, माधव, झलनाथ आदि), एमाले, राप्रपा र मधेशवादी दलहरूले देशको डुङ्गा किनारा ल्याउन सकेनन् । किन ?

जात जाति र धर्म राम्रा विषय हुन् तर पक्षपात वा विभेदले सबभन्दा ठुलो विषालु परिणाम भोग्नुपर्ने हुन्छ ।

युरोपमा मध्यपूर्व र पूर्वी एसियामा पनि धर्मयुद्धले धेरै जनधनको क्षति भयो । अझ पनि धर्मयुद्धले र जातीय भेदले क्षति हुने सम्भावना छ ।

हाम्रो शरीरभित्रै हाम्रा रोगहरू छन् । विकार बाहिर खोज्नुपर्दैन ।

सभ्यता र धर्मको अर्थ नै सहिष्णुता र समानताको भावना हो । हाम्रा शासक दलहरूमा सभ्यता र समानताको अभावकै कारण देश झन्झन् तल झर्दै छ र अरूले खेलाउँदै छन् ।

कविता

## देशको तस्वीरमा धब्बा लगाउनेहरू !

✍ स्नेह

*लालबकैया नदी दोहन गर्ने को हुन् ?*
*भारततर्फ गिटी ढुङ्गा बेच्ने उही हुन्*
*नदी संरक्षण निकाय खोइ कहाँ छ ?*
*इटहरीको त्रिवेणी चोकमा*
*बस्तीभित्र बालुवा प्रशोधन कसले गरायो ?*
*सप्तरी विष्णुपुरका प्राकृतिक सम्पदा*
*छयालीस पोखरी र दुई दर्जन इनार*
*मास्ने को को हुन् ?*
*स्वास्थ्यलाई ध्यान दिने निकाय खोइ ?*
*के वातावरणीय अध्ययन गर्ने कोही छैनन् ?*

*मेचीनगरमा नेपाली भूमि मिचेर*
*भारतलाई सीमास्तम्भ गाड्न दियो कसले ?*
*सीमाको जिम्मा लिएको सरकार*
*खोइ कहाँ छ ?*
*सम्पत्ति छानबिन क-कसको गर्ने ?*
*चालीस वर्षयता काठमाडौँमा*
*घर बनाउनेमध्ये नब्बे प्रतिशत*
*के साच्चै भ्रष्टाचारी नै हुन् ?*
*भदौ २३ र २४ का उपद्रयाहरू*
*के देशभरि आगो लगाउनेहरू नै हुन् ?*
*जनताका यी प्रश्नहरूको जवाफ*
*कहिले आउने हो खोइ ?*

*२०८३ असार ८ गते*

# भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को बजेट वक्तव्य

भक्तपुर नगरपालिकाको यस गरिमामय २० औं नगरसभामा उपस्थित सम्पूर्ण सभासद्हरू, कर्मचारी मित्रहरू, सञ्चारकर्मीहरू तथा उपस्थित सम्पूर्णमा म हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु ।

नेपालको संविधान कार्यान्वयनमा आएपछि भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएको ४ वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश गरेका छौं । यो हाम्रो कार्यकालको अन्तिम वर्ष हो र यस कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म गौरव महसुस गर्दछु ।

प्रजातन्त्र पुन:स्थापना र लोकतन्त्रका लागि भएका विभिन्न चरणबद्ध जनआन्दोलन र सङ्घर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न कालखण्डमा कठोर जेल जीवन बिताउनुहुने, प्रवास र भूमिगत रहेर राजनीतिक एवं सामाजिक परिवर्तनमा अतुलनीय योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

हामी नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र विचारलाई आत्मसात् गर्दै जनताको सेवामा नि:स्वार्थ भावले लागिरहेका छौं । पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें (रोहित) द्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' र पार्टीको घोषणापत्रले हामीलाई सधैं सही दिशामा काम गर्न मार्गनिर्देश गरिरहेको छ ।

भक्तपुरलाई विश्वकै एक जीवन्त सङ्ग्रहालय र नाचगानको राजधानीको रूपमा चिनाउन योगदान पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी र अग्रजहरूप्रति हामी कृतज्ञ छौं । भक्तपुरका मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण र संवर्द्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नु हामीले आफ्नो मुख्य कर्तव्य र जिम्मेवारी ठानेका छौं ।

नगरपालिकाका स्रोत र साधनहरू सीमित छन् तर जनताका आवश्यकताहरू असीमित छन् । यी नै सीमित स्रोत र साधनको उच्चतम उपयोग गर्दै हामीले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ र पर्यटनजस्ता आधारभूत आवश्यकताहरूलाई उच्च प्राथमिकतामा राखेर कार्य गर्दै आएका छौं । नगरवासीहरूको रचनात्मक सल्लाह, सुझाव र आलोचनालाई आत्मसात् गर्दै हामी भक्तपुरको सर्वाङ्गीण विकासको निम्ति अगाडि बढिरहेका छौं ।

अब म चालू आ.व. २०८२/८३ को बजेट कार्यान्वयनको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. चालू आ.व. २०८२/८३ का लागि कुल २ अर्ब ४७ करोड ३१ लाख रुपैयाँको अनुमानित बजेट तयार गरिएको थियो । जसमध्ये नगरपालिकाको आन्तरिक आयतर्फ ६४ करोड ७१ लाख रुपैयाँ आम्दानी हुने अपेक्षा गरिएकोमा २०८३ जेठ मसान्तसम्ममा ४८ करोड १८ लाख रुपैयाँ यथार्थ आम्दानी भयो, जुन अनुमानित आम्दानीको ७४.४७ प्रतिशत हुन आउँछ । सम्पत्ति तथा भूमिकर, घर बहाल कर, पर्यटन सेवा शुल्क, व्यवसाय कर, नगरपालिकाद्वारा उत्पादित कम्पोस्ट मल बिक्री, पार्किङ तथा जल मनोरञ्जन शुल्क, छायाङ्कन दस्तुरलगायतमा चालू आ.व.का लागि अनुमान गरिएबमोजिम आम्दानी भएको देखिन्छ ।

२. बाह्य स्रोततर्फ राजस्व बाँडफाँडमा सङ्घ, प्रदेश र मालपोत रजिस्ट्रेसनसमेत गरी २४ करोड ११ लाख अनुमान गरिएकोमा चालू आ.व.को जेठ मसान्तसम्ममा १६ करोड ४९ लाख रुपैयाँ प्राप्त भई ६८.३९ प्रतिशत प्रगति भयो । राजस्व बाँडफाँडसमेत नेपाल सरकार र प्रदेश सरकारबाट वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान, सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड नेपालबाट गरी कुल बाह्य स्रोत रु. १ अर्ब ५० करोड १३ लाख प्राप्त हुने अनुमान गरिएकोमा चालू आ.व.को जेठ मसान्तसम्ममा कुल १ अर्ब २१ करोड ९५ लाख अर्थात् ८१.२३ प्रतिशत आम्दानी भएको जानकारी गराउँदछौं ।

३. चालू आ.व. २०८२/८३ मा चालू खर्चतर्फ रु. १ अर्ब ५२ करोड ५३ लाख विनियोजन गरिएकोमा २०८३ जेठ मसान्तसम्मको कुल चालू खर्च १ अर्ब ९ करोड ६८ लाख अर्थात् ७२ प्रतिशत भएको छ । असार मसान्तसम्ममा चालू खर्च बढेर रु. १ अर्ब २४ करोड ९० लाख (८२ प्रतिशत) खर्च हुने संशोधित अनुमान छ ।

४. पुँजीगत खर्चतर्फ चालू आ.व. २०८२/८३ मा रु. ८० करोड ४८ लाख विनियोजन गरिएकोमा २०८३ जेठ मसान्तसम्ममा रु. ४५ करोड ४६ लाख अर्थात् ५६ प्रतिशत यथार्थ खर्च भयो भने असार मसान्तसम्ममा उक्त खर्च बढेर रु. ५४ करोड ५३ लाख हुने संशोधित अनुमान छ । जुन कुल विनियोजित पुँजीगत खर्चको ६८ प्रतिशत हुन्छ ।

५. वित्तीय व्यवस्थातर्फ चालू आ.व. २०८२/८३ मा रु. १४ करोड ३० लाख विनियोजन गरिएकोमा २०८३ जेठ मसान्तसम्ममा रु. १० करोड ६३ लाख अर्थात् ७४ प्रतिशत खर्च भएको छ ।

६. चालू, पुँजीगत र वित्तीय व्यवस्थातर्फको खर्च जोड्दा असार मसान्तसम्ममा रु. १ अर्ब ९० करोड ७ लाख गरी कुल बजेटको ७७ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । पुँजीगततर्फका सम्पदा पुन:निर्माणसँग सम्बन्धित धेरै योजनाहरू तथा नगरस्तरीय गौरवका योजनाहरू चालू आ.व.मा सुरु भइसकेको र आगामी आ.व.का लागि क्रमागत योजनामा पर्ने भएकोले यथार्थ खर्च अझै बढ्ने देखिन्छ ।

अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा रही बजेटको विस्तृत विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक वर्ष २०८३/८४ को बजेटका मुख्य उद्देश्य तथा प्राथमिकताहरू

१. **शिक्षा** : नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा न्यून शुल्कमा गुणस्तरीय शिक्षा दिने, ख्वप मेडिकल कलेज स्थापनाको लागि पहल र इतिहास, संस्कृति तथा राजनीतिशास्त्रजस्ता विषय अध्ययन गर्नेलाई पूर्ण छात्रवृत्ति दिइनेछ ।

२. **स्वास्थ्य सेवामा विस्तार** : ख्वप अस्पतालमा एम.आर.आई. (MRI) मेसिन खरिद र डायलाइसिस सेवा विस्तारलाई प्राथमिकता दिइएको छ । नगरवासीलाई नि:शुल्क रगत र अक्सिजन वितरणलाई निरन्तरता दिँदै शव वाहन सेवा नि:शुल्क उपलब्ध गराइनेछ ।

३. **सम्पदा र संस्कृति संरक्षण** : 'पुर्खाले सिर्जेको सम्पत्ति : हाम्रो कला र संस्कृति' भन्ने नाराका साथ ऐतिहासिक थन्थु दरबार, ९९ चोक र नवदुर्गा द्योछेँजस्ता सम्पदाहरूको पुन:निर्माण तथा जीर्णोद्धार गरिनेछ । परम्परागत शैलीमा घर बनाउने नागरिकलाई आर्थिक अनुदान दिइनेछ ।

४. **भौतिक पूर्वाधार निर्माण** : नगरपालिकाको गौरवको आयोजनाका रूपमा रहेको अरनिको सभाभवन निर्माण गर्न बजेट विनियोजन गरिएको छ । हनुमन्ते र कासन खोलामा टेवा पर्खाल निर्माण गर्ने र नगरका भित्री सडकहरूमा ढुङ्गा/इँटा छपाउने कार्यलाई तीव्रता दिइनेछ ।

५. **वातावरण तथा सरसफाइ** : फोहोरमैला व्यवस्थापनका लागि कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गर्ने र ढल प्रशोधन पोखरीहरू (सल्लाघारी र हनुमानघाट) निर्माण गरी फोहर पानी उपचार गरिनेछ ।

६. **पर्यटन प्रवर्द्धन** : भक्तपुरलाई 'जीवन्त सङ्ग्रहालय' को रूपमा स्थापित गर्न सांस्कृतिक क्यालेन्डर निर्माण गर्ने, विभिन्न उत्सवहरू आयोजना गर्ने र रात्रिकालीन पर्यटनका लागि सम्पदा क्षेत्रमा बत्तीको व्यवस्था गरिनेछ ।


**रजनी जोशी**, उप-प्रमुख, भनपा

७. **युवा स्वरोजगार र उद्यमशीलता** : युवाहरूलाई विदेश पलायनबाट रोक्न विभिन्न सीपमूलक तालिमहरू दिने र सहुलियतपूर्ण 'उद्यमशील ऋण' उपलब्ध गराई स्वरोजगार बनाउने नीति अवलम्बन गरिनेछ ।

८. **सामाजिक न्याय र सुशासन** : महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्ग लक्षित कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । नगरपालिकाको सेवालाई डिजिटल प्रविधिमा आधारित र जनमुखी बनाउँदै सुशासन कायम गरिनेछ ।

## आगामी आर्थिक वर्ष २०८३/८४ को आयतर्फको विस्तृत अनुमान

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कुल २ अर्ब ५५ करोड रुपैयाँको बजेट परिचालन गर्ने लक्ष्य राखेको छ । यो बजेट नगरपालिकाको आन्तरिक स्रोत, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड, विभिन्न अनुदान र चालू वर्षको बैङ्क मौज्दातबाट व्यवस्थापन गरिनेछ । *(आन्तरिक आयको विस्तृत विवरण अनुसूची १ र बाह्य स्रोतको विस्तृत विवरण अनुसूची २ मा संलग्न गरिएको छ ।)*

१. **आन्तरिक आय** : नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट कुल ६९ करोड २० लाख रुपैयाँ सङ्कलन गर्ने अनुमान गरिएको छ । यसअन्तर्गत निम्न क्षेत्रहरूलाई मुख्य आधार बनाइएको छ :

- **राजस्व :** घरजग्गा मूल्याङ्कनमा आधारित सम्पत्ति कर, भूमिकर, व्यवसाय कर र घर बहाल करलाई आन्तरिक आयको मुख्य आधार मानिएको छ ।
- **सेवा शुल्क तथा दस्तुर :** पर्यटन सेवा शुल्क, जग्गा बिक्री, नगरपालिकाद्वारा सञ्चालित विभिन्न कार्यक्रमबाट हुने आय र नगरपालिकाले उत्पादन गर्ने कम्पोस्ट मल बिक्रीबाट हुने आम्दानी यसमा समावेश गरिएको छ ।
- **अन्य शुल्कहरू :** पार्किङ शुल्क, मनोरञ्जन कर, विज्ञापन दस्तुर र विभिन्न प्रशासनिक सिफारिस शुल्कहरूलाई पनि आयको स्रोतमा समेटिएको छ ।
- नगरपालिकाले करको दर बढाउनुभन्दा पनि करको दायरा विस्तार गर्ने र करदाताहरूलाई राहत दिने गरी समय सापेक्ष परिमार्जन गर्ने नीति लिएको छ ।

२. राजस्व बाँडफाँडअन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र मालपोत रजिस्ट्रेसन शुल्क समेतबाट कुल २४ करोड ९१ लाख प्राप्त हुने अनुमान छ ।

३. **अनुदान सहायता (सङ्घ र प्रदेश)** : नगरपालिकाको विकास र प्रशासनिक कार्यका लागि प्राप्त हुने विभिन्न अनुदानहरू यसप्रकार छन् :

- **वित्तीय समानीकरण अनुदान :** सङ्घीय सरकारबाट १९ करोड ७५ लाख र प्रदेश सरकारबाट १ करोड ९० लाख गरी कुल २१ करोड ६५ लाख प्राप्त हुने अनुमान छ ।
- **सशर्त अनुदान :** शिक्षा, स्वास्थ्यलगायतका तोकिएका क्षेत्रमा खर्च गर्ने गरी सङ्घीय सरकारबाट ४७ करोड २० लाख र प्रदेश सरकारबाट १६ करोड ३७ लाख गरी कुल ६३ करोड ५७ लाख प्राप्त हुने अनुमान छ ।
- **समपूरक र विशेष अनुदान :** सङ्घीय र प्रदेश सरकारबाट विभिन्न भौतिक निर्माणका लागि समपूरक र विशेष अनुदानबापत कुल ३ करोड ११ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

४. **अन्य स्रोत** :

- **सामाजिक सुरक्षा भत्ता :** ज्येष्ठ नागरिक, एकल महिला, दलित र अपाङ्गता भएका व्यक्तिहरूका लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ताबापत नेपाल सरकारबाट ३५ करोड प्राप्त हुनेछ ।
- **बैङ्क मौज्दात :** चालू आर्थिक वर्षको अन्त्यसम्ममा खर्च भई बाँकी रहने अनुमानित ३४ करोड १५ लाख आगामी वर्षको योजना कार्यान्वयनका लागि परिचालन गरिनेछ ।
- **सडक बोर्ड :** सडक मर्मत र स्तरोन्नतिका लागि सडक बोर्ड नेपालबाट ४० लाख प्राप्त हुने अनुमान छ ।

## आगामी आ.व. २०८३/८४ को व्ययतर्फको विस्तृत अनुमान :

आगामी आ.व. २०८३/८४ को लागि चालूतर्फ १ अर्ब ५५ करोड ८९ लाख अर्थात् ६१.१३ प्रतिशत र पुँजीगततर्फ ९३ करोड ३१ लाख अर्थात् ३६.६० प्रतिशत तथा वित्तीयतर्फ ५ करोड ८० लाख (२.२७ प्रतिशत) विनियोजन गरिएको छ । *(चालू खर्चको विस्तृत विवरण अनुसूची ३ र पुँजीगत खर्चको विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ ।)*

### शिक्षातर्फ :

भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रलाई आफ्नो पहिलो प्राथमिकतामा राख्दै आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमअनुरूप बजेट विनियोजन गरेको छ । नगरपालिकाले भक्तपुरलाई एक उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने लक्ष्यका साथ शिक्षा क्षेत्रका मुख्य कार्यक्रम र योजनाहरू देहायबमोजिम तय गरेको छ :-

**१. शैक्षिक क्षेत्रको विकास र विस्तार :**

- सामुदायिक विद्यालयका ईसीडी दरबन्दीका शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई प्रोत्साहित गर्न हाल दिइआएको रकममा प्रतिमहिना रु. १००० का दरले थप्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमार्फत न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै नयाँ-नयाँ विषयहरू थप गर्दै लगिनेछ ।
- ख्वप मेडिकल कलेज सञ्चालनका लागि सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गराउन आवश्यक पहल जारी राखिनेछ ।

**२. छात्रवृत्ति तथा अनुसन्धान वृत्ति**

- इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्र र दर्शनशास्त्रजस्ता देशका लागि आवश्यक विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्ति प्रदान गर्ने नीतिलाई निरन्तरता दिइएको छ । यस वर्षदेखि अर्बान डिजाइन एन्ड कन्जरभेसन विषयमा उच्च शिक्षा अध्ययन गर्ने नगरवासी विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
- विभिन्न विषयमा अध्ययन-अनुसन्धान गर्ने विद्यार्थीहरूलाई अनुसन्धान वृत्ति प्रदान गरिनेछ । गरिब, जेहनदार र खेलकुदमा पदक प्राप्त गर्ने विद्यार्थीहरूलाई विशेष छात्रवृत्तिको व्यवस्था मिलाइएको छ ।

**३. भौतिक पूर्वाधार र प्रविधिमैत्री शिक्षा**

- सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधारका लागि वाग्मती प्रदेश सरकार र नगरपालिकाको आन्तरिक स्रोतबाट बजेट विनियोजन गरिएको छ । विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन स्मार्ट बोर्ड, एआई (AI) तालिम र सूचना प्रविधिको विस्तारमा जोड दिइनेछ । सामुदायिक विद्यालयहरूमा विज्ञान, गणित र सामाजिक प्रयोगशालाहरू स्थापना गरिनेछ ।

**४. स्थानीय पाठ्यक्रम र जीवनोपयोगी शिक्षा**

- स्थानीय पाठ्यक्रममार्फत नेपालभाषा र लिपि अध्यापनलाई निरन्तरता दिँदै शिक्षकहरूलाई तालिम र सामग्री उपलब्ध गराइनेछ । विद्यार्थीहरूमा सम्पदा संरक्षणको भावना जगाउन 'एक विद्यालय, एक सम्पदा सरसफाइ' कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**५. विद्यार्थी सहयोग र सामाजिक सुरक्षा**

- उच्च शिक्षा अध्ययनका लागि प्रदान गरिँदै आएको शैक्षिक ऋणलाई निरन्तरता दिँदै अधिकतम ७ लाखसम्म ऋणको सीमा वृद्धि गरी सोमा लाग्ने ब्याज आ.व. २०८३/८४ देखि ४ प्रतिशत कायम गरिनेछ ।
- वडा तहमा बालबालिकाहरूका लागि गृहकार्य कक्षा र वडा नं १० मा थप शिशु स्याहार केन्द्र सञ्चालनमा ल्याइनेछ ।
- अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा र अपाङ्ग सहायक सामग्रीहरू वितरण गरिनेछ ।

शिक्षा क्षेत्रका यी समग्र कार्यक्रमहरूका लागि नगरपालिकाले कुल बजेटको २२.०६ प्रतिशत अर्थात् ५६ करोड २७ लाख ४० हजार विनियोजन गरिएको छ ।

### स्वास्थ्यतर्फ :

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि स्वास्थ्य उपचार सेवामार्फत 'जनताको सेवा' लाई उच्च प्राथमिकता दिएको छ । नगरपालिकाले नागरिकहरूलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न चालू राखेका र नयाँ प्रस्ताव गरेका मुख्य योजनाहरू यसप्रकार रहेका छन् :

**१. ख्वप अस्पतालको स्तरोन्नति र आधुनिक सेवा**

- नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक सुविधायुक्त बनाउन र विशेषज्ञ सेवा विस्तार गर्न जोड दिइनेछ । यसै आर्थिक वर्षभित्र एम.आर.आई. (MRI) सेवा र आई.सी.यू. (ICU) सेवा सञ्चालन गरिनेछ । सोका लागि कुल २३ करोड रुपैयाँ विनियोजन गरिएको छ ।
- अस्पताल परिसरमा आवश्यक सहायक पूर्वाधारहरू, क्यान्टिन ब्लक र एम.आर.आई. भवनको निर्माण कार्य सम्पन्न गर्न बजेटको व्यवस्था गरिएको छ ।
- मृगौला रोगीहरूको सहज उपचारका लागि डायलाइसिस सेवालाई विस्तार गर्ने र आवश्यक उपकरणहरू थप गर्ने नीति लिइएको छ ।

**२. वडास्तरमा स्वास्थ्य सेवा र पूर्वाधार**

- नगरका वडा-वडामा रहेका स्वास्थ्य केन्द्रहरूलाई क्रमश: स्तरोन्नति गर्दै विशेषज्ञ चिकित्सकबाट उपचार सेवा उपलब्ध गराइनेछ ।
- वडा नं. ७ को खँचामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइनेछ । साथै वडा नं. १ स्थित नपली आधारभूत स्वास्थ्य केन्द्रमा आँखा उपचार सेवा विस्तारको लागि बजेट विनियोजन गरिएको छ ।

**३. सामुदायिक स्वास्थ्य र नसर्ने रोग नियन्त्रण**

- नगरवासीहरूमा बढ्दो रूपमा देखिएका मधुमेह (चिनी रोग), उच्च रक्तचाप र कोलेस्ट्रोलजस्ता नसर्ने रोगहरूको अध्ययन-अनुसन्धान गरिनेछ ।
- प्रत्येक नागरिकको स्वास्थ्य विवरण प्रोफाइल (Health Profile) तयार पारिनेछ ।
- क्यान्सर, मृगौला, नाक, कान, घाँटी र श्वासप्रश्वाससम्बन्धी रोगहरूको पहिचानका लागि नियमित रूपमा स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ । नगरपालिकाले सञ्चालन गर्दै आएको 'घरदैलो नर्सिङ सेवा' लाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ ।

**४. नि:शुल्क सेवा तथा सामाजिक सुरक्षा**

- नगरवासीहरूलाई आवश्यक पर्ने रगत र अक्सिजन नि:शुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएको छ ।
- नगरवासीहरूका लागि मनोपरामर्श सेवा र शव वाहन सेवा नि:शुल्क उपलब्ध गराइनेछ ।
- क्यान्सर, मुटुरोग, मस्तिष्कघात, मेरुदण्ड, मृगौला रोगजस्ता जटिल रोग लागेका बिरामीहरूलाई दिँदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।
- ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि नगरपालिकाका अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा सहज र प्राथमिकताका साथ उपचार पाउने व्यवस्था मिलाइनेछ ।

**५. अन्य विशिष्ट सेवाहरू**

- ख्वप तिलगङ्गा आँखा अस्पतालको स्तरोन्नतिको लागि स्वास्थ्य उपकरण उपलब्ध गराइनेछ ।
- आयुर्वेदिक तथा वैकल्पिक उपचार पद्धतिलाई प्रवर्द्धन गर्न नागरिक आरोग्य केन्द्र र श्वासप्रश्वास पुन:स्थापना केन्द्रको सेवा विस्तार गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका र फोहोरमैला व्यवस्थापनमा खटिने कर्मचारीहरूको नियमित स्वास्थ्य परीक्षण र उपचारको प्रबन्ध मिलाइनेछ ।

स्वास्थ्य क्षेत्रका यी समग्र कार्यक्रमहरूका लागि रु. ३५ करोड ६४ लाख अर्थात् १३.९७ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

*बाँकी पृष्ठ ११ मा*

**भक्तपुर...**

**सम्पदा र सांस्कृतिक संरक्षण** :

भक्तपुर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सम्पदा र सांस्कृतिक संरक्षण खण्डको विस्तृत विवरण यहाँ प्रस्तुत छ :

**१. नीतिगत पहल तथा सांस्कृतिक पहिचान**

- भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न आवश्यक कानुनी र प्रशासनिक पहल अगाडि बढाइनेछ ।
- भक्तपुरको मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षणका लागि अभिलेखीकरण गर्ने र परम्परागत बाजागाजा तथा दाफाभजनको बोललाई लिपिबद्ध गरी संरक्षण गरिनेछ ।
- परम्परागत बाजा र सांस्कृतिक प्रतियोगिताहरू आयोजना गरी नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- भक्तपुरका मौलिक उत्पादनहरू जस्तै:- जुजु धौ, भादगाउँले टोपी (ताका तपुली), कवाँचा प्याखं र सांस्कृतिक जात्राहरू ( बिस्का जात्राको घातु म्ये र कसिमला पाँय्) लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचीकरणमा लैजाने प्रक्रिया अघि बढाइएको छ ।

**२. भौतिक पुन: निर्माण तथा जीर्णोद्धारका प्रमुख आयोजनाहरू**

- ऐतिहासिक थन्थु दरबारको पुन:निर्माण कार्य सम्पन्न गर्न एक करोड पचास लाख रकम विनियोजन गरिएको छ ।
- टौमढीस्थित... नवदुर्गा द्योछेँ र टिबुक्छेँको दही विनायक द्योछेँ पुन:निर्माण प्रक्रिया अघि बढाइनेछ । खौमास्थित उमा महेश्वर, क्वाछेँको नारायण मन्दिर र थन्थु दरबारमा सङ्ग्रहालयको लागि अध्ययन अनुसन्धान गरिनेछ ।
- भक्तपुर दरबार क्षेत्रमा रहेका ऐतिहासिक ९९ चोकहरूको उत्खनन र पहिचान कार्यलाई निरन्तरता दिइनेछ । ब्रह्मायणी घाट, महेश्वरी घाट, हनुमानघाट, मङ्गलतीर्थ घाट, चुपिङघाट, कालीघाट र धालाखुसी घाटको पुन:निर्माण र सुधारका लागि बजेट विनियोजन गरिएको छ । मङ्गलतीर्थमा ताहा फल्चा र हनुमानघाट पारी सत्तल पुन:निर्माण कार्य अगाडि बढाइनेछ ।

**३. अमूर्त सम्पदा र सांस्कृतिक प्रवर्द्धन**

- भक्तपुरलाई 'जीवन्त सम्पदा सहर' को रूपमा कायम राख्न बिहान र बेलुकाको समयमा पाटी-पौवाहरूमा भजन र सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- पर्यटकहरूको बसाइँ लम्ब्याउन सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण गरी नियमित सांस्कृतिक प्रदर्शनहरू थालनी गरिनेछ ।
- सम्पदा क्षेत्रमा रात्रिकालीन बत्ती र सीसी क्यामेराको व्यवस्था गरी रात्रिकालीन पर्यटनलाई समेत प्रवर्द्धन गरिनेछ ।

**४. नगरवासीलाई प्रोत्साहन र अनुदान**

- नगरको मौलिकता जोगाउन आफ्नो घर परम्परागत शैलीमा निर्माण गर्ने नगरवासीहरूलाई नगरपालिकाले प्रदान गर्दै आएको आर्थिक अनुदानलाई निरन्तरता दिइएको छ । यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
- निजी क्षेत्रका ऐतिहासिक महत्त्वका घरहरूको पुन:निर्माणमा सहजीकरण गर्ने नीति लिएको छ ।

**५. डिजिटल अभिलेखीकरण र प्रविधि**

- नगरका प्रमुख सम्पदाहरूको सङ्क्षिप्त परिचय, भिडियो र इतिहास समेटिएको मोबाइल एप र क्युआर कोड (QR Code) निर्माण गरिनेछ ।
- मन्दिर, द्योछेँ, देवालय, शिवालय, बहाबही, चोक, ननी, पाटी र ढुङ्गेधाराहरूको डिजिटल अभिलेखीकरण गरी भविष्यका लागि सुरक्षित राखिनेछ ।

नगरपालिकाले सम्पदा पुन:निर्माण तथा संस्कृति संरक्षणका लागि नगरपालिकाले आगामी वर्ष कुल ७ करोड ९० लाख रूपैयाँ विनियोजन गरेको छ ।

**कृषि** :

भक्तपुर नगरपालिकाले कृषि क्षेत्रको लागि आगामी आ.व. मा विभिन्न कार्यक्रम र बजेट प्रस्ताव गरेको छ :-

**१. पूर्वाधार विकास र बजारीकरण**

- भक्तपुर नगरपालिका वडा नं. ८, लिबालीमा निर्माणाधीन शीतभण्डार ( Cold Storage) को निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।
- वडा नं. ५ मा निर्माण भएको तरकारी बजारलाई सञ्चालनमा ल्याइनेछ र स्थानीय कृषि उत्पादनको प्रवर्द्धनका लागि समय समयमा कृषि उत्पादन मेला तथा 'सस्तो बजार' आयोजना गरिनेछ ।

**२. सहुलियत र अनुदान**

- नगरपालिकाद्वारा सञ्चालित प्राङ्गारिक मल उत्पादन केन्द्रबाट उत्पादित कम्पोस्ट मल र कृषि चुन नगरबासी किसानहरूलाई सहुलियत दरमा बिक्री वितरण गरिनेछ ।
- परिचय पत्र प्राप्त सूचिकृत किसानहरूलाई उद्यमशीलताका लागि सहुलियत ब्याजदरमा 'कृषि ऋण' उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

**३. प्राङ्गारिक खेती र वातावरण संरक्षण**

- रासायनिक मल र विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक खेतीलाई प्रोत्साहन दिइनेछ । यसका लागि किसानहरूलाई जैविक मल र जैविक विषादी बनाउने तथा प्रयोग गर्नेसम्बन्धी अभिमुखीकरण र तालिम प्रदान गरिनेछ ।
- किसानहरूका लागि उन्नत बीउबिजनको प्रयोग, आधुनिक कृषि अभ्यास र माटो परीक्षणसम्बन्धी विशेषज्ञहरूबाट तालिमको व्यवस्था मिलाइनेछ ।

**४. संस्थागत सहयोग र अध्ययन**

- कृषि क्षेत्रमा अध्ययन-अनुसन्धान गर्न चाहने विद्यार्थीहरूलाई नगरपालिकाले अनुसन्धान वृत्ति (Research Fellowship) प्रदान गर्ने नीति लिएको छ ।
- सहकारी संस्थाहरूलाई कृषिजस्ता उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

यी कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

**भौतिक पूर्वाधार निर्माण**

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि भौतिक पूर्वाधार निर्माणमा ३५ करोड अर्थात् १३.७२ प्रतिशत विनियोजन गरेको छ । नगरपालिकाको गौरवका आयोजनाहरू र वडास्तरका योजनाहरूलाई समेटेर तयार पारिएको भौतिक पूर्वाधारतर्फको विवरण यहाँ प्रस्तुत छ :

- वडा नं ६ स्थित देकोचामा अरनिको सभाभवन निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाउन १५ करोड २५ लाख रकम विनियोजन गरिएको छ ।
- हनुमन्ते र कासन खोला सुधार योजनाअन्तर्गत खोलाको दुवैतर्फ टेवा पर्खाल (Retaining Wall) निर्माण र ब्रह्मायणीदेखि महेश्वरीसम्मको खोला किनारमा करिडोर निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।
- लिबाली आवास योजना र देको-मिवा-इतापाके आवास योजना क्षेत्रका बाँकी सडकहरूमा नाली निर्माण र कालोपत्रे (Blacktop) गर्ने कार्य गरिनेछ । यस्तै, कमलविनायकदेखि खरिपाटी व्यारेकसम्मको सडक स्तरोन्नति गरिनेछ ।
- कयतामरु घाटमा पुल निर्माण गरी ल्योसिङ्ख्योदेखि अरनिको राजमार्गसम्म सहज पहुँच पुऱ्याइनेछ ।
- वडा नं १ को तकोकिवा बहुउद्देश्यीय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा नं ५ स्थित पसीखेलमा पार्किङ क्षेत्र सञ्चालनमा ल्याइनेछ र अन्य उपयुक्त स्थानहरूमा पनि पार्किङ पूर्वाधार निर्माण गरिनेछ ।
- देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजनाअन्तर्गत बाँकी रहेका भौतिक पूर्वाधारहरू (सडक, ढल र बिजुली) निर्माण कार्य गर्न सहजीकरण गरिनेछ ।
- नगरका विभिन्न वडाहरूमा ढल निकास र खानेपानी पाइपलाइन विस्तारका लागि एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**पर्यटन प्रवर्द्धन :**

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्षका लागि पर्यटन प्रवर्द्धन गर्न कुल ३ करोड ८० लाख रूपैयाँ विनियोजन गरेको छ :-

- भक्तपुरलाई पर्यटनको आकर्षण केन्द्र बनाउन इतिहास र संस्कृतिका विज्ञहरूको प्रतिनिधित्व रहने गरी एक 'सम्भाव्यता अध्ययन समिति' गठन गरिनेछ । यस समितिले अल्पकालीन र दीर्घकालीन पर्यटन योजनाहरू निर्माण गर्नेछ ।
- नगरको पर्यटन प्रवर्द्धनका लागि भक्तपुर पर्यटन विकास समिति, होटल एसोसिएसन अफ भक्तपुर, ट्राभल एजेन्सीहरू र डिजिटल सामग्री सिर्जनाकर्ता (Content Creators) सँग समन्वय र सहकार्य गरिनेछ ।
- पर्यटकहरूको आकर्षणका लागि समय-समयमा विभिन्न उत्सव, मेला, सन्ध्याकालीन पदयात्रा र सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिनेछ ।
- भाज्या पुखु, न्हु पुखु (रानीपोखरी) र बाहारे पुखु (कमलविनायक पोखरी) जस्ता ऐतिहासिक पोखरीहरूमा स्थानीय तथा घरेलु उत्पादन र सांस्कृतिक गतिविधिसहितका मेलाहरू सञ्चालन गरिनेछ । नपुखुमा 'वाटर साइक्लिङ' (Water Cycling) सेवा सुरु गरिनेछ ।
- सम्पदा क्षेत्रमा रात्रिकालीन बत्ती र सीसी क्यामेराको व्यवस्था गरी रात्रिकालीन पर्यटनलाई प्रवर्द्धन गरिनेछ । यसका लागि १ करोड रूपैयाँ विनियोजन गरिएको छ ।
- नगरका मुख्य नाकाहरूमा पर्यटक सूचना केन्द्रहरू स्थापना गरिनेछ र डिजिटल माध्यमबाट (मोबाइल एप, क्युआर कोड) सम्पदाहरूको जानकारी उपलब्ध गराइनेछ ।
- पर्यटनलाई स्थानीय जनजीविकासँग जोड्न होमस्टे (Homestay), फ्यामिली स्टे र टुर गाइड (Tour Guide) तालिमहरू सञ्चालन गरिनेछ ।
- भादगाउँले टोपी, ताइच्युन चिउरा, जुजु धौ र मौलिक काष्ठकलाको संरक्षण तथा प्रवर्द्धनका लागि वाग्मती प्रदेश सरकारसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन** :

भक्तपुर नगरको वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन शीर्षकमा २३ करोड १५ लाख ८० हजार अर्थात् ९.०१ प्रतिशत रकम विनियोजन गरिएको छ ।

- नगरका सम्पदा क्षेत्र, खुला क्षेत्र, खोला र पोखरीहरूको नियमित सरसफाइका लागि जनप्रतिनिधि र कर्मचारीहरूको नेतृत्वमा स्थानीय जनताको सहभागितामा सञ्चालित पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- 'एक सहकारी, एक क्षेत्र सरसफाइ' नीतिअन्तर्गत सहकारी संस्थाहरूलाई पनि सरसफाइ अभियानमा सक्रिय रूपमा परिचालन गरिनेछ ।
- नगरका मुख्य नाकाहरूमा हरियाली व्यवस्थापन र सरसफाइलाई विशेष प्राथमिकता दिइनेछ ।
- नगरको ढल निकास व्यवस्थापनमा सुधार गर्न र आवश्यक पूर्वाधार निर्माण गर्न सरोकारवाला सरकारी निकायहरूसँग समन्वय गरिनेछ ।
- आधुनिक प्रविधिको प्रयोग गरी कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गर्ने कार्यलाई तीव्रता दिइनेछ । सिलखे प्राङ्गारिक मल पूर्वाधार निर्माणका लागि २ करोड रूपैयाँ विनियोजन गरिएको छ ।
- नकुहिने फोहोरका लागि 3R (Reuse, Recycle, Reduce) विधिको प्रयोग गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गरिनेछ ।
- वातावरणीय प्रदूषण घटाउन प्लास्टिकका झोला तथा प्लास्टिकजन्य सामग्रीहरूको प्रयोगमा न्यूनीकरण गरिनेछ ।
- नगरलाई ध्वनि र वायु प्रदूषणमुक्त बनाउन साइकल यात्रालाई प्रोत्साहनको साथै नाका नाकामा साइकल स्टायन्डको व्यवस्था गरिनेछ र मुख्य सडकहरूमा भारी सवारी साधन प्रवेशमा क्रमश: निषेध गरी पैदलयात्रीमैत्री बनाइनेछ ।
- बिजुली, टेलिफोन र इन्टरनेटका अव्यवस्थित तारहरूलाई हटाएर भूमिगत तार व्यवस्थापन (Underground Cabling) कार्यलाई शीघ्र सम्पन्न गरिनेछ ।
- नगरका विभिन्न स्थानमा आकर्षक पार्कहरू निर्माण गरिनेछ र सम्पदा स्थलहरूमा फूलका गमलाहरू राखेर सौन्दर्यीकरण गरिनेछ ।

**खेलकुद** :

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि खेलकुद क्षेत्रलाई शिक्षासँगै जोडेर लैजाने नीति लिएको छ । नगरका युवा तथा विद्यार्थीहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद विकास र पूर्वाधार निर्माणमा ३ करोड ७५ लाख रकम विनियोजन गरिएको छ ।

- भक्तपुर नगरपालिका वडा नं. २ मा रहेको सहिद स्मृति खेल मैदान र वडा नं. ७ मा रहेको महेश्वरी खेल मैदानको स्तरवृद्धि तथा सुदृढीकरण गरिनेछ । नगरको उपयुक्त स्थानमा कभर्ड हल र फुटसल मैदान निर्माणका लागि आवश्यक तयारी र बजेटको व्यवस्था गरिएको छ ।
- नगरको उपयुक्त स्थानमा पौडी पोखरी निर्माण गरिनेछ र बालबालिकाहरूका लागि पौडी प्रशिक्षण केन्द्रको रूपमा विकास गरिनेछ । वडा-वडामा रहेका खुल्ला व्यायामशाला (Open Gym) हरूलाई थप व्यवस्थित बनाउँदै विद्यालय स्तरसम्म विस्तार गरिनेछ ।
- नियमित रूपमा खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्न विभिन्न खेलका लागि नियमित प्रशिक्षणको व्यवस्था मिलाइनेछ । विद्यालयका खेल शिक्षकहरूलाई व्यावसायिक क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम प्रदान गरिनेछ ।
- नगरपालिकाले आगामी वर्षदेखि खेलाडीहरूको बीमा गर्ने कार्य आरम्भ गर्ने नीति लिएको छ ।
- अपाङ्गता भएका नगरवासीहरूका लागि उनीहरूको क्षमताअनुसारको खेलकुद र अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- स्थानीय खेलकुद समिति, टीम-क्लब, पुस्तकालय र वाचनालयहरूलाई परिचालन गरी वडा र नगर स्तरमा खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- विद्यालयहरूमा खेलकुद प्रशिक्षकको व्यवस्था गरी विद्यार्थीहरूलाई सानै उमेरदेखि खेलप्रति रुचि जगाउने कार्यक्रम ल्याइनेछ ।

**विविध योजना तथा कार्यक्रमहरू**

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विविध योजना तथा कार्यक्रमअन्तर्गत प्रशासनिक सुधार, प्रविधिमैत्री सेवा, विपद् व्यवस्थापन र सामाजिक उत्तरदायित्वका क्षेत्रमा निम्न कार्यहरू अगाडि बढाउने प्रस्ताव गरेको छ :

**१. सार्वजनिक जग्गा संरक्षण र औद्योगिक विकास**

- नगरपालिकाभित्र रहेका पर्ती तथा सार्वजनिक जग्गाहरूको अभिलेखीकरण गरी तिनको संरक्षण र सामूहिक हितमा उपयोग गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- भक्तपुर नगरपालिका वडा नं. २, सानो ब्यासीस्थित भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला र घरेलु उत्पादनमा आधारित 'औद्योगिक ग्राम' को रूपमा विकास गर्न पहल गरिनेछ । भक्तपुर क्राफ्ट उद्योग सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**२. डिजिटल सेवा र सुशासन**

- नगरका महत्त्वपूर्ण पर्यटकीय स्थल र सम्पदा क्षेत्रहरूमा नि:शुल्क वाइफाइ (Free Wi-Fi) को व्यवस्था मिलाइनेछ ।
- नगरवासीको सुविधाका लागि अनलाइन कर सङ्कलन र अनलाइन नक्सा पास प्रक्रियाको थालनी गरिनेछ । कर टोलीहरू परिचालन गरी घरदैलोमै कर सङ्कलन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- परम्परागत प्रविधिको संरक्षण गर्न माटो जोडाइका घर निर्माणको नक्सा पास प्रक्रियालाई सहज बनाइने र नक्सा पास दस्तुरमा छुट दिने नीति लिइएको छ ।

**३. विपद् व्यवस्थापन र राहत**

- विपद्को समयमा जनतालाई सुरक्षित राख्न, उद्धार र पुन:स्थापनाका लागि 'प्रकोप व्यवस्थापन कोष' लाई सुदृढ बनाइनेछ । यसका लागि ४० लाख बजेट विनियोजन गरिएको छ ।
- युवा स्वयम्सेवक टोलीहरू गठन गरी उनीहरूलाई आगलागी, बाढी र पहिरोजस्ता विपद् प्रतिकार्यसम्बन्धी तालिम प्रदान गरिनेछ ।

**४. बजार अनुगमन र सहरी व्यवस्थापन**

- उपभोक्ताको हित संरक्षणका लागि बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ । व्यवसायीहरूको ढक-तराजु नवीकरण गर्ने व्यवस्था नगरपालिकाबाटै मिलाइनेछ ।
- छाडा कुकुर तथा चौपाया नियन्त्रण र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरमा अस्थायी बसोबास गर्ने र डेरामा बस्ने व्यक्तिहरूको तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गरिनेछ ।

**५. प्रशासनिक सुधार र कर्मचारी व्यवस्थापन**

- नगरपालिकाको सेवालाई चुस्त र सेवाग्राहीमैत्री बनाउन कर्मचारीहरूको कार्यमूल्याङ्कनका आधारमा 'दण्ड र पुरस्कार' को व्यवस्था गरिनेछ ।
- कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न नियमित तालिमहरू सञ्चालन गरिनेछ ।

**६. विविध**

- २०७२ सालको भूकम्प पीडितहरूलाई भग्नावशेष व्यवस्थापन र नक्सा पास प्रक्रियामा सहजीकरण गरिनेछ ।
- नगरपालिकाका लागि आवश्यक जग्गा खरिद र सार्वजनिक भवनहरूको मर्मत सम्भारका लागि बजेटको व्यवस्था गरिएको छ ।

बजेटको सफलता यसको प्रभावकारी कार्यान्वयनमा भर पर्छ । स्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धिहरू हासिल गर्न र नगरवासीहरूलाई गुणस्तरीय सेवा-सुविधा उपलब्ध गराउन सकिन्छ । त्यसैले, लक्ष्यअनुसारको राजस्व सङ्कलन हुनु अनिवार्य छ । म यसै गरिमामय सभा र बजेट वक्तव्यमार्फत भक्तपुर नगरपालिकाका समस्त करदाता महानुभावहरूमा समयमै तोकिएको कर तिरी जिम्मेवार नागरिकको परिचय दिन र नगरको विकास र सेवा-सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु ।

नगरपालिकाको सीमित स्रोत र साधनको अधिकतम उपयोग गरी बजेट तयार गर्दा नगरवासीका सबै चाहना र आवश्यकताहरू एकैपटक सम्बोधन गर्न सम्भव हुँदैन । त्यसैले, हामीले प्राथमिकता र आवश्यकताका आधारमा स्रोत र साधनको उपलब्धतालाई मध्यनजर गर्दै यो बजेट तथा कार्यक्रम तयार पारेका छौं ।

बजेट तर्जुमासँगै यसको सफल कार्यान्वयन अर्को महत्त्वपूर्ण पाटो हो । योजना तथा कार्यक्रमहरू समयमै र प्रभावकारी रूपमा सञ्चालन हुन सकेमा मात्र बजेटले लिएको उद्देश्य पूरा हुनेछ । त्यसैले, यो बजेटको पूर्ण र सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षलाई म हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यहरू, सञ्चार जगत्, नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारी मित्रहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । भक्तपुरको विकास प्रक्रियामा निरन्तर सहयोग उपलब्ध गराउने नेपाल सरकार, वाग्मती प्रदेश सरकार, सरोकारवाला सहयोगी सङ्घ-संस्थाहरू र वडा एवं नगरस्तरीय सुझाव सङ्कलन कार्यक्रममा सहभागी भई महत्त्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण नगरवासीहरूप्रति भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

आगामी दिनमा पनि भक्तपुरको सर्वाङ्गीण विकासका लागि यहाँहरूको साथ, सहयोग र सद्भाव निरन्तर रहने विश्वासका साथ म यो बजेट वक्तव्य यहीं समापन गर्दछु ।

***(भनपाका उपप्रमुख रजनी जोशीले पेस गर्नुभएको बजेट-सं.)***

# स्वास्थ्य सेवामा प्राविधिक ज्ञानसँगै मानवीय संवेदनशीलता र सेवाभाव उत्तिकै महत्त्वपूर्ण

भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङ सङ्कायको २३ औँ ब्याचमा नयाँ भर्ना भएका नर्सिङ प्रथम वर्षका विद्यार्थीलाई लक्षित गरी अभिमुखीकरण कार्यक्रम असार ११ गते सम्पन्न भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नर्सिङ अध्ययन गर्ने विद्यार्थीले मनैदेखि बिरामीको सेवा गर्ने भावना विकास गर्नुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले नर्सहरूको शिष्ट व्यवहार, नम्र बोली र सेवामुखी सोचले बिरामीहरू खुसी हुने तथा अस्पताल र स्वास्थ्य संस्थाप्रति जनविश्वास बढ्ने बताउँदै स्वास्थ्य सेवामा प्राविधिक ज्ञानसँगै मानवीय संवेदनशीलता र सेवाभाव उत्तिकै महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

उहाँले नर्सिङ कलेज भक्तपुरका जनताको लामो र कठिन सङ्घर्षको परिणामस्वरूप स्थापना भएको स्मरण गराउँदै यहाँ अध्ययन गर्ने विद्यार्थीले योग्य र जिम्मेवार नर्स बनेर समाजको सेवा गर्नुपर्ने बताउनुभयो । "तपाईंहरू राम्रो नर्स बनेर जनताको सेवा गर्न सक्नुभयो भने त्यसले भक्तपुरका जनतालाई खुसी र गौरवान्वित बनाउनेछ," उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले कुनै पनि काम सहज नहुने भन्दै अध्ययन र पेसागत जीवनमा विभिन्न चुनौती तथा अप्ठेरा अवस्थाहरू आउने उल्लेख गर्दै यस्ता कठिन परिस्थितिमा निराश नभई आत्मविश्वासका साथ अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले देश र समाजको विकास अरू कसैले गरिदिने नभई हामी आफैले जिम्मेवारीबोधका साथ काम गरेर सम्भव हुने बताउँदै देश र समाज बनाउने जिम्मेवारी हाम्रो आफ्नै हो भन्ने भावना लिएर काम गर्नुपर्छ भन्नुभयो ।

आत्मनिर्भरता नै सम्मानपूर्ण जीवन र समुन्नत समाज निर्माणको आधार भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले सीप, ज्ञान र मेहनतका माध्यमबाट आत्मनिर्भर बन्न विद्यार्थीलाई आग्रह गर्नुभयो । उहाँले विदेशीको सेवा गर्ने उद्देश्यले मात्र अध्ययन नगरी आफ्नै देश, आफ्नै माटो र आफ्नै समुदायको सेवा गर्ने भावनाका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले नर्सिङ पेसा केवल रोजगारीको माध्यम नभई मानव सेवाको उत्कृष्ट क्षेत्र भएकाले विद्यार्थीले अनुशासन, लगनशीलता र सेवाभावलाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य डा. रत्नसुन्दर लासिवाले विद्यार्थीहरू संस्थाका वास्तविक राजदूत भएको उल्लेख गर्दै नर्सिङ शिक्षामा प्राविधिक दक्षतासँगै व्यवहारिक ज्ञान र सकारात्मक आचरणको पनि उत्तिकै महत्त्व रहेको बताउनुभयो । अध्ययनको क्रममा कुनै समस्या वा जिज्ञासा उत्पन्न भए लुकाएर नराखी सम्बन्धित निकाय वा शिक्षकसँग खुलस्त रूपमा राख्न उहाँले सुझाव दिनुभयो ।

नर्सिङ विभाग प्रमुख ईश्वरी डंगोलले नर्सिङ पेसामा सेवाभावसँगै अनुशासन, नैतिक आचरण तथा प्रभावकारी सञ्चार सीप अपरिहार्य हुने बताउनुभयो । उहाँले सैद्धान्तिक अध्ययनपछि प्रयोगात्मक अभ्यासका लागि विभिन्न अस्पतालमा जानुपर्ने भएकाले विद्यार्थीलाई कलेजमा नियमित उपस्थित भई अध्ययनमा सक्रिय रहन आग्रह गर्नुभयो ।

कार्यक्रममा शिक्षिका मुना लवजुले पनि बोल्नुभएको थियो ।

---

**विश्वव्यापी...**

केही ठुला शक्तिहरूले आफ्नो स्वार्थअनुकूल अन्तर्राष्ट्रिय सन्धिहरूबाट बाहिरिने, सुरक्षा परिषद्का प्रस्तावहरू रोक्ने र विश्व व्यापार सङ्गठनजस्ता निकायहरूलाई पङ्गु बनाउने कार्यले बहुपक्षीयताको जग खलबलिएको चीनको बुझाइ छ । तसर्थ, जीजीआईले दोहोरो मापदण्डको अन्त्य गरी अन्तर्राष्ट्रिय कानुनको समान र सार्वभौम प्रयोगमा जोड दिन्छ ।

यस पहलले उदीयमान क्षेत्रहरू जस्तै कृत्रिम बुद्धिमत्ता (एआई), अन्तरिक्ष, गहिरो समुद्र र साइबर सुरक्षामा पनि कानुनी रिक्तता पूर्ति गर्न नयाँ नियमहरूको निर्माणमा जोड दिएको छ । त्यस्ता नियमले यी क्षेत्रहरूलाई शक्ति सङ्घर्षको अखडाको साटो मानव कल्याणका साझा सम्पत्ति बनाउन योगदान गर्नेछन् ।

आर्थिक दृष्टिकोणबाट हेर्दा चिनियाँ पहलले ग्लोबल साउथ अर्थात् विकासोन्मुख राष्ट्रहरूको आवाज र प्रतिनिधित्वलाई सशक्त बनाउन खोजेको छ । श्वेतपत्रले प्रस्तुत गरेको तथ्याङ्कअनुसार, हाल ग्लोबल साउथले विश्व अर्थतन्त्रको ६० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ र विश्वव्यापी आर्थिक वृद्धिमा ८० प्रतिशत योगदान पुऱ्याउँदै आएको छ ।

यति हुँदाहुँदै पनि अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) र विश्व बैङ्कजस्ता संस्थाहरूमा यी देशहरूको कोटा र निर्णय प्रक्रियामा प्रतिनिधित्व न्यून छ । जीजीआईले यो ऐतिहासिक अन्यायलाई सच्याउन खोजेको छ ।

ब्रिक्स र शाङ्हाई सहयोग सङ्गठन (एससीओ) जस्ता संस्थाहरूको विस्तारमार्फत चीनले विश्वव्यापी आर्थिक शासनलाई थप समावेशी र सन्तुलित बनाउने प्रयास गरिरहेको छ । यसले केन्द्र र परिधिको पुरानो संरचनालाई भत्काएर विकासोन्मुख देशहरूलाई पनि विश्वव्यापी विकासको फल समान रूपमा उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

चीनको यो पहल सिद्धान्तमा मात्र सीमित छैन । यसले वास्तविक कार्यमा पनि जोड दिएको छ । बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) मार्फत चीनले १५० भन्दा बढी देश र ३० अन्तर्राष्ट्रिय सङ्गठनहरूसँग पूर्वाधार विकासमा सहकार्य गरिसकेको छ ।

चीन-युरोप रेल लिंकले १ लाख ३० हजारभन्दा बढीपटक यात्रा गरिसक्नु र २३ अर्ब डलरभन्दा बढीको विकास कोष परिचालन हुनुले चीनको सक्रियतालाई पुष्टि गर्छ । जीजीआईले गरिबी निवारण, सार्वजनिक स्वास्थ्य सुरक्षा र डिजिटल विभेद अन्त्य गर्न ठोस कदमहरू अघि सारेको छ ।

ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जीडीआई) अन्तर्गत १ हजार ८ सयभन्दा बढी सहकार्यका आयोजनाहरू सुरु हुनु र ८० हजार मानिसलाई तालिम प्रदान गर्नुले चीनले विश्वव्यापी विकास एजेन्डालाई कसरी व्यवहारमा उतार्न खोजिरहेको छ भन्ने प्रस्ट पार्छ ।

यसले विकासलाई अन्तर्राष्ट्रिय एजेन्डाको केन्द्रमा राख्दै सन् २०३० सम्मका दिगो विकास लक्ष्यहरू प्राप्त गर्न ग्लोबल नर्थ र ग्लोबल साउथबीचको खाडल पुर्न सेतुको काम गर्न खोजेको छ ।

सुरक्षाको सन्दर्भमा जीजीआईले अविभाज्य सुरक्षाको अवधारणा अघि सारेको छ । अरुको सुरक्षाको मूल्यमा आफ्नो सुरक्षा खोज्ने प्रवृत्तिले विश्वमा अशान्ति निम्त्याएको चीनको तर्क छ । ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) मार्फत चीनले साउदी अरब र इरानबीचको ऐतिहासिक मेलमिलाप गराउनु, म्यानमारमा युद्धविरामका लागि भूमिका खेल्नु र प्यालेस्टिनी गुटहरूबीच पेइचिङ घोषणापत्रमार्फत एकताको पहल गर्नु यसका प्रत्यक्ष उदाहरण हुन् ।

चीनले आणविक हतियारको पहिलो प्रयोग नगर्ने (नो-फर्स्ट-युज) प्रतिबद्धता र आणविक अस्त्रको प्रसार रोक्न पाँच आणविक शक्ति सम्पन्न राष्ट्रहरूबीचको साझा विज्ञप्तिलाई बढावा दिएर सामरिक स्थिरता कायम गर्न खोजेको छ । यस पहलले आतङ्कवाद, साइबर अपराध र जैविक सुरक्षाजस्ता गैरपरम्परागत सुरक्षा चुनौतीविरुद्ध पनि सामूहिक सुरक्षा कवच निर्माण गर्ने लक्ष्य राखेको छ ।

जलवायु परिवर्तन र वातावरणीय शासनमा पनि जीजीआईले नेतृत्वदायी भूमिका खेल्न खोजेको छ । चीनले सन् २०३० भन्दा अघि कार्बन उत्सर्जनको उच्चतम विन्दुमा पुग्ने र सन् २०६० सम्ममा कार्बन तटस्थता हासिल गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य लिएको छ ।

श्वेतपत्रअनुसार, चीनले विश्वको नवीकरणीय ऊर्जा प्रणालीको सबैभन्दा ठुलो हिस्सा निर्माण गरेको छ । विश्वका ७० प्रतिशत वायु ऊर्जा उपकरण र ८० प्रतिशत फोटोभोल्टाइक प्यानल चीनले आपूर्ति गर्छ ।

जीजीआईले जलवायु वित्त र हरित प्रविधि हस्तान्तरणमार्फत विकासोन्मुख देशहरूको क्षमता अभिवृद्धि गर्न खोजेको छ । हरित रेशम मार्गको अवधारणाले विकास र वातावरणबीच सन्तुलन कायम गर्दै पृथ्वीलाई मानव जातिको साझा र सुरक्षित घर बनाउने लक्ष्य राखेको छ ।

सांस्कृतिक अधिकार र मानव अधिकारको क्षेत्रमा जीजीआईले सभ्यताहरूको संवादमा जोड दिएको छ । ग्लोबल सिभिलाइजेसन इनिसिएटिभ (जीएसआई) मार्फत चीनले एउटै मात्र राजनीतिक मोडल वा मूल्य प्रणालीलाई अरुमाथि थोपर्ने प्रवृत्तिको विरोध गरेको छ ।

विश्वव्यापी शासन पहलहरू कार्यान्वयन गर्ने सबैभन्दा आधारभूत पक्ष भनेको संयुक्त राष्ट्र सङ्घको अधिकार र हैसियतलाई दृढतापूर्वक कायम राख्नु हो । विश्वव्यापी शासन पहलहरूको सार संयुक्त राष्ट्र सङ्घको बडापत्रको उद्देश्य र सिद्धान्तहरूसँग मेल खान्छ, बहुपक्षीयतालाई समर्थन गर्ने र संयुक्त राष्ट्र सङ्घको अधिकारलाई पुनर्जीवित गर्ने विशाल बहुमत देशहरूको साझा अपेक्षासँग मेल खान्छ ।

हाल ग्लोबल साउथको सामूहिक उदय हाम्रो समयको अपरिवर्तनीय प्रवृत्ति हो, तर यो लामो समयदेखि विश्वव्यापी शासनमा सीमान्तकृत छ ।

दक्षिणको आवाज सुन्ने, यसको उपस्थिति विस्तार गर्ने, यसको अधिकार र हितको रक्षा गर्ने, उत्तर-दक्षिण असन्तुलनलाई सम्बोधन गर्ने कुराहरू अझ न्यायपूर्ण र समतामूलक विश्वव्यापी शासन प्रणाली निर्माण गर्न आवश्यक छ ।

---

**राष्ट्रिय...**

ज्वाला सङ्ग्रौला, हेमराज थापा, विमल पन्त, खेमराज साउद, पुरुषोत्तम यादव, अमनप्रताप अधिकारी, विवेक थपलिया, सिसन बानिया, आशिका तामाङ, असिममान बस्नेत, भाग्य न्यौपाने, टङ्क दाहाल, भिक्टर पौडेल, अङ्कित मल्ल, उमेश बोहरा, शिव यादव, विनोद देउवा, सरु सुनुवार, भीम उपाध्याय, रवि किरण हमाल, हरि ढकाल, निश्चल बस्नेत, सुशीला कार्की, ओम प्रकाश अर्याल, गौरीबहादुर कार्की, पशुपति खड्का, दुर्गा प्रसाई, ऊर्जा बराल, जेरी ताम्राकार, हेमसागर विद्रोही, वुद्ध छिरिङ, सन्तोष राजावादी, अमित खनाल, दीपक देवकोटा, गौरव बराल, हिमानी राज्य लक्ष्मी सिंह, निशान मैनालीसमेतका व्यक्तिहरूले प्रदर्शनपूर्व, प्रदर्शनका दौरान र प्रदर्शनपश्चात् जेनजी प्रदर्शनका सम्बन्धमा अभिव्यक्ति दिएको देखिन्छ । उनीहरूको अभिव्यक्तिले प्रदर्शनलाई उत्तेजित बनाउन भूमिका खेलेको भन्ने विभिन्न कोणबाट टीकाटिप्पणीसमेत भएको हुँदा भदौ २३ र २४ गतेको घटनामा भएको मानवीय र भौतिक क्षतिसमेतका कार्यमा निजहरूको संलग्नता रहे नरहेको, निजहरूको अभिव्यक्तिबाट प्रदर्शनकारीहरू आक्रोशित र उत्तेजित भई कुनै असर र प्रभाव परे नपरेको, सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पुग्ने काम भए नभएको वा सोको दुरुत्साहन भए नभएको सम्बन्धमा थप अनुसन्धान आवश्यक देखिन्छ ।

- सो दिन साँझ १० बजेसम्म सुरक्षा निकायहरूसहित राज्यका सम्पूर्ण निकाय निस्तेज, प्रभावहीन र निष्कृय रहे । त्यस्तो अवस्थामा सुरक्षा शून्यता (Security Vaccum) र कानुन तथा व्यवस्था विघटन (Law and Order Breakdown) समेत भइ नेपाली जनताका धेरै हक अधिकार हनन हुन पुगेको सहजै देखिन्छ ।
- भदौ २३ गते काठमाडौँका प्रमुख जिल्ला अधिकारीले सेनाको सहयोग माग गरे । तर, व्यवहारत: त्यस्तो सहयोग नभएको सो दिनको परिस्थितिबाट देखिन्छ । २४ गते संसद् भवन बानेश्वर, पुरातात्त्विक महत्त्वको सिंहदरबार, नेपाली सेनाका परमाधिपतिसमेत रहेका राष्ट्रपति निवास, सर्वोच्च अदालतलगायत देशैभरिका सरकारी कार्यालय भवनहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ता, सरकारी कर्मचारीहरूको निवास, निजी व्यवसायिक भवनहरूलगायतमा तोडफोड आगजनी भइरहँदा सबै सुरक्षा निकाय मूकदर्शक बनिरह्यो । नेपाली सेना व्यारेक बाहिरमात्र निस्किएको भए यति धेरै नोक्सान पुग्ने गरी यो तहको तोडफोड, आगजनीका घटनाहरू हुने थिएनन् ।
- ७६ जनाको ज्यान जाँदा र राज्यका मुख्यमुख्य संरचना तथा देशकै ठुला व्यापारिक प्रतिष्ठानहरूमा आगजनी गरी नष्ट पारिसक्दासमेत कहीँकतैबाट राज्य वा सरकारको आभास भएन । भदौ २४ गते राति १० बजेबाट सेना परिचालन भएको देखिन्छ । तर, त्यसरी सेना परिचालन हुँदा "सरकारको यो मितिको यस्तो निर्णयका आधारमा परिचालित भएको हो" भन्ने बयानहरूमा उल्लेख भएको पाइँदैन । सिंहदरबार र राष्ट्रपति निवास सुरक्षाको लागि पहिला नै निर्णय भई खटिएको सेनाले जोगाउन सामान्य प्रयाससमेत नगरेको देखिन्छ । भदौ २३ र २४ गते "दिनभरि सरकारले निर्णय नगरेका कारण सेना परिचालन हुन नसकेको" भनिएकोमा २४ गते राति १० बजेबाट सरकारको निर्णयबिना नै परिचालित भएको अवस्था देखिँदा सेनाको भनाइमा एकरूपता देखिएन ।
- भदौ २३ गते बेलुका र २४ गते दिउँसोसम्मको सुरक्षा अवस्था विश्लेषण गर्दा नेपाली सेनाबाहेक सबै सुरक्षा संयन्त्र असफल भएको देखिएको अवस्थामा पनि मन्त्रिपरिषद्ले सेनाको सहयोग लिनेबारे कुनै निर्णय गरेको पाइँदैन । कानुनबमोजिमको दायित्व पूरा नगरी उदासीन बसेको कारण मानव अधिकारको उल्लङ्घन भएको देखिन आउँछ ।
- तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली (केपी ओली), तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन सूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङसमेतले मानव अधिकार उल्लङ्घन गरेको पुष्टि भएको हुँदा निजहरूलाई मानव अधिकार उल्लङ्घनको विषयमा सजाय गर्ने व्यवस्था हाल प्रचलनमा रहेको कुनै पनि कानुनमा नदेखिँदा मानवता र मानव अधिकारको कसुरमा पाश्चात्यदर्शी कानुन बनाएर पनि सजाय गर्न सकिने सर्वोच्च अदालतबाट (अधिवक्ता माधव बस्नेत वि. नेपाल सरकारसमेत ने.का.प. २०७२ अङ्क ९ नि.नं.९०५१) मुद्दामा सिद्धान्त प्रतिपादन भइसकेको हुँदा नयाँ कानुन निर्माण गर्नुपर्ने देखिन आयो ।

---

**एकक्षण** | प्रधान

## सम्पत्ति अहिलेसम्म नबुझाउने प्रम र मन्त्रीहरूको विवरणमा

'पूर्वप्रधानमन्त्री र मन्त्रीले अझै बुझाएनन् सम्पत्ति विवरण' शीर्षक र तस्बिरअनुसार केपी ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल, बाबुराम भट्टराई, माधवकुमार नेपाल, झलनाथ खनाल र सुशीला कार्की ७ जनामध्ये ५ जना 'आर्य' दुई जना 'खस' थिए । *('राजधानी' - ६ असार, २०८३)*

**कृषिमा सरकारको योगदान खोइ ?**

सबैलाई थाहै भएको विषय हो, मानिसको लागि रगतजस्तै कृषिको लागि सिँचाइ र नहरहरू पनि त्यतिकै आवश्यक हुन्छ । मानिसको खानाजस्तै कृषिको विकासमा मल नभई हुँदैन । तर, व्यवहारमा नहरको निर्माणबारे साह्रै थोरै चर्चा हुन्छ सडकको तुलनामा ! किनभने, सडक निर्माणमा ठुलो बजेट छुट्याए पनि डोकोजस्तै चुहिने ठाउँ वा प्वालहरू प्रशस्त छन् । त्यसैले, शासकदेखि प्राविधिक, कर्मचारी र निर्माण व्यवसायीहरू बढी त्यत्तैतिर आकर्षित छन् ।

"१० वर्षको झन्डै दुई खर्ब कृषि अनुदान छानबिनमा', 'समितिलाई कृषि अनुदान कार्यक्रमको समीक्षा गर्दै दुरुपयोग, दोहोरो लाभ, प्रभावकारिता तथा वास्तविक लाभग्राहीको अवस्थाबारे अध्ययन गर्ने कार्यादेश, ६ महिनाभित्र प्रतिवेदन बुझाउनुपर्ने 'कृषि उपजको उत्पादनमा सुधार नभएको महालेखाको निष्कर्ष', 'एक दशकमा कहाँ गयो दुई खर्ब रुपैयाँ' *('नयाँ पत्रिका' -६ असार, २०८३)* । यसले कृषिजस्तो महत्त्वपूर्ण क्षेत्रको दयनीय हालत दर्शाउँछ ।

यी प्रश्नहरूको उत्तर पाउन प्रधानमन्त्री, कृषिमन्त्री, मन्त्रालय र विभागका 'नाइकेहरू' माथि नै छानबिन आवश्यक छ । निष्पक्ष छानबिन भएमा सबै अपराध र अपराधीहरू खुल्नेछन् । तर, कारबाही गर्नुभन्दा पहिले तिनीहरूका राहदानीहरू सरकारको कब्जामा आइसक्नुपर्ने छ ।

**न्याय व्यवस्था नै शासनको तस्बिर**

६ असार, २०८३ को 'कान्तिपुर' ले लेख्यो - 'सर्वोच्चमा न्यायको जाम, २७ हजार मुद्दाको चाङ', 'न्यायाधीश अभाव, कानुन व्यवसायीले बारम्बार पेसी सार्ने प्रवृत्ति, मुद्दाका पक्ष-विपक्ष धेरै हुने, मिसिल कागज समयमा नआइपुग्ने कतिपय अवस्थामा न्यायाधीशले राजनीतिक रूपमा संवेदनशील मुद्दा हेर्न नचाहनेजस्ता कारणले मुद्दा सुनुवाइ सुस्त ।' के यही हो न्याय व्यवस्थाको तस्बिर !

**भेनेजुयला र इरानका जनतामाथि नेपाली जनताको सहानुभूति र समर्थन**

सरा अमेरिका संसारका विभिन्न देशका जनता र सरकारहरूलाई तर्साउने राज्यको रुपमा बदनाम छ । संरा अमेरिकाले दक्षिण अमेरिकी देश भेनेजुयलामा ६ महिनाअगाडि मध्यरातमा देशभरि बत्ती निभाएर अचानक हमला गरी राष्ट्रपति मादुरो र श्रीमती मादुरोलाई समेत अपहरण गरेको थियो । आजसम्म पनि मादुरो दम्पतीलाई संरा अमेरिकामै बन्दी बनाउँदै एक सार्वभौम देशमाथि ठुलो अपराध गर्दै छ । सामाजिक जीवनमा भए त्यस्ता घटनालाई ठुलो अपराध मानिन्छ । उक्त हमला अमेरिकी राष्ट्रपतिकै अगुवाइमा भएको संसारका जनताले लिएका छन् ।

संरा अमेरिकाले भेनेजुयलामा आक्रमण गर्नुको कारण हो - भेनेजुयलाको पेट्रोललाई संरा अमेरिकाकै भाउमा संरा अमेरिकालाई बेच्नुपर्ने र छिमेकी समाजवादी देशलाई बेच्न नपाउने सर्त राख्दा भेनेजुयला सरकारले अस्वीकार गर्नु । यो सार्वभौम देशको निम्ति स्वाभाविक विषय हो । यसरी संरा अमेरिकी प्रशासनले एक लुटाहाको रूपमा ६ महिनादेखि भेनेजुयलाबाट सस्तोमा पेट्रोल लुट्दै छ ।

आज पनि भेनेजुयलाली जनताले अमेरिकी लुटको विरोधमा आवाज उठाउँदै छन् । त्यस्तो दु:खका बेला ११ असारको दिन भेनेजुयलामा ठुलो भूकम्प भई ठुलो जनधनको क्षति भयो । समाचारअनुसार एक हजार ४३० जनाभन्दा बढीको मृत्यु, ५० हजारभन्दा बढी बेपत्ता छ र खोजतलास चालु छ ।

यस्तो दु:खद अवस्थामा नेपाली जनताको तर्फबाट 'श्रमिक' साप्ताहिकमार्फत सहानुभूति व्यक्त गर्दछौँ ।

**इरानमाथि संरा अमेरिकाद्वारा पुन: आक्रमण**

संरा अमेरिकी प्रशासनले फेब्रुअरीमा पहिलो आक्रमण गरेको थियो । त्यसको जवाफमा इरानी सरकार र जनताले पनि प्रत्याक्रमण गरे । ट्रम्प प्रशासनले शान्तिवार्ताको दुई पटक नाटक गऱ्यो । १३ असार २०८३ को शनिबारको राति संरा अमेरिकाले इरानको विभिन्न स्थानमा आक्रमण गऱ्यो । इरानले पनि आफ्नो सार्वभौमिक अधिकारलाई रक्षा गर्न 'इँटको जवाफ ढुङ्गाले' भनेजस्तै अमेरिकी सैनिक शिविरहरूमाथि आक्रमण गऱ्यो । इरानमाथि आक्रमण गर्ने अमेरिकी पिछलग्गूहरू - कटार, कुवेत, संयुक्त अरब इमिरेट्स (यूएई), साउदी अरेबिया र इजरायलको विरोधमा बदलाको आक्रमण गर्दै छ । संसारमा न्यायप्रेमी जनता इरानी जनताको पक्षमा छन् ।

---

**गुणस्तरीय...**

शिक्षाको सबैभन्दा तल्लो जग पूर्व प्रावि तहका शिक्षकलाई अन्य देशमा सबैभन्दा महत्त्व दिए पनि यहाँ सबभन्दा उपेक्षित रहेकोमा सरकारको ध्यान नपुगेको बताउनुभयो ।

कार्यक्रममा आयोजक शारदा मा.वि.का प्रअ रोशनराज तुइतुईको सभापतित्वमा भएको उक्त कार्यक्रममा सरस्वती विद्याग्रह मा.वि.का प्रअ गनुराज राई र दोलागिरी मा.वि.का प्रअ शिवबहादुर खुलिमुलीले विद्यार्थीलाई सजिलो बाटोभन्दा पनि कठिन बाटो रोजे भविष्य उज्ज्वल हुने सुझाव दिनुभयो । कार्यक्रममा स्वागत मन्तव्य शारदा मा.वि.का शिक्षक मैया लागेजुले राख्नुभएको थियो ।

कार्यक्रममा ३.६ भन्दा बढी जीपीए ल्याउने ७३ जना विद्यार्थी तथा ४ जीपीए ल्याउने वागीश्वरी मा.वि.की सविता श्रेष्ठ र शतप्रतिशत विद्यार्थी उत्तीर्ण गर्न सफल भुवनेश्वरी मा.वि.लाई विशेष सम्मान गरिएको थियो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३